नेपाल सरकार
**राष्ट्रिय योजना आयोगको सचिवालय**
**केन्द्रीय तथ्याङ्क विभाग**
थापाथली, काठमाडौँ

# तरकारी बाली सर्वेक्षण २०६६
# गणक निर्देशिका

TA: 7165-NEP "Technical Assistance for Strengthening Capacity of Macroeconomic Analysis"
अन्तर्गत
नेपाल सरकार र एशियाली विकास बैंकको संयुक्त आयोजना

# प्राक्कथन

केन्द्रीय तथ्याङ्क विभागले दश/दश वर्षमा गर्ने राष्ट्रिय कृषि गणनाबाट समग्र बालीको क्षेत्रफलको अनुमान प्राप्त हुने भए तापनि तरकारी बालीका विभिन्न जातअनुसारको क्षेत्रफल र उत्पादनको भरपर्दो अनुमान प्राप्त हुन नसकेको अवस्थामा तरकारी खेतीले देशको कूल गार्हस्थ उत्पादनमा पुऱ्याएको योगदानको राम्रो लेखाजोखा हुन सकेको छैन । तसर्थ कृषि क्षेत्रमा महत्वपूर्ण स्थान ओगटेको तरकारी बालीको विकासका लागि आवश्यक योजना तर्जुमा र मूल्याङ्कनका लागि आवश्यक आधार तथ्याङ्कहरू (Benchmark Statistics) प्राप्त गर्ने उद्देश्यले केन्द्रीय तथ्याङ्क विभागले तरकारी बाली सर्वेक्षण गर्न लागेको छ ।

पहिलो पटक राष्ट्रिय स्तरमा गरिन लागिएको यो सर्वेक्षण वैज्ञानिक छनोट विधिमा आधारित छ । यसबाट विभिन्न तरकारी बालीहरूको जातअनुसार क्षेत्रफल, उत्पादनलगायत रोजगार तथा चालु/पूँजीगत खर्च विवरण, आम्दानीसम्बन्धी विवरणहरू प्राप्त हुनेछन् जसले वार्षिक तथा त्रैमासिक राष्ट्रिय लेखा अनुमानका लागि आवश्यक तथ्याङ्कहरू उपलब्ध गराउनुका साथै तरकारी बाली विकाससम्बन्धी योजना निर्माणका लागि आवश्यक पर्ने तथ्याङ्क नीति निर्माता, योजनाविद् तथा उपयोगकर्ताहरूलाई समेत उपलब्ध गराउनेछ ।

यस सर्वेक्षण सञ्चालनमा सहजता, एकरूपता तथा गुणात्मकता कायम गर्नुका साथै गणक तालिममा सहयोग गर्नका लागि प्रश्नावलीको व्याख्यासहितको यो निर्देशिका तयार गरिएको छ । यो निर्देशिका तरकारी बाली सर्वेक्षणमा प्रत्यक्षरूपमा संलग्न हुने गणक एवं सुपरिवेक्षकका लागि सहयोगी हुनुका साथै सम्बन्धित सबैका लागि उपयोगी हुने विश्वास लिएको छु ।

यस गणक निर्देशिका तयार गर्ने कार्यमा संलग्न कृषि तथ्याङ्क शाखाका निर्देशक अम्बिका बस्याल, तथ्याङ्क अधिकृतहरू राजेश धिताल, वीरेन्द्र कायस्थ, रामहरि गैह्रे, मुक्तिनाथ खनाल र रञ्जु खड्का तथा तथ्याङ्क सहायकहरू किशोर के.सी. र णराज तिवारीलाई धन्यवाद दिन चाहन्छु । त्यसै गरी यो निर्देशिका तयार पार्न सहयोग गर्ने एशियाली विकास बैंकका स्थानीय परामर्शदाता श्री रमेशचन्द्र दास धन्यवादका पात्र हुनुहुन्छ । अन्त्यमा यस निर्देशिका तयार गर्ने क्रममा समग्र सुपरिवेक्षण गर्नुहुने आर्थिक तथ्याङ्क महाशाखाका उपमहानिर्देशक प्रबोधसागर ढकाल तथा परामर्शका क्रममा विशेष सहयोग गर्ने राष्ट्रिय लेखा शाखालाई समेत धन्यवाद दिन चाहन्छु ।

असोज २०६६

उत्तमनारायण मल्ल
महानिर्देशक
केन्द्रीय तथ्याङ्क विभाग

# विषय सूची

प्राक्कथन

परिच्छेद १ परिचय १

१.१ प्रारम्भिक १

१.२ सर्वेक्षणको उद्देश्य १

१.३ सर्वेक्षणको महत्व २

१.४ सर्वेक्षणको क्षेत्र (Scope) २

१.५ सर्वेक्षणको व्याप्ति (Coverage) २

१.६ तालिम र गणना कार्य ३

१.७ संकलित तथ्याङ्कको गोपनीयता ४

परिच्छेद २ गणक तथा सुपरिवेक्षकको भूमिका ५

२.१ गणकको भूमिका ५

२.२ गणकको कर्तव्य र जिम्मेवारी ५

२.३ सुपरिवेक्षकको भूमिका ६

२.४ सुपरिवेक्षकको कर्तव्य र जिम्मेवारी ६

परिच्छेद ३ लगत संकलन तथा गणना विधि ८

३.१ गणना क्षेत्र ८

३.२ सर्वेक्षण कार्यका लागि आवश्यक सामग्रीहरू ९

३.३ गणना क्षेत्रको लगत संकलन कार्य ९

३.४ अन्तर्वार्ता लिने तरिका १०

३.४.१ उत्तरदातालाई भेट्ने तरिका १०

३.४.२ उत्तरदाताको चयन १०

३.४.३ प्रश्नहरू सोध्ने तरिका १०

३.४.४ प्रश्नावली फाराममा उत्तर भर्ने तरिका ११

३.४.५ गणना कार्य गर्दा आइपर्ने समस्याको समाधान १२

३.५ भरिएका प्रश्नावलीहरूको रुजु/जाँच १३

३.६ कार्य समाप्त गरी बुझाउनुपर्ने फारामहरू १३

**परिच्छेद ४ तरकारी खेती गर्ने कृषक परिवार लगत (फाराम १)** १४

४.१ परिभाषा १४

४.१.१ घरपरिवार १४

४.१.२ परिवारमूली १४

४.१.३ तरकारी खेती १५

४.१.४ तरकारी खेती गर्ने कृषक परिवार १५

४.१.५ मुख्य कृषक १४

४.१.६ कित्ता १५

४.१.७ तरकारी खेती गरेको जग्गाको जम्मा क्षेत्रफल १६

४.१.८ क्षेत्रफलको नापको एकाइ १६

४.२ तरकारी खेती गर्ने कृषक परिवार लगत (फाराम १) भर्ने तरिका १६

**परिच्छेद ५ सर्वेक्षणका लागि कृषक परिवार छनोट गर्ने तरिका** २५

५.१ नमूना छनोट २५

५.१.१ जम्मा कृषक परिवार संख्या (N) २६

५.१.२ छानिने कृषक परिवार संख्या (n) २७

५.१.३ छनोट अन्तर (I) २७

५.१.४ शुरु छनोट अङ्क (A) २७

५.२ दैवी संख्या तालिका प्रयोग विधि २८

**परिच्छेद ६ छानिएका कृषक परिवार उतार फाराम** ३१

६.१ छानिएका कृषक परिवार उतार फाराम (फाराम १ क) भर्ने तरिका ३१

**परिच्छेद ७ घरपरिवार सर्वेक्षण प्रश्नावली (फाराम २)** ३३

७.१ तरकारी बाली सर्वेक्षण (फाराम २) मा भएका मुख्य खण्डहरू ३३

७.२ तरकारी बाली सर्वेक्षण (फाराम २) भर्ने तरिका ३३

७.२.१ पहिलो खण्ड – परिचयात्मक विवरण ३४

७.२.२ दोस्रो खण्ड – कित्ताअनुसार जग्गाको क्षेत्रफल एवं उपयोग ३७

७.२.३ तेस्रो खण्ड – रोजगार तथा चालु/पूँजीगत खर्च विवरण ३९

७.२.४ चौथो खण्ड – उत्पादन तथा आम्दानीसम्बन्धी विवरण ४६

७.२.५ पाँचौँ खण्ड – वित्तीय विवरण ५२

७.२.६ छैटौँ खण्ड – विविध ५३

**अनुसूची १ जिल्लाअनुसार बिजनको रोपनीमा हुने परिवर्तन दर** ५६

**अनुसूची २ दैवी संख्या तालिका** ५७

# परिच्छेद १

# परिचय

## १.१ प्रारम्भिक

नेपालमा परापूर्वकालदेखि नै विभिन्न स्थानीय जातका तरकारी बालीहरूको खेती गरिँदै आएकोमा हाल आएर जनसंख्याको वृद्धिसँगै शहरीकरण तथा स्वास्थ्य चेतनाको कारण तरकारीको माग दिन प्रतिदिन बढ्दै गएको छ जसका कारण तरकारी खेती परम्परागत प्रणालीबाट आधुनिक खेती प्रणालीतर्फ उन्मुख हुँदै गएको देखिन्छ । नेपालमा अहिले शहरी क्षेत्रको आसपास, जिल्ला सदरमुकाम वरपर र राजमार्ग तथा नदी किनारका खेतीयोग्य जमिनमा त्यहाँका कृषकले खाद्यान्न बाली उत्पादनको सट्टा व्यवसायिक रूपमा मौसमी तथा बेमौसमी तरकारी बालीहरूको खेती गरी राम्रो आय आर्जनको स्रोत बनाएको देखिन्छ भने अन्य क्षेत्रका कृषकले पनि घरायसी प्रयोजनका लागि तरकारी खेती गर्ने गर्दछन् ।

नेपाल सरकारबाट पनि तरकारी आपूर्ति तथा यसको विकासका लागि आवधिक योजनामा विभिन्न कार्यक्रमहरू  समावेश गरिएका छन् । त्यसैअनुरूप कृषि तथा सहकारी मन्त्रालयले तरकारी बाली विकासका लागि विभिन्न जिल्लामा पकेट क्षेत्रहरू तय गरी तरकारी खेतीमा कृषकहरूलाई सहयोग पुऱ्याउँदै आएको छ । यसको अतिरिक्त विभिन्न गैरसरकारी संघ संस्थाहरूबाट पनि तरकारी उत्पादन तथा विकास कार्यक्रमलाई सहयोग पुऱ्याउँदै आएको पाइन्छ । यसरी तरकारी खेती कृषि क्षेत्रको एक महत्वपूर्ण क्षेत्र बन्न पुगे तापनि यसले देशको अर्थतन्त्रमा पुऱ्याएको योगदानको राम्रो लेखाजोखा हुन सकिरहेको छैन ।

कृषि क्षेत्रमा महत्वपूर्ण स्थान ओगटेको तरकारी बालीको विकासका लागि आवश्यक योजना तर्जुमा र मूल्याङ्कनका लागि आवश्यक तथ्याङ्कहरू केन्द्रीय तथ्याङ्क विभागले १०/१० वर्षमा गर्ने राष्ट्रिय कृषि गणनाबाट समग्र तरकारी बालीको क्षेत्रफलको अनुमान तथा कृषि तथा सहकारी मन्त्रालयबाट तयार पारिने समग्र तरकारी बालीको क्षेत्रफल तथा उत्पादनको अनुमान प्राप्त हुने भए तापनि तरकारी बालीका विभिन्न जातअनुसारको क्षेत्रफल र उत्पादनलगायत अन्य आर्थिक सूचकको विस्तृत अनुमान कतैबाट पनि प्राप्त हुन नसकेको अवस्था छ । तरकारी खेतीले देशको कुल गार्हस्थ उत्पादनमा पुऱ्याएको योगदानको राम्रो लेखाजोखा हुन सकोस् भनी केन्द्रीय तथ्याङ्क विभागले एशियाली विकास बैंकको सहयोगमा TA:7165-NEP "Technical Assistance for Strengthening Capacity of Macroeconomic Analysis" अन्तर्गत आर्थिक वर्ष २०६६/६७ मा तरकारी बाली सर्वेक्षण गर्न लागेको छ । यो तरकारी बाली सर्वेक्षण विभागको कृषि तथ्याङ्क शाखाले सञ्चालन गर्ने छ ।

## १.२ सर्वेक्षणको उद्देश्य :

- राष्ट्रिय (National) तथा क्षेत्रीय (Sub-National) तहमा विभिन्न तरकारी बालीहरूको जातअनुसार क्षेत्रफल, उत्पादनलगायत अन्य सूचकहरू तयार पार्ने ।
- वार्षिक तथा त्रैमासिक राष्ट्रिय लेखा अनुमान प्रयोजनका लागि आवश्यक तरकारी बाली क्षेत्रको आधार तथ्याङ्क उपलब्ध गराउने ।
- तरकारी बाली विकासका लागि नीति तथा योजना निर्माणका लागि आवश्यक पर्ने तथ्याङ्क नीति निर्माता, योजनाविद् तथा अन्य सबै उपयोगकर्ताहरूलाई उपलब्ध गराउने ।

## १.३ सर्वेक्षणको महत्व

तरकारी बाली सर्वेक्षण २०६६ राष्ट्रिय स्तरमा गरिन लागिएको सर्वेक्षण हो । यस सर्वेक्षणबाट विभिन्न जात र प्रकारका तरकारी बालीहरूको क्षेत्रफल एवं उत्पादनको अनुमान प्राप्त हुनेछ । यसको अलावा तरकारी बालीमा संलग्न कामदार संख्या, तरकारी बालीका लागि गरिएको चालु तथा पूँजीगत खर्च साथै अन्य विविध प्रकारका विवरण प्राप्त हुनेछन् । यस सर्वेक्षणबाट प्राप्त तथ्याङ्कले नेपाल सरकारलाई आर्थिक विकासका लागि योजना तर्जुमा तथा नीति निर्माण गर्न आवश्यक सहयोग पुऱ्याउनेछ । यसका अतिरिक्त विगतका तरकारी बाली विकासका नीति एवं योजनाहरूको प्रभावकारिताको अनुगमन एवं मूल्यांकन गर्नसमेत यसले सघाउ पुऱ्याउँछ । यसले राष्ट्रिय लेखा प्रयोजनका लागि आवश्यक तथ्याङ्कसमेत उपलब्ध गराउनेछ ।

## १.४ सर्वेक्षणको क्षेत्र (Scope):

यस सर्वेक्षणको उद्देश्यअनुरूप तरकारी बाली सर्वेक्षण २०६६ मा प्रयोग गरिने प्रश्नावलीमा निम्नलिखित विवरणहरू संकलन गरिनेछ ।

पहिलो खण्ड - परिचयात्मक विवरण
दोस्रो खण्ड - कित्ताअनुसार जग्गाको क्षेत्रफल एवम् उपयोग
तेस्रो खण्ड - रोजगार तथा चालु/पूँजीगत खर्च विवरण
    ३.१ तरकारी खेतीमा संलग्न पारिवारिक एवम् स्थायी/अस्थायी कामदारहरूको विवरण
    ३.२ तरकारी खेतीमा भएको चालु खर्च विवरण
    ३.३ तरकारी खेतीमा भएको पूँजीगत खर्च विवरण
चौथो खण्ड - उत्पादन तथा आम्दानीसम्बन्धी विवरण
    ४.१ तरकारी उत्पादन तथा आम्दानीसम्बन्धी विवरण
    ४.२ तरकारी खेतीबाट हुने अन्य आम्दानी
    ४.३ पूँजीगत आम्दानी
पाँचौं खण्ड - वित्तीय विवरण
छैटौं खण्ड - विविध

## १.५ सर्वेक्षणको व्याप्ति (Coverage) :

यस सर्वेक्षणमा तीन भौगोलिक क्षेत्र र पाँच विकास क्षेत्र अन्तरगतका ७५ जिल्लालाई ११ क्षेत्रमा विभाजन गरेर सर्वेक्षणको अध्ययन क्षेत्र (Domain) बनाई तीन चरणमा गणना क्षेत्रको छनोट गरिएको छ ।

| क्र.सं. | अध्ययन क्षेत्र **(Domain)** | कोड |
|---|---|---|
| १ | हिमाल | 01 |
| २ | पूर्वी पहाड | 02 |
| ३ | पूर्वी तराइ | 03 |
| ४ | मध्य पहाड | 04 |
| ५ | मध्य तराइ | 05 |
| ६ | पश्चिम पहाड | 06 |
| ७ | पश्चिम तराइ | 07 |
| ८ | मध्यपश्चिम पहाड | 08 |
| ९ | मध्यपश्चिम तराइ | 09 |
| १० | सुदूरपश्चिम पहाड | 10 |
| ११ | सुदूरपश्चिम तराइ | 11 |

पहिलो चरणमा अध्ययन क्षेत्रभित्र पर्ने सम्पूर्ण जिल्लाहरूलाई प्राथमिक छनोट एकाइ (Primary Sampling Unit) मानी छनोट गरिएको छ । दोस्रो चरणमा हरेक अध्ययन क्षेत्रभित्र छनोटमा परेका जिल्लाका वडाहरूलाई दोस्रो छनोटको एकाइ (Secondary Sampling Unit) मानी छनोट गरिएको छ र छानिएका सम्पूर्ण गणना क्षेत्रको कृषक परिवारहरूको लगत संकलन गरिनेछ । यो प्रत्येक गणना क्षेत्रको तरकारी खेती गर्ने कृषकहरूको नमूना छनोटका लागि लगत सूची (Listing) हुनेछ । तरकारी खेती गर्ने कृषकहरू नै सर्वेक्षणका अन्तिम छनोट एकाइ (Ultimate Sampling Unit) हुन् र यिनको छनोट तेस्रो चरणमा क्रमबद्ध नमूना छनोट विधि (Systematic Sampling) बाट गरिनेछ । हरेक गणना क्षेत्रबाट छानिने कृषकको संख्या १५ हुनेछ । छनोटमा परेका कृषक परिवारमा पुनः गई मुख्य कृषक वा उपयुक्त व्यक्तिसँग अन्तर्वार्ता गरी प्रश्नावली (फाराम २) भरिनेछ ।

## १.६ तालिम र गणना कार्य

तरकारी बाली सर्वेक्षण सञ्चालन गरी अपेक्षित सूचनाहरूको अनुमान तयार पार्नु एक जटिल एवं चुनौतीपूर्ण कार्य हो । यसमा कृषक परिवारलाई तरकारी खेतीसम्बन्धी क्रियाकलापका बारेमा विभिन्न किसिमका प्रश्नहरू सोधी विवरण संकलन गर्नुपर्ने हुन्छ । यस्तो बृहत् सर्वेक्षण कार्य सम्पन्न गर्दा एउटा निर्दिष्ट नीति, नियम र कार्य प्रविधि, प्राविधिक शब्दहरूको स्पष्ट परिभाषा भएन भने सर्वेक्षण कार्यको मूल मर्मविपरीत क्षेत्रीय कार्य सञ्चालन हुने डर एकातिर हुन्छ भने अर्कोतिर गणना टोलीको कार्य शैलीको भिन्नताले तथ्याङ्क संकलन कार्य संचालनमा नै भिन्नता आई संकलित तथ्याङ्कहरूको स्तर टोलीअनुसार भिन्नभिन्न हुन जाने ठूलो संभावना रहन्छ । यसरी एकरूपताको अभावमा संकलित तथ्याङ्कको उपयोगिता नै समाप्त हुन जान्छ । तसर्थ सबै गणना क्षेत्रमा एउटै नीति, नियम, कार्य प्रविधि र स्पष्ट परिभाषाभित्र रही तथ्याङ्क संकलन गर्नु पर्दछ । यसरी संकलित तथ्याङ्क मात्र विश्वसनीय एवं प्रामाणिक हुन्छ । यी सबै कुरालाई विचार गर्दा

गणनामा संलग्न हुने माथिल्लो तहदेखि तल्लो तहसम्मका कर्मचारीहरूलाई सर्वेक्षणअघि तालिम दिनु नितान्त आवश्यक हुन्छ। सर्वेक्षणमा विभिन्न तहका कर्मचारीहरूलाई विभिन्न ठाउँमा तीन चरणमा तालिम दिने व्यवस्था मिलाइएको छ।

पहिलो चरणको तालिममा केन्द्रीय तथ्याङ्क विभागमा कार्यरत अधिकृतहरू जो दोस्रो र तेस्रो चरणका लागि प्रशिक्षकका रूपमा कार्य गर्नेछन्, दोस्रो चरणको तालिममा शाखा तथ्याङ्क कार्यालयका प्रमुखहरू र तेस्रो चरणको तालिममा शाखा तथ्याङ्क कार्यालयमा कार्यरत सुपरिवेक्षक र गणकहरूलाई सहभागी गराई दक्ष बनाइनेछ। सुपरिवेक्षक र गणकहरूको तालिम कार्यक्रम गणना कार्य शुरु हुनुभन्दा एक हप्ताअगावै काठमाडौँ बाहिर शाखा तथ्याङ्क कार्यालयहरूमा कार्यरत कर्मचारीहरूलाई पायक पर्ने गरी निश्चित गरिएका विभिन्न स्थानहरूमा संचालन गरिनेछ।

तरकारी बाली सर्वेक्षण कात्तिक महिनादेखि सञ्चालन गरिने छ र सर्वेक्षणको अवधि लगभग ६० दिनको हुनेछ।

## १.७ संकलित तथ्याङ्कको गोपनीयता

तथ्याङ्क ऐन, २०१५ ले केन्द्रीय तथ्याङ्क विभागलाई विभिन्न गणना तथा आवश्यक सर्वेक्षण गर्ने अधिकार प्रदान गरेको छ र सर्वेक्षणका लागि आवश्यक विवरणहरू सहीरूपमा उपलब्ध गराउने दायित्व सम्बन्धित उत्तरदाताको हो भन्ने कुरा बोध गराएको छ। कृषकले उपलब्ध गराएका विवरणहरू गोप्य राख्ने दायित्व विभागको हो। अर्को अर्थमा भरिएका फारामहरू विभागका कर्मचारीहरूबाहेकका अनाधिकृत व्यक्तिहरूलाई हेर्न दिनु हुँदैन। यसको अलवा प्रश्नावलीमा भरिएका विवरणहरू गोप्य रहने र अन्य कुनै प्रयोजनका लागि प्रयोग नभई समष्टिगत रूपमा तथ्याङ्कीय प्रयोजनका लागि मात्र उपयोग हुने कुरा कृषक परिवारलाई विश्वस्त गराउनु पर्दछ।

# परिच्छेद २

# गणक तथा सुपरिवेक्षकको भूमिका

## २.१ गणकको भूमिका

यस परिच्छेदमा तरकारी बाली सर्वेक्षणमा गणकको भूमिका तथा गणकले गर्नुपर्ने कार्य तथा जिम्मेवारीबारे व्याख्या गरिएको छ। यसको अलावा सुपरिवेक्षकको भूमिका, कर्तव्य र जिम्मेवारीबारे पनि व्याख्या गरिएको छ।

सर्वेक्षणको पूर्ण सफलताको लागि गणकको भूमिका अन्यन्त महत्वपूर्ण हुन्छ। संकलन गरिएको आँकडाको गुणस्तर गणकले कति राम्रो कार्य गरेको छ सोमा निर्भर गर्दछ। गणकमा नम्रता, आदरभाव, धैर्य, लगनशीलता र मिलनसारिता जस्ता गुणहरू हुनुका साथै सक्षम र कुशल व्यवहार हुन पनि जरुरी छ। यस सर्वेक्षणबाट प्राप्त तथ्याङ्कको आधारमा देशको योजना तथा नीति निर्माण हुने हुँदा गुणस्तरीय तथ्याङ्क प्राप्त गर्नेतर्फ सधैँ ध्यान पुऱ्याउनुपर्दछ।

सर्वेक्षणको अवधि लगभग ६० दिनको हुनेछ। तर प्रत्येक गणकले गर्नुपर्ने कार्यको कार्यभार यति लामो समयसम्म नहुन पनि सक्छ। यस सर्वेक्षणमा गणकलाई दिइने दिन संख्या तोकिएको गणना क्षेत्रमा रहेका घर/परिवार संख्यामा निर्भर गर्दछ। घर/परिवार संख्या धेरै भएका गणना क्षेत्रमा लगत संकलन तथा गणना कार्यका लागि थोरै घर/परिवार संख्या भएका गणना क्षेत्रको तुलनामा धेरै दिनको आवश्यकता हुन सक्दछ। सामान्यतः सर्वेक्षण अवधि नै नाघ्ने गरी गणकलाई गणना कार्यमा खटाइने छैन।

## २.२ गणकको कर्तव्य र जिम्मेवारी

गणकले यस निर्देशिकामा उल्लिखित मार्गदर्शनअनुसार पूर्ण र गुणस्तरीय तथ्याङ्क संकलन गर्नु पर्दछ। तथ्याङ्क संकलन कार्यमा निम्न तीन मुख्य कार्यहरू पर्दछन् :

१. निर्देशिकामा उल्लिखित निर्देशनअनुसार प्रश्नहरू ठीक-ठीक तरिकाले सोध्ने।
२. कृषक वा उत्तरदाताद्वारा दिइएका उत्तरहरू ठीक तरिकाले प्रश्नावलीमा भर्ने।
३. प्राप्त उत्तरहरू प्रश्नावलीमा भरिएका अन्य उत्तरसँग मिल्दो र सही भए नभएको जाँच (Consistency Check) गर्ने।

यस सर्वेक्षणमा निम्नलिखित बुँदाहरूमा ध्यान दिनु गणकको आधारभूत कर्तव्य हुनेछ।

१. तोकिएको गणना क्षेत्रका सम्पूर्ण घर तथा कृषक परिवारको सूची तयार पार्ने।
२. छानिएका कृषक परिवारको घरपरिवार प्रश्नावली (फाराम २) भर्ने।
३. भरिएका फारामहरू आफ्नो सुपरिवेक्षकलाई तोकिएको समयमा हस्तान्तरण गर्ने।

आफ्नो आधारभूत कर्तव्यमा सफल हुन गणकले निम्नलिखित कार्यहरू गर्नु पर्नेछ ।

१. गणक तालिममा सरिक हुने र तरकारी बाली सर्वेक्षण कार्यको लागि दिइने निर्देशन, परिभाषा तथा अवधारणा राम्ररी बुझ्ने ।
२. यो गणक निर्देशिका गणना कार्यमा जाँदा सन्दर्भ सामग्रीको रूपमा साथै राखी आवश्यकताअनुसार पटकपटक पढ्ने ।
३. आफ्नो गणना क्षेत्रमा छनोटमा परेका कृषक परिवारसित राम्रोसँग परिचित हुने ।
४. सुपरिवेक्षकको प्रत्यक्ष निर्देशनमा रही लगत फाराम र सर्वेक्षण प्रश्नावली पूर्ण र शुद्ध रूपमा भर्ने ।
५. भरिएका लगत फाराम र प्रश्नावलीहरू पूर्ण भए नभएको तथा ठीक भए नभएको जाँच गर्ने ।
६. आफूलाई सुम्पिएको काम निर्दिष्ट समयमै सम्पन्न गर्ने ।
७. आफ्नो अधीनमा रहेका फारामहरूको हिफाजत गर्ने
८. आफ्ना अधिकृत वा सुपरिवेक्षकबाहेक अनधिकृत व्यक्तिहरूलाई भरिएका फारामहरू हेर्न नदिने ।
९. गणनासम्बन्धी आइपरेका समस्या सुपरिवेक्षकसँग समन्वय गरी हल गर्ने ।

## २.३ सुपरिवेक्षकको भूमिका

तरकारी बाली सर्वेक्षणमा सुपरिवेक्षकको भूमिका अत्यन्त महत्वपूर्ण हुन्छ । अधिकृत र गणना क्षेत्रमा काम गर्ने कर्मचारीहरूबीच सम्पर्क सूत्रको काम सुपरिवेक्षकहरूले गर्दछन् । गणनाको मर्मअनुरूप गणना कार्यहरू भए नभएको मूल्याङ्कन गर्ने, सोअनुसार गर्न निर्देशन दिने, गणकहरूलाई परेको समस्या आफ्नो तहबाट हुने भए समाधान गर्ने, नहुने भए गणना अधिकृतलाई जानकारी गराउने, गणना कार्य समापन भएपछि फारामहरू गणकहरूसँग बुझी अनिवार्य रूपले जाँच गर्ने र ती फारामहरू केन्द्रसम्म पुऱ्याउन अधिकृतलाई सहयोग गर्ने, आदि कार्यहरू सुपरिवेक्षकले गर्नुपर्दछ । सबैभन्दा महत्वपूर्ण कुरा त सुपरिवेक्षकले गणकको कामको सुपरिवेक्षण गर्नुपर्ने हुँदा आफै एउटा असल गणक हुन पनि जान्नु पर्दछ ।

## २.४ सुपरिवेक्षकको कर्तव्य र जिम्मेवारी

निर्दिष्ट समयमा सर्वेक्षण कार्य सम्पन्न गर्न र कार्यमा गुणस्तर वृद्धि गर्न सर्वेक्षण कार्यको सुपरिवेक्षण हुनु अति आवश्यक छ जसले सर्वेक्षणबाट प्राप्त विवरणहरूको शुद्धता कायम गर्नेछ । यस कार्यले गणना कार्यमा देखिने त्रुटिहरूको र विभिन्न समस्याहरूको समाधान गर्दछ । गणकले सुपरिवेक्षकसित रही कार्य गर्न सुपरिवेक्षकको काम कर्तव्यबारे पनि बुझ्न आवश्यक छ जसले गर्दा गणक र सुपरिवेक्षकको सम्बन्ध सुमधुर रही गणना कार्य राम्रो हुनेछ ।

१. सुपरिवेक्षकले तोकिएको गणना क्षेत्रमा लगत संकलन तथा प्रश्नावली भर्ने कार्य निर्देशित विधिअनुरूप गणकले गरे नगरेको तथा कार्य सन्तोषजनक भए नभएकोबारे जाँच गर्नुपर्दछ । सुपरिवेक्षकले काम गर्ने क्षेत्रको सम्पूर्ण जानकारी प्राप्त गरी सो जानकारीको आधारमा गणना सकभर छिटोछरितो र सुगमतापूर्वक सम्पन्न हुने गरी तथा बढीभन्दा बढी सुपरिवेक्षण हुन सक्ने गरी समय मिलाएर कार्य योजना बनाई गणकलाई कार्य तोकिदिनु पर्दछ ।

२. सुपरिवेक्षक गणना क्षेत्रमा गणकसित  सँगसँगै  हुनु पर्दछ र गणकले कृषकसँग अन्तर्वार्ता ठीकसँग लिएर प्रश्नावली भरे नभरेको जाँच गरी आवश्यकता भएमा केही थप जानकारी पनि लिनु पर्दछ। सुपरिवेक्षकले गणकले भरेका प्रश्नावलीमा कुनै त्रुटि भेटिएमा छलफल गरी त्यस कुराको समाधान गर्नु पर्दछ जसले गर्दा त्यस्ता त्रुटिहरू पुनः नदोहोरिऊन्।

३. सुपरिवेक्षकले सर्वेक्षण कार्यको लागि आवश्यक पर्ने सामग्रीहरू जस्तैः लगत फाराम, प्रश्नावलीहरू, सिसाकलम, इरेजर, आदि गणकलाई उपलब्ध गराउनु पर्दछ। आवश्यक सामग्रीहरूको अभावबाट उत्पन्न हुने समस्याहरूबारे पनि सुपरिवेक्षकले ध्यान पुऱ्याउनु पर्दछ।

४. सुपरिवेक्षकले लगत संकलन र प्रश्नावली भर्ने कार्यको  स्तरियताका साथै सर्वेक्षणको दैनिक प्रगतिबारे अनुगमन गरी  विभागमा जानकारी गराउनु पर्दछ।

५. गणकलाई तोकिएको कार्यमा कुनै समस्याहरू भए सुपरिवेक्षकले गणकलाई आवश्यक सल्लाह दिई  समस्याहरूको समाधान गर्न सक्नु पर्दछ।

# परिच्छेद ३

# लगत संकलन तथा गणना विधि

तरकारी बाली सर्वेक्षण आर्थिक वर्ष २०६६/६७ को कात्तिक/मंसिर महिनामा संचालन गरिनेछ। यस सर्वेक्षणमा गणकले तोकिएका गणना क्षेत्रको सम्पूर्ण घर परिवारको लगत लिने, तरकारी खेती गर्ने कृषक परिवार पहिचान गर्ने तथा सुपरिवेक्षकले सर्वेक्षणका लागि आवश्यक संख्यामा कृषक परिवार छनोट गर्ने र छनोटमा परेका कृषक परिवारहरूको विस्तृत विवरण संकलन गर्ने कार्य गर्नु पर्दछ। यी कार्यहरूको विस्तृत व्याख्या यस गणक निर्देशिकाको परिच्छेद ४, ५, ६ र ७ मा क्रमशः गरिएको छ।

सर्वेक्षण दुई चरणमा गरिनेछ। पहिलो चरणमा छनोटमा परेका गणना क्षेत्रहरूबाट सम्पूर्ण घर परिवारको लगत संकलन गरेर तरकारी खेती गर्ने कृषक परिवारहरूको पहिचान गरी तोकिएको संख्यामा सर्वेक्षण कार्यको लागि कृषक परिवारहरूको छनोट गर्नुपर्नेछ। दोस्रो चरणमा छनोटमा परेका कृषक परिवारहरूमा पुनः गई प्रश्नावली (फाराम २) भरी तरकारी खेतीसम्बन्धी विस्तृत विवरण संकलन गर्नु पर्नेछ।

यस प्रकार सर्वेक्षणको पहिलो चरणमा गरिने लगत संकलन कार्य ठीक तरिकाले गरिनु पर्दछ। यस सर्वेक्षणबाट प्राप्त तथ्याङ्कको गुणस्तर तोकिएको गणना क्षेत्रमा लगत संकलन कार्य कति ठीक तरिकाले भएको छ त्यसमा नै निर्भर गर्दछ। स्मरण रहोस् गणना क्षेत्रभित्रका कुनै घरपरिवार छुट भएमा परिवार लगत तथा कृषक परिवार संकलन कार्यको पूर्णतामा असर पर्न गई तरकारी बालीको क्षेत्रफल र उत्पादन तथा उत्पादन लागत, आदिको अन्तिम अनुमानमा असर पर्न सक्नेछ। तसर्थ लगत संकलन कार्य गर्दा कुनै पनि घरपरिवार नछुटोस् वा नदोहोरियोस् भनी ध्यान पुऱ्याउनु पर्दछ।

छनोटमा परेको गणना क्षेत्रमा लगत संकलन कार्य समाप्त गरेपछि क्रमबद्ध नमूना छनोट (Systematic Sampling) विधि अपनाई तरकारी खेती गर्ने कृषक परिवार छनोट गर्नु पर्दछ। यसरी छनोटमा परेका कृषक परिवारहरूमा पुनः गई प्रश्नावली भरी विस्तृत विवरण संकलन गर्नु पर्दछ।

गणना क्षेत्रमा लगत संकलन कार्यका लागि फाराम १, छनोट भएका कृषक परिवारको सूची तयार गर्नका लागि फाराम १ (क) र छानिएका कृषक परिवारहरूको विस्तृत विवरण संकलनका लागि फाराम २ को प्रयोग गरिनेछ।

## ३.१ गणना क्षेत्र

यस सर्वेक्षणमा तीन भौगोलिक क्षेत्र र पाँच विकास क्षेत्र अन्तर्गतका ७५ जिल्लालाई ११ क्षेत्रमा विभाजन गरी ११ वटा सर्वेक्षणको अध्ययन क्षेत्र (Domain) बनाइएको छ। प्रत्येक अध्ययन क्षेत्रभित्र तरकारी बाली सर्वेक्षणका लागि छनोटमा परेका गणना क्षेत्रहरूको सूची तयार गरिनेछ। सर्वेक्षण टोलीलाई सर्वेक्षण अवधिभित्र लगत संकलन एवम् गणना कार्य गर्नका लागि छानिएका गणना क्षेत्रमध्ये केही गणना क्षेत्रहरूको कार्यभार सुम्पिइनेछ। देशभर अर्थात् ११ क्षेत्रबाट

सर्वेक्षणका लागि ३४० वटा गणना क्षेत्रहरू छनोट गरिएका छन् । सर्वेक्षणमा वडालाई नै गणना क्षेत्र मानिएको छ र एउटा गणना क्षेत्रभित्र सामान्यतः एउटा मात्र वडा समावेश भएको हुन्छ ।

## ३.२ सर्वेक्षण कार्यका लागि आवश्यक सामग्रीहरू

तरकारी बाली सर्वेक्षणको लगत संकलन तथा गणना कार्य सम्पादन गर्न निम्नलिखित सामग्रीहरू आवश्यक पर्ने देखिन्छ । यी सबै सामग्रीहरू विभागबाट उपलब्ध गराइनेछन् । गणक तथा सुपरिवेक्षकले गणना क्षेत्रमा जाँदा यी सामग्रीहरू आफूसँग भए नभएको निश्चित गर्नु पर्दछ ।

१. तरकारी खेती गर्ने कृषक परिवार लगत (फाराम १)
२. छानिएका कृषक परिवार उतार फाराम (फाराम १ (क))
३. तरकारी बाली सर्वेक्षण प्रश्नावली (फाराम २)
४. गणक निर्देशिका
५. अन्य सामग्री (डटपेन कालो/रातो, सीसाकलम, इरेजर, साधा कागज, फाइल, आदि)

माथि उल्लिखित फारामको प्रयोग र भर्ने तरिकासम्बन्धी व्याख्या विस्तृतरूपमा सम्बन्धित परिच्छेदहरूमा गरिएको छ ।

## ३.३ गणना क्षेत्रको लगत संकलन कार्य

तोकिएको गणना क्षेत्रभित्रका सम्पूर्ण घर/कृषक परिवारको लगत पूर्णरूपले संकलन गर्नको लागि गणना क्षेत्रको सिमाना र लगत संकलन कार्य शुरु गर्ने उपयुक्त स्थान र लगत संकलन गर्दै जाने उपयुक्त बाटोको पहिचान हुनु आवश्यक छ ।

लगत संकलन कार्य शुरु गर्नुअगावै आफू पुगेको ठाउँ तोकिएको गणना क्षेत्र हो होइन भनी निश्चित गर्नुपर्दछ र सम्भव भएसम्म त्यस वडाका वडाअध्यक्ष वा वडाको सिमाना बुझाउन सक्ने जानिफकार वा अन्य व्यक्तिहरूसँग सोधी आफूले लगत लिनु पर्ने वडाको सिमाना ज्ञात गर्नुपर्दछ । यसको साथसाथै त्यस वडामा लगत संकलन कार्य कुन स्थानबाट शुरू गर्दा सजिलो र सबै घरपरिवार नछुट्ने हुन्छ त्यसबारे पनि जानकारी लिनुपर्दछ । लगत संकलन गर्ने क्रममा गणना क्षेत्रभित्रका सम्पूर्ण घरधुरीमा गई उक्त घर परिवार उक्त गणना क्षेत्रमा पर्ने नपर्ने कुरा एकीन गरी लगत संकलन गर्नु पर्दछ ।

तराइ जिल्लाका गणना क्षेत्रहरूका घरहरू ठाउँ-ठाउँमा गुजुमुज्ज तरिकाले बस्तीका रूपमा रहेका हुन्छन् । अतः यिनमा आवतजावत गर्न सजिलो हुन्छ । भौगोलिक संरचनाको कारणले गर्दा मुख्यतः हिमाल तथा पहाडका केही गणना क्षेत्रहरूका घरहरू एक आपसमा छरिएर वा छुट्टै एकलासमा पनि रहेका हुन्छन् र कुनै ठाउँमा घरहरू नजिक-नजिक भए तापनि भिरालोले गर्दा आवतजावत गर्न कठीन र समय लाग्ने हुन सक्दछ । यसरी आवतजावत गर्न कठीन र समय लाग्ने भए तापनि गणना क्षेत्रभित्रका कुनै पनि घरपरिवारलाई सर्वेक्षण कार्यमा छुटाउनु हुँदैन ।

गणना क्षेत्रको लगत संकलन कार्य गर्दा निम्न कुरामा ध्यान दिनु आवश्यक हुन्छ ।

१. गणना क्षेत्रमा जानिफकार व्यक्तिलाई सोधी त्यस गणना क्षेत्रको सिमाना तथा बस्तीहरूको स्थितिबारे जानकारी लिने ।
२. गणना क्षेत्रभित्रका विभिन्न बस्तीहरू तथा छुट्टिएर रहेका घरहरूमा जाने सरल तथा उपयुक्त बाटोहरूको बारेमा जानकारी लिने ।
३. गणना क्षेत्रभित्र पर्ने कुनै बस्तीको लगत संकलन कार्य गर्दा एक उपयुक्त स्थानबाट शुरु गरी सम्पूर्ण घरपरिवारको लगत संकलन कार्य गर्नुपर्दछ र कुनै पनि घरपरिवारलाई छुटाउनु हुँदैन ।
४. गणना क्षेत्रभित्र पर्ने एक बस्तीको सम्पूर्ण घरपरिवारको लगत संकलन कार्य समाप्त गरी मात्र अर्को बस्तीको लगत संकलन कार्य शुरु गर्ने ।
५. यदि कुनै घरपरिवारमा उत्तरदाता भेट नभएको कारणले लगत संकलन कार्य छुट्न गएमा ती घरपरिवारमा लगत संकलनका लागि पुनः जाने कार्यक्रम बनाउने ।
६. बस्तीभन्दा छुट्टिएर एकलासमा रहेको घर गणना क्षेत्रभित्र पर्छ भने त्यस घरमा पनि पुगी लगत संकलन कार्य गर्ने ।

## ३.४ अन्तर्वार्ता लिने तरिका

### ३.४.१ उत्तरदातालाई भेट्ने तरिका

गणक अन्तर्वार्ता लिन सम्बन्धित घरमा पुगेपछि सर्वप्रथम नम्रतापूर्वक आफ्नो परिचय उत्तरदाता वा भेट हुने घरको सदस्यलाई दिई आवश्यक परेमा कर्मचारी परिचयपत्र पनि देखाउनुपर्दछ । उत्तरदाताबाट अपेक्षित सहयोग प्राप्त गर्नका लागि उनीहरूलाई गणनाको उद्देश्य र उपयोगिताबारे बुझाउने र उत्तरदाताले दिएका विवरणहरू गोप्य रहने कुरामा उनीहरूलाई विश्वस्त पार्नुपर्दछ ।

साधारणतया उत्तरदाताहरू सहयोगी स्वभावका नै हुन्छन् । कहिलेकहीँ उत्तरदाताहरू आफ्नो काममा व्यस्त रहेको वेला उनीहरू उत्तर दिन तयार नहुन पनि सक्दछन् र घरका अन्य सदस्यहरूले पनि उत्तर दिन हिचकिचाउने वा रमाइलोमा उडाउने गर्न सक्दछन् । तसर्थ सधैं आफू नम्र तथा धैर्यवान्, भई उत्तरदातासँग मित्रवत् व्यवहार गर्नुपर्दछ र अन्तर्वार्ता सकिएपछि उत्तरदातालाई धन्यवाद भन्न बिर्सनुहुँदैन ।

### ३.४.२ उत्तरदाताको चयन

तथ्याङ्क संकलन गर्नका लागि उपयुक्त उत्तरदाताको चयन गर्नु अति आवश्यक हुन्छ । संकलित तथ्याङ्कको शुद्धता र यथार्थता धेरै हदसम्म उत्तरदातामा निर्भर गर्दछ । अतः यथासम्भव तथ्याङ्क संकलन गर्दा मुख्य कृषकसँग नै अन्तर्वार्ता लिनुपर्दछ । यदि कुनै कारणवश मुख्य कृषकसँग भेट गर्न नसकिने स्थिति भएमा तरकारी खेतीको सबै कृयाकलापबारे राम्रो ज्ञान भएको त्यस कृषक परिवारको उत्तर दिन सक्ने अर्को व्यक्तिलाई सोधी विवरण लिनुपर्दछ ।

### ३.४.३ प्रश्नहरू सोध्ने तरिका

उत्तरदातालाई सोधिने प्रश्नहरू प्रश्नावलीमा उल्लेख गरिएका छन् तर कुनै कुनै विषयमा गणक आफैले पूरक प्रश्नहरू रचना गरी उत्तरदातालाई सोध्नु आवश्यक हुनसक्दछ । प्रश्नावलीमा भएका विषयहरूको स्पष्ट जानकारीले सही तरिकाले प्रश्नहरू सोध्न मद्दत गर्नेछ ।

प्रश्नहरू सोध्दा तलका निम्नलिखित कुराहरूमा ध्यान पुऱ्याउनु पर्दछ ।

१. प्रश्नहरू सोध्दा प्रश्नावलीमा जुन शब्द लेखिएका छन् तिनै शब्दमा सोध्नुपर्दछ । यदि पूरक प्रश्नहरू सोध्नु परेमा भाव फरक नहुने गरी सोध्नु आवश्यक हुन्छ ।
२. यदि उत्तरदाताले प्रश्न बुझेन भने पूरक प्रश्नहरू सोधेर वा भाव स्पष्ट हुने गरी प्रश्न बुझाउनुपर्दछ । यसरी प्रश्न सोध्दा प्रश्नको मौलिक अर्थमा फरक नहुने गरी सोध्नुपर्दछ ।
३. उत्तरदातासँग निर्देशात्मक प्रश्नहरू (Leading Questions) सोध्नुहुँदैन । उदाहरणको लागि "तपाईंले उत्पादन गरेको बोडीको उत्पादन २ क्वीन्टल मात्र भयो होइन र ?" भनेर सोध्दा यदि बोडीको उत्पादन २ क्वीन्टलभन्दा बढी भए तापनि उत्तरदाताले 'हो' भन्ने सम्भावना हुन्छ । अतः प्रश्न सोध्दा बोडीको उत्पादन कति भयो भनी सोध्नु पर्दछ ।
४. निर्देशिकामा दिइएको निर्देशनबमोजिम महल वा हरफअनुसार प्रश्नहरू सोध्नुपर्दछ ।
५. प्रश्नावलीमा कुनै प्रश्न फड्को मार्ने (Skip) भनेर उल्लेख भएमा त्यसको अनुसरण गर्नु पर्दछ ।
६. प्रश्नावलीका सबै प्रश्नहरू उत्तरदातासँग सोध्नुपर्दछ । कुनै पनि प्रश्नको उत्तर आफूखुशी लेख्नुहुँदैन ।

### ३.४.४ प्रश्नावली फाराममा उत्तर भर्ने तरिका

१. प्रश्नावलीमा उत्तर भर्दा कालो डटपेन/सिसाकलमको प्रयोग गरी उपयुक्त ठाउँ/कोठामा उत्तर स्पष्टसँग लेख्नुपर्दछ ।
२. उत्तर लेख्दा डट लाइन दिइएको ठाउँमा शब्दमा र कोठा/कोठाहरू दिइएको ठाउँमा कोठाभित्र कोड नं. अंकमा लेख्नु पर्दछ । अंक अंग्रेजीमा मात्र लेख्नु पर्दछ ।
३. प्रश्नावलीमा उत्तरदाताबाट प्राप्त उत्तर लेख्नका लागि विभिन्न कोठाहरूको व्यवस्था गरिएको छ । प्रश्नावली भर्दा कुनै कुराहरू अक्षरमा लेख्नुपर्ने हुन्छ जस्तैः कित्ताको नाम, तरकारी बालीको नाम र तिनीहरूको पछि कोड पनि लेख्नु पर्ने हुन्छ । यस्ता नाम उल्लेख भएका कुराहरूको कोड अन्तर्वार्ताको समय कम गर्नको लागि त्यस वेला नलेखी पछि पनि लेख्न सकिन्छ । तर प्रश्नावली भरिसकेपछि अनिवार्य रूपमा कोड भर्नुपर्दछ ।
४. उत्तरदाताबाट प्राप्त उत्तरहरू ठीक तरिकाले उपयुक्त ठाउँमा लेख्नु पर्दछ । यदि प्रश्नावलीमा सोधिएका कुनै कुरा त्यस कृषक परिवारमा नपाइएमा लेख्नु पर्ने ठाउँमा ड्यास (–) चिन्ह अनिवार्यरूपले लगाउनु पर्दछ । यसले गर्दा प्रश्नावलीहरूमा भएका सबै कुरा सोध्न नछुटेको स्पष्ट पार्दछ ।

५. यदि कुनै क्रमिक महलहरू खाली भए त्यसमा ठाडो धर्सो र यदि कुनै खण्ड पूरै खाली भएमा त्यसमा छड्के लाइन तान्नु पर्दछ। जसले प्रश्नावली भर्दा त्यो महल/खण्ड नछुटेको बुझाउँछ।

६. प्रश्नावली भर्दा कुनै कुराको कोड गलत उल्लेख भएमा त्यसलाई काटी सही कोड लेख्नु पर्दछ।

७. हिसाब गर्न आवश्यक भएमा थप कागजको पनि प्रयोग गरी त्यसलाई प्रश्नावलीसँगै नत्थी गर्नुपर्दछ जसले गर्दा भरिएका विवरणहरूको रुजु तथा जाँच गर्न सजिलो हुनेछ।

### ३.४.५ गणना कार्य गर्दा आइपर्ने समस्याको समाधान

तरकारी बाली सर्वेक्षण सञ्चालन गर्दा आइपर्ने समस्या र तिनको समाधान निम्नअनुसार छन्।

#### (क) योग्य उत्तरदाता वा घरपरिवारका सदस्य भेट नहुनु

लगत संकलन तथा गणना कार्य गर्दा कुनै परिवारका सदस्यहरू खेतमा वा अन्य कुनै कारणले केही समयको लागि बाहिर गई भेट नहुन पनि सक्दछ। यस्तो स्थितिमा त्यस्ता घरहरूमा पछि पुनः आउने कार्यक्रम बनाउनु पर्दछ। यदि घरको कुनै सदस्य उपस्थित छ तर ऊ उपयुक्त उत्तरदाता होइन भने उसलाई आफू आउने समय र मिति सो परिवारको परिवारमूली वा मुख्य कृषकलाई जानकारी गराइदिन अनुरोध गर्नु पर्दछ।

यदि घरमा परिवारको कुनै पनि सदस्य नभेटिएको खण्डमा नजिकको छिमेकीलाई आफू पुनः आउने मिति र समय त्यस घरको जिम्मेवार व्यक्तिलाई जानकारी गराई दिन अनुरोध गर्नु पर्दछ।

#### (ख) उत्तर दिन अस्वीकार गर्नु

उत्तरदाताले उत्तर दिन अस्वीकार गरेमा धैर्यपूर्वक मित्रवत् व्यवहार गरी उसलाई गणनाको उद्देश्य र उपयोगिता बुझाउनु पर्दछ। यसले गर्दा उत्तरदाताहरू पुनः उत्तर दिई सहयोग गर्न तयार हुन्छन्।

#### (ग) फारामहरूको अभाव

गणना क्षेत्रमा कुनै पनि फारामको अभाव नहोस् भनी गणना क्षेत्र जानुअगावै ध्यान दिनु पर्दछ। यदि कुनै भर्नु पर्ने फारामको अभाव भएमा र थप फाराम माग गरी प्राप्त गर्न समेत कठीन भएमा आफुसँग भएको सादा कागजमा  उत्तरदाताले दिएका विवरणहरू लेख्नु पर्दछ। यसरी प्रयोग गरिने साधा कागजहरूमा परिचयात्मक विवरण तथा महल नं. एवं हरफमा उल्लिखित विषयहरू ठीकसँग मिलाएर लेख्नु पर्दछ।

**(ङ) उत्तरदातालाई सोधिएका प्रश्नहरूको उत्तर दिन कठिनाइ हुनु**

उत्तरदातालाई सोधिएका प्रश्नहरूको उत्तर दिन कठिनाइ भएको अवस्थामा उसलाई आफ्नो तरकारी खेतीसम्बन्धी विवरण सम्झिने वा हिसाब गरी निकाल्ने कार्यमा धैर्यका साथ सहयोग गर्नु पर्दछ ।

**(च) गणक ⁄ उत्तरदातालाई सोधिने प्रश्नहरू बुझ्न कठिनाइ हुनु**

कुनै पनि सोधिएका प्रश्नहरू बुझ्न कठिनाइ भएमा सँधै गणक निर्देशिकामा उल्लिखित अवधारण तथा निर्देशनहरू हेर्नु पर्दछ ।

## ३.५ भरिएका प्रश्नावलीहरूको रुजु ⁄ जाँच

एक घरपरिवारबाट अर्को घरपरिवारमा जानुअगावै उत्तरदाताले दिएका विवरणहरू सामान्य नियमअनुसार जाँच गर्नुपर्दछ । प्रश्नावलीमा उल्लिखित विवरणहरूमा एकरूपता हुनु पर्दछ । यसरी उत्तरित विभिन्न प्रश्नहरूमा एकरूपता, यथार्थता र पूर्णता जाँच गर्नु पर्दछ । उत्तरदाताले दिएका उत्तरहरूमा कुनै ठूलो भिन्नता देखिएमा उत्तरदातालाई सोधी त्यसको निवारण गर्नुपर्दछ । सम्पूर्ण घरपरिवारको लगत संकलन कार्य सकिएपछि पहिले कुनै गल्ती भए नभएको थाहा पाउन लगत फारामलाई पुन जाँच गर्नु पर्दछ । गल्ती भेटिएमा यस्ता गल्ती सच्याएर मात्र अगाडिको कार्य गर्नु पर्दछ ।

प्रश्नावलीमा भरिएका विवरण तथा कोडहरू ठीक-ठीक भए नभएको भरिएका प्रश्नावलीहरूको पुनरावलोकन गरी निश्चित गर्नु पर्दछ । यस्ता भरिएका विवरणहरूको एकरूपताको पनि जाँच गर्नु पर्दछ । प्रायःजसो एक पटक मात्र गरिएको जाँच पर्याप्त नहुन सक्दछ अतः कम्तिमा पनि दुई पटक प्रश्नावलीको जाँच गर्नु पर्दछ । अन्तर्वार्ता सकिनुअगावै यदि कुनै त्रुटि भेटिएमा उत्तरदातालाई सोधी सच्याउनु पर्दछ । भरिएका प्रश्नावलीहरू पुनः जाँच गर्ने क्रममा केही त्रुटिहरू भेटिएमा सो घरपरिवामा पुनः गई त्रुटि सच्याउनु पर्दछ ।

## ३.६ कार्य समाप्त गरी बुझाउनु पर्ने फारामहरू

गणकले आफूलाई तोकिएको गणना क्षेत्रको सर्वेक्षण कार्य समाप्त गरेपछि तत्काल भरिएका तथा प्रयोग नभएका निम्नलिखित फारामहरू आफ्नो सुपरिवेक्षकलाई बुझाउनु पर्दछ ।

१. तरकारी खेती गर्ने कृषक परिवार लगत (फाराम १)
२. छानिएका कृषक परिवार उतार फाराम (फाराम १ (क))
३. तरकारी बाली सर्वेक्षण प्रश्नावली (फाराम २)
४. प्रयोग नभएका विभिन्न बाँकी फारामहरू

# परिच्छेद ४

# तरकारी खेती गर्ने कृषक परिवार लगत (फाराम १)

गणना क्षेत्र (वडा) भित्रका सम्पूर्ण घरपरिवारमा गई तरकारी खेती गर्ने कृषक परिवारहरूको लगत संकलन गरी तरकारी खेती गर्ने कृषक परिवारहरूको पहिचान गर्नका लागि लगत (फाराम १) तयार पारिएको छ। यस फाराममा घरपरिवार तथा तरकारी खेती गर्ने कृषक परिवारहरूको विवरण (लगत) मात्र नभई तरकारी खेती गर्ने कृषकले खेती गरेको जग्गामध्ये सन्दर्भ अवधिमा कम्तिमा एक पटक तरकारी लगाएको जम्मा कित्ता संख्या र क्षेत्रफलको विवरण पनि लिनु पर्दछ। यस कार्यका लागि तोकिएको गणना क्षेत्र (वडा) मा पुगिसकेपछि सो वडाको सिमाना थाहा पाउन सम्बन्धित वडाअध्यक्ष वा वडाको सिमाना बुझाउन सक्ने अन्य व्यक्तिहरूसँग सोधी आफूले लगत लिनुपर्ने वडाको सिमाना ज्ञात गर्नुपर्दछ । त्यसपछि कार्य आरम्भ गर्न वडाको कुनै उपयुक्त स्थानको चयन गरी वडाका प्रत्येक घरधुरीमा गई कुनै पनि घरपरिवार नछुट्ने र नदोहोरिने गरी क्रमैसँग विवरण (लगत) लिँदै जानुपर्दछ।

यसरी लगत लिनुको उद्देश्य तरकारी खेती गर्ने कृषक परिवारहरूको पहिचान गरी तिनको छनोट गर्नु भएकोले सर्वप्रथम प्रश्नावलीमा प्रयोग भएका शब्द/शब्दावलीहरूको परिभाषा जान्नु अति आवश्यक छ। तसर्थ यस फाराममा प्रयोग भएका महत्वपूर्ण शब्द/शब्दावलीहरूको व्याख्या निम्नानुसार गरिएको छ।

## ४.१ परिभाषा

### ४.१.१ घरपरिवार :

सामान्यतया एउटै आम्दानी-खर्चले घर व्यवहार चलाई एकै भान्सामा खानपिन गरी बसेका व्यक्तिहरूको समूहलाई परिवार भनिन्छ। परिवारमा एक वा एकभन्दा बढी व्यक्तिहरू हुन सक्दछन्। तिनीहरू नातेदार हुन पनि सक्दछन्, नहुन पनि सक्छन् वा कोही असम्बन्धित व्यक्तिहरू मिलेर पनि परिवार बन्न सक्दछ। एउटा घरमा एक वा एकभन्दा बढी परिवार पनि बसोबास गरेको हुन सक्दछ। सर्वेक्षणमा परिवारको एकाइलाई घरपरिवार भनेर बुझिन्छ।

### ४.१.२ परिवारमूली :

परिवारका सबै सदस्यले त्यस परिवारको मुख्य व्यक्तिको रूपमा मानिआएको व्यक्ति (पुरुष वा स्त्री) लाई परिवारको मूली भनिन्छ। परिवारमा भै-परिआउने सबै व्यवहार चलाउने अधिकार तथा जिम्मेवारी परिवारमूलीको हुन्छ।

### ४.१.३ तरकारी खेती :

घरायसी उपयोग वा बिक्री गर्ने उद्देश्यले काउली तरकारी, फल तरकारी, सागपात तरकारी, कोसे तरकारी, जरे/गानो तरकारी र कन्दमूल तरकारीजस्ता तरकारी बाली उत्पादन गर्ने कार्यलाई तरकारी खेती भनिन्छ।

दुई वा दुईभन्दा बढी कृषक घरपरिवारहरूले संयुक्तरूपमा तरकारी खेती सञ्चालन गरेका भए तिनलाई छुट्टाछुट्टै कृषक घरपरिवार नमानी एउटै एकाइ (कृषक घरपरिवार) मान्नुपर्दछ । यस्तो अवस्थामा तीमध्ये उनीहरूले तोकेको एक कृषक घरपरिवारको मात्र विवरण लिनुपर्दछ तर संस्थागत रुपमा तरकारी खेती गर्नेलाई यसमा समावेश गर्नुहुँदैन ।

### ४.१.४ **तरकारी खेती गर्ने कृषक परिवार :**

एउटै व्यक्ति वा परिवारले रेखदेख गरेको वा एउटै व्यवस्थापन अन्तर्गतको तरकारी उत्पादनको एक आर्थिक एकाइलाई तरकारी खेती गर्ने कृषक परिवार भनिन्छ । जसमा खेताला, साधन, औजार वा तान्ने/जोत्ने जनावरहरूजस्ता प्रमुख उत्पादनका साधनहरू एउटै परिवारको प्रयोग गरिएको हुन्छ। एउटै व्यवस्थापन भन्नाले कुनै ब्यक्ति वा परिवारले सञ्चालन गरेको वा गराइएको बुझ्नुपर्दछ ।

एक व्यक्ति वा परिवारको जिम्मा र रेखदेखमा रहेको एउटा जिल्ला भित्रको सम्पूर्ण तरकारी खेतीको एक आर्थिक एकाइलाई एउटा तरकारी खेती गर्ने कृषक परिवार मान्नु पर्दछ ।

तरकारी बाली सर्वेक्षण २०६६ को लागि सन्दर्भ अवधिमा हिमाल र पहाडका जिल्लामा कम्तीमा २ आना (०.००६३७ हेक्टर) र तराइका जिल्लामा कम्तीमा ४ धुर (०.००६७८ हेक्टर) क्षेत्रफलमा तरकारी बाली लगाएको भएमा मात्र तरकारी खेती गर्ने कृषक परिवार मानिनेछ ।

### ४.१.५ **मुख्य कृषक :**

यस सर्वेक्षणमा आफ्नो तरकारी खेतीको चाँजो-पाँजो मिलाउने, उपलब्ध हुन सक्ने स्रोत र साधनको कसरी उपयोग गर्नु पर्छ भन्ने कुराको निर्णय गर्ने, उत्पादनसम्बन्धी निर्णय लिने र प्राविधिक तथा आर्थिक जिम्मेवारीसमेत वहन गर्ने व्यक्तिलाई मुख्य कृषक भनिन्छ। मुख्य कृषकले आफ्नो वा आफ्नो परिवारको हकको अथवा अरुको हकको जुनसुकै शर्तमा लिएको जग्गाको आफैले वा मेनेजरजस्ता प्रतिनिधिमार्फत् दैनिक कामको रेखदेख गराएको हुन सक्दछ। परिवारमूली र मुख्य कृषक एकै वा फरक-फरक व्यक्ति पनि हुन सक्दछन् ।

### ४.१.६ **कित्ता :**

यहाँ कित्ता भन्नाले साधारण बोलीचालीको भाषामा (जग्गा नापीमा) प्रयोग गरिने कित्ता नभई वरिपरि अरुको साँध भएको बीचमा छुट्टै रहेको जमिनको भागलाई बुझिन्छ । तर कहिलेकहीँ एकातिर खोला, जङ्गल, भिर, नदी, आदिको पनि साँध/सिमाना हुन सक्छ। जतिसुकै गह्रा भए पनि एउटै कृषकको जग्गाको साँध (चार किल्ला) भित्र पर्दछन् भने ती सबै गह्राहरूलाई एकै कित्ता मान्नु पर्दछ। आफ्नो हकको आफैले कमाएको जग्गासँग जुनसुकै शर्तमा आफूले नै कमाएको अरुको हकको जग्गा जोडिन आएमा पनि दुवै जग्गा एकै कित्ता मानिनेछ। एकै तरकारी खेती एकाइअन्तर्गत दुई वा दुईभन्दा बढी कित्ता हुनका लागि एक कित्ता भित्रका गह्रा अर्को कित्ता भित्रका गह्रासँग कतैतिरबाट जोडिएको हुनुहुँदैन । तर एउटै तरकारी खेती एकाइमा रहेको जग्गाको चक्लाको बीचमा स्थायी सिमा जस्तै :

बाटो, नदी, नहर, कुलो, आदि छन् भने तिनले टुक्र्याएका अलग अलग टुक्रालाई अलग-अलग कित्ता मानी विवरण लिनु पर्दछ ।

**४.१.७ तरकारी खेती गरेको जग्गाको जम्मा क्षेत्रफल :**

तरकारी खेती गर्ने कृषकले चलन गरेको जग्गामध्ये सन्दर्भ अवधिमा कम्तिमा एक पटक तरकारी बाली लगाएको कित्ताहरूको क्षेत्रफलको जोड नै तरकारी खेती गरेको जग्गाको जम्मा क्षेत्रफल हो । मुख्य कृषक वा निजको परिवारको सदस्यको नाममा भएको तर निज वा निजको परिवार आफैले तरकारी बाली नलगाएको जग्गालाई तरकारी खेती गरेको जग्गाको जम्मा क्षेत्रफलमा गाभ्नु हुँदैन, तर अरुको हकको जुनसुकै शर्तमा लिई आफूले तरकारी खेती गरेको जग्गा आफ्नो तरकारी खेती गरेको जग्गाको जम्मा क्षेत्रफलमा गाभ्नु पर्दछ । तरकारी खेतीको लागि प्रयोग हुने भवन वा आँगन तथा हरित गृह (टनेल) ले चर्चेको जग्गा पनि जम्मा चलन गरेको क्षेत्रफलमा समावेश गर्नु पर्दछ ।

**४.१.८ क्षेत्रफलको नापको एकाइ :**

क्षेत्रफलको नापको एकाइ ठाउँअनुसार फरकफरक पाइन्छ। साधारणतया तराइका जिल्लाहरूमा बिघा र पहाड तथा हिमाली जिल्लाहरूमा रोपनी प्रयोग गरिएको पाइन्छ। बिघा र रोपनीको विभिन्न नाप एकाइमा रूपान्तर निम्नअनुसार गरिएको छ :

| | | | |
|---|---|---|---|
| १ बिघा | = २७० x २७० वर्ग फुट | १ रोपनी | = ७४ x ७४ वर्ग फुट |
| | = १.६७६७ एकड | | = ०.१२५७१ एकड |
| | = ०.६७७३ हेक्टर | | = ०.०५०८७ हेक्टर |
| | = १३.३१२५ रोपनी | | = ४ माटोमुरी |
| | = २० कठ्ठा | | = १६ आना |
| | = ४०० धुर | | = ६४ पैसा |

कुनै-कुनै तराइका जिल्लामा बिघा पनि कच्ची र पक्कीमा भन्ने गरेको पाइन्छ। यस्तोमा सामान्यतया ६ कच्ची बिघा बराबर १ पक्की बिघा हुन्छ ।

## ४.२. तरकारी खेती गर्ने कृषक परिवार लगत (फाराम १ ) भर्ने तरिका

तरकारी बाली सर्वेक्षण वैज्ञानिक छनोट विधि (Sampling Method) बाट गरिने हुँदा छानिएका गणना क्षेत्रका सबै तरकारी खेती गर्ने कृषक परिवारहरूको विवरण लगत संकलन गर्नका लागि फाराम १ प्रयोग गरिन्छ । यसकै आधारमा तरकारी खेती गर्ने कृषक परिवारहरूको छनोट गरी छानिएका कृषक परिवारको मात्र फाराम २ भरिन्छ ।

तरकारी खेती गर्ने कृषक परिवार लगत (फाराम १) मा मुख्यतः तीन खण्ड रहेका छन् ।

१.१ गणना क्षेत्रको परिचयात्मक विवरण
१.२ कृषक परिवार छनोट विवरण
१.३ कृषक परिवारको लगत वर्गीकरण तथा छनोट अभिलेख

यी तीन खण्डहरूको अलवा यसमा सर्वेक्षण सुव्यवस्थित गर्नका लागि गणक र सुपरिवेक्षकको नाम, मिति र सहीका लागि स्थान दिइएको छ । यी स्थानहरूमा फाराम १ भर्न जाने गणक र सुपरिवेक्षकले क्रमशः आफ्नो पूरा नाम, लगत संकलन मिति र सही उल्लेख गर्नु पर्दछ ।

त्यसै गरी फाराम १ को माथिल्लो भागको दाहिने कुनामा जम्मा पाना संख्या .... को पाना नं. .... भनी लेखिएको छ जसमा लगत संकलन कार्य गर्दा थपिने हरेक पानामा पाना नं. लेख्दै जानु पर्दछ र लगत संकलन कार्य समाप्त भएपछि जम्मा पाना संख्या लेख्नु पर्दछ । यसले हरेक गणना क्षेत्रको लगत फाराम सिलसिलेवार राख्न सहयोग पुऱ्याउँदछ । उदाहरणको लागि यदि कुनै गणना क्षेत्रमा १० पाना लगत फाराम भरिएका छन् भने पहिलोमा जम्मा पाना संख्या १० को पाना नं. १, दोस्रोमा जम्मा पाना संख्या १० को पाना नं. २ गर्दै अन्त्यमा जम्मा पाना संख्या १० को पाना नं. १० लेख्नुपर्दछ ।

## १.१ गणना क्षेत्रको परिचयात्मक विवरण

यस लगत फाराम १ मा गणना क्षेत्रको परिचयात्मक विवरण विभागको कृषि तथ्याङ्क शाखाबाट उपलब्ध गराइएबमोजिम गणना क्षेत्रको लगत संकलन कार्य शुरु गर्नुअगावै भर्नु पर्दछ जुन निम्नअनुसार छन् ।

**१ सर्वेक्षण क्षेत्र :**

तरकारी बाली सर्वेक्षणका लागि तीन भौगोलिक क्षेत्र र पाँच विकास क्षेत्रअन्तर्गत ७५ जिल्लालाई ११ क्षेत्रमा विभाजन गरी सर्वेक्षण क्षेत्र (Domain) बनाइएको छ जुन निम्न प्रकार रहेका छन् ।

| क्र.सं. | सर्वेक्षण क्षेत्र (**Domain**) | कोड | अन्तर्गतका जिल्ला |
|---|---|---|---|
| १ | हिमाल | 01 | संखुवासभा, सिन्धुपाल्चोक, दार्चुला |
| २ | पूर्वी पहाड | 02 | इलाम, धनुकटा, खोटाङ |
| ३ | पूर्वी तराइ | 03 | झापा, मोरङ, सुनसरी, सिरहा |
| ४ | मध्य पहाड | 04 | काभ्रे, भक्तपुर, नुवाकोट, धादिङ |
| ५ | मध्य तराइ | 05 | धनुषा, सर्लाही, बारा, पर्सा, चितवन |
| ६ | पश्चिम पहाड | 06 | लम्जुङ, कास्की, पाल्पा |
| ७ | पश्चिम तराइ | 07 | नवलपरासी, रुपन्देही, कपिलवस्तु |
| ८ | मध्यपश्चिम पहाड | 08 | रुकुम, सल्यान, दैलेख |
| ९ | मध्यपश्चिम तराइ | 09 | दाङ, बर्दिया |
| १० | सुदूरपश्चिम पहाड | 10 | डोटी, डँडेल्धुरा |
| ११ | सुदूरपश्चिम तराइ | 11 | कैलाली, कञ्चनपुर |

लगत फाराम १ को गणना क्षेत्रको परिचयात्मक विवरण भर्दा लगत संकलन गर्न लागिएको गणना क्षेत्र कुन सर्वेक्षण क्षेत्रमा पर्दछ सो क्षेत्रको नाम उपलब्ध गराइएको ठाउँमा लेखी त्यसको कोड सँगैको वर्गाकार कोठामा लेख्नु पर्दछ ।

**उदाहरण** :

सर्वेक्षण क्षेत्र : हिमाल | 0 | 1 |

**२ जिल्ला :**

लगत संकलन गर्न लागिएको गणना क्षेत्र कुन जिल्लामा पर्दछ सो जिल्लाको नाम उपलब्ध गराइएको ठाउँमा लेखी त्यसको कोडसँगैको वर्गाकार कोठामा लेख्नु पर्दछ ।

**३ नगरपालिका/गा.वि.स. :**

लगत संकलन गर्न लागिएको गणना क्षेत्र कुन गा.वि.स./नगरपालिकामा पर्दछ सो गा.वि.स./नगरपालिकाको नाम उपलब्ध गराइएको ठाउँमा लेखी त्यसको कोड सँगैको वर्गाकार कोठामा लेख्नु पर्दछ । गणना क्षेत्र नगरपालिका भए न.पा. र गाउँ विकास समिति भए गा.वि.स. मा गोलो चिह्न लगाउनु पर्दछ ।

**४ वडा नम्बर :**

वडा नं. लेखिएको ठाउँमा लगत संकलन गर्ने गणना क्षेत्रको वडा नं. लेख्नु पर्दछ जुन गणकलाई सुपरिवेक्षकले लगत संकलन कार्यअगावै उपलब्ध गराउनेछन् ।

**५ गणना क्षेत्र क्रमसंख्या:**

तरकारी बाली सर्वेक्षणका लागि छानिएका सम्पूर्ण गणना क्षेत्रहरूलाई दिइने क्रमसंख्या (सिलसिलेवार नम्बर) नै गणना क्षेत्र क्रमसंख्या हो । यस प्रकार यदि जम्मा छानिएका गणना क्षेत्र **m** भए तिनीहरूको क्रमसंख्या १, २, ३, ४, ..........., **m** हुन्छ । लगत संकलन गर्ने गणना क्षेत्रको क्रमसंख्या सम्बन्धित वर्गाकार कोठामा लेख्नु पर्छ, जुन गणकलाई लगत संकलन कार्य अगावै उपलब्ध गराइएको हुन्छ ।

**६ टोली नं. :**

छानिएको गणना क्षेत्रमा गणना गर्न खटिएको टोलीलाई विभागबाट प्रदान गरिएको नम्बर गणनाको समयमा यस टोली नं. लेखिएको कोठामा लेख्नुपर्दछ ।

## १.२ कृषक परिवार छनोट विवरण

तरकारी बाली सर्वेक्षणमा तरकारी बालीसम्बन्धी विस्तृत विवरण प्राप्त गर्न नमूना छनोट विधि अपनाई तरकारी बाली लगाउने कृषक परिवारहरूको छनोट गर्नु पर्दछ । यसरी छानिएका कृषक परिवारहरूले देशमा भएका अन्य हजारौं कृषक परिवारहरूको प्रतिनिधित्व गर्ने हुँदा नमूना छनोट ठीक तरिकाले गर्नु अति आवश्यक हुन्छ । यस सर्वेक्षणको लागि छानिएका प्रत्येक गणना क्षेत्रबाट छानिने कृषक परिवारहरूको संख्या १५ तोकिएको छ । कृषक छनोट विवरणअन्तर्गत निम्न विवरणहरू उल्लेख गर्नु आवश्यक हुन्छ जुन गणना क्षेत्रका सम्पूर्ण कृषक परिवारको लगत संकलनपश्चात् प्राप्त हुन्छ ।

महल १३ को जम्मा कृषक परिवारको संख्या **($N_1$)** = महल १३ को अन्तिम कृषक परिवार क्रमसंख्या

महल १४ को जम्मा कृषक परिवारको संख्या **($N_2$)** = महल १४ को अन्तिम कृषक परिवार क्रमसंख्या - महल १३ को अन्तिम कृषक परिवार क्रमसंख्या

महल १५ को जम्मा कृषक परिवारको संख्या **($N_3$)** = महल १५ को अन्तिम कृषक परिवार क्रमसंख्या - महल १४ को अन्तिम कृषक परिवार क्रमसंख्या

महल १६ को जम्मा कृषक परिवारको संख्या **($N_4$)** = महल १६ को अन्तिम कृषक परिवार क्रमसंख्या - महल १५ को अन्तिम कृषक परिवार क्रमसंख्या

जम्मा कृषक परिवार संख्या **(N) = ($N_1+N_2+N_3+N_4$)** =

छानिने कृषक परिवारको संख्या **(n) = 15**

छनोट अन्तर **(I)** = जम्मा कृषक परिवार संख्या **(N) ÷ 15 = …………….**

शुरु छनोट **(A) = ………………**

यदी शुरु छनोट **(A)** र छनोट अन्तर **(I)** भए छानिने कृषक परिवार संख्याको अनुक्रम –

**A, A+I, A+2I, A+3I,** ……………………………………………………………, **A+14I** हुन्छ ।

कृषक छनोट विधिको विस्तृत व्याख्या परिच्छेद ५, कृषक परिवार छनोटमा दिइएको छ ।

## १.३ कृषक परिवारको लगत वर्गीकरण तथा छनोट अभिलेख

कृषक परिवारको लगत वर्गीकरण तथा छनोट अभिलेख संकलन दुई चरणमा गरिन्छ । पहिलो चरणमा लगत फारामको महल १ देखि १२ सम्मका विवरणहरू प्रत्येक घरपरिवारमा गई उत्तरदातासँग सोधी लगत फाराममा भरी संकलन गरिनेछ । यसबाट तरकारी खेती गर्ने कृषक परिवार हो होइन एकीन गरी तिनको वर्गीकरण गर्न आवश्यक जानकारी प्राप्त हुनेछ ।

दोस्रो चरणमा लगत फारामको महल १३ देखि १६ सम्मका विवरणहरू गणकले गणना क्षेत्रभित्रका सम्पूर्ण घर परिवारको लगत संकलन कार्य समाप्त गरिसकेपछि भर्नुपर्दछ । यस खण्डमा तरकारी खेती गर्ने भनी एकीन गरिएका कृषक परिवारलाई चार तहमा विभाजन गरी पहिलो तहदेखि चौथो तह सम्मका कृषक परिवारलाई क्रमसंख्या दिने कार्य गरिनेछ । कृषक परिवारको तह विभाजन यस प्रकार गरिएको छ ।

पहिलो तहः २ आना/४ धुर वा सोभन्दा बढी र ८ आना/१० धुरभन्दा कम जग्गामा तरकारी खेती गर्ने कृषक परिवार

दोस्रो तहः ८ आना/१० धुर वा सोभन्दा बढी र १ रोपनी/१ कट्ठाभन्दा कम जग्गामा तरकारी खेती गर्ने कृषक परिवार

तेस्रो तहः १ रोपनी/१ कट्ठा वा सोभन्दा बढी र ५ रोपनी/५ कट्ठाभन्दा कम जग्गामा तरकारी खेती गर्ने कृषक परिवार

चौथो तहः ५ रोपनी/५ कट्ठा वा सोभन्दा बढी जग्गामा तरकारी खेती गर्ने कृषक परिवार

## पहिलो चरणमा सोधिने प्रश्न तथा भरिने विवरण (महल १ देखि १२ सम्म)

**घर क्रमसंख्या (महल १)**

यस महलमा घरको क्रमसंख्या सिलसिलेवार मिलाई लेख्नु पर्दछ। गणना क्षेत्रमा लगत लिइने पहिलो घरको क्रमसंख्या १, दोस्रो घरको २ हुँदै गणना क्षेत्रको अन्तिम घरको लगत लिँदा घरको क्रमसंख्या अन्तिम हुनेछ।

यस प्रकार गणना क्षेत्रभित्रका प्रत्येक घरको क्रमसंख्या छुट्टाछुट्टै हुनेछ। गणना क्षेत्रभित्रका कुनै पनि घर नछुटोस् र नदोहोरियोस् भन्नका लागि लगत लिने कार्यको प्रारम्भ गणना क्षेत्रको कुनै एउटा कुनाबाट गरेर सबै घरहरूको लगत नलिएसम्म लगत कार्य समाप्त पार्नु हुँदैन। यसरी लगत संकलन गर्दा गणना क्षेत्रभित्र नपर्ने घरलाई समावेश गर्नु हुँदैन।

**घरपरिवार क्रमसंख्या (महल २)**

यस महलमा घरपरिवारको क्रमसंख्या सिलसिलेवार तरिकाले अन्तिम घरपरिवारको लगत लिँदासम्म लेख्दै जानु पर्दछ। साधारणतया एउटा घरमा एउटै घरपरिवार भेटिन्छन् तर कुनै-कुनै घरमा एकभन्दा बढी घरपरिवार पनि बसेका हुन सक्दछन्। त्यसैले घरमा अन्य घरपरिवार भए नभएको पनि सोध्नु पर्छ। महल १ को अन्तिम क्रमसंख्याले उक्त गणना क्षेत्रमा रहेका जम्मा घर संख्यालाई जनाउँछ भने महल २ को अन्तिम क्रमसंख्याले जम्मा घरपरिवारको संख्यालाई जनाउँछ। घर संख्या र घरपरिवार संख्या बराबर पनि हुन सक्दछ र घर संख्याभन्दा घरपरिवार संख्या बढी पनि हुन सक्छ। यो स्थितिमा महल १ को एउटा घरको क्रमसंख्या अन्तर्गत महल २ को घरपरिवारको संख्या १ भन्दा बढी हुन्छ।

**परिवारमूलीको नाम; थर (महल ३)**

यस महलमा परिवारको मूलीको नाम, थर लेख्नु पर्दछ। परिवारमूलीको परिभाषा खण्ड ४.१.२ मा दिइएको छ। मुख्य कृषक र परिवारको मूली एकै व्यक्ति हुन वा नहुन पनि सक्छ।

**ठेगाना (महल ४)**

यस महलमा उक्त परिवार बसोवास गर्ने ठाउँ, टोल, गल्ली वा कुनै स्थायी चिन्ह जस्तै : फलानो मन्दिरअगाडि, पछाडि, आदि लेख्नु पर्दछ। यसले गर्दा पछि प्रश्नावली भर्न जाँदा छनोटमा परेको घर पहिचान गर्न मद्दत गर्दछ।

**कम्तिमा २ आना/४ धुर जग्गामा तरकारी खेती गरेको छ कि छैन ? (महल ५)**

यस महलमा परिवारले सन्दर्भ अवधिमा कम्तिमा २ आना वा ४ धुर जग्गामा तरकारी खेती लगाएको छ वा छैन भनी सोधी यदि छ भने कोड १ लेखी अगाडिका महलहरू सोध्दै जानु पर्दछ। यदि छैन भने कोड २ लेखी  अर्को घरपरिवारमा जानु पर्दछ। तरकारी खेतीको परिभाषा खण्ड ४.१.३ मा उल्लेख गरिएको छ।

**यदि महल ५ मा छ भन्ने उत्तर आएमा तरकारी खेती गर्ने कृषकको क्रमसंख्या (महल ६)**

यस महलमा महल ५ मा कम्तिमा २ आना वा ४ धुर जग्गामा तरकारी खेती लगाएको **छ** भनी कोड 1 लेखिएका तरकारी खेती गर्ने कृषकहरूलाई 1 देखि शुरु गरी सिलसिलेवार रूपमा क्रमसंख्या लेख्दै जानु पर्दछ र यस महलमा लेखिने अन्तिम क्रमसंख्याले त्यस गणना क्षेत्रभित्र तरकारी खेती गर्ने कृषकहरूको जम्मा संख्या प्राप्त हुन्छ। जस्तै : कुनै गणना क्षेत्रमा तरकारी खेती गर्ने कृषकहरूको संख्या ६५ भएमा पहिलो कृषकको क्रमसंख्या १ दोस्रो कृषकको क्रमसंख्या २ हुँदै अन्तिम कृषकको क्रमसंख्या ६५ हुन्छ।

**मुख्य कृषकको नाम; थर (महल ७)**

यस महलमा मुख्य कृषकको नाम, थर लेख्नु पर्दछ। मुख्य कृषकको परिभाषा खण्ड ४.१.५ मा दिइएको छ। मुख्य कृषक र परिवारको मूली एकै व्यक्ति हुन वा नहुन पनि सक्छ।

**तरकारी खेती गरेको जम्मा कित्ता संख्या (महल ८)**

यी महलमा कृषकले सन्दर्भ अवधिमा कम्तिमा एक पटक तरकारी खेती लगाएको जम्मा कित्ता संख्या सोधी लेख्नु पर्दछ। कित्ताको परिभाषा खण्ड ४.१.६ मा उल्लेख गरिएको छ।

**क्षेत्रफलको एकाइ (महल ९)**

यस महलमा कृषक परिवारले आफूले तरकारी खेती गरेको जम्मा जग्गाको क्षेत्रफल बिघामा भनेमा कोड 1 र रोपनीमा भनेमा कोड 2 लेख्नु पर्दछ। यस महलमा लेखिने क्षेत्रफलको एकाइ सम्पूर्ण गणना क्षेत्रका कृषक परिवारका लागि एउटै हुनु पर्दछ। अतः कुनै कृषकले आफ्नो जग्गाको क्षेत्रफल बिघा वा रोपनीबाहेक अन्य कुनै स्थानीय एकाइमा भनेमा आवश्यकताअनुसार बिघा वा रोपनीमा रूपान्तर गरी उल्लेख गर्नु पर्दछ।

**तरकारी खेती गरेको जम्मा क्षेत्रफल (महल १०, ११ र १२)**

यस महलमा कृषकले तरकारी खेती गरेको जग्गाको जम्मा क्षेत्रफल राम्ररी सोधी लेख्नु पर्दछ। तरकारी खेती गरेको जग्गाको जम्मा क्षेत्रफलको शुद्धताको लागि कृषकसँग कित्ताअनुसार छुट्टाछुट्टै क्षेत्रफल सोधी तिनको जोड यस महलमा लेख्दा राम्रो हुनेछ। यसरी महल १०, ११ र १२ मा क्षेत्रफल लेख्दा क्षेत्रफलको एकाइ बिघा भए बिघा (महल १०), कट्ठा (महल ११) र धुर (महल १२) तथा क्षेत्रफलको एकाइ रोपनी भए रोपनी (महल १०), आना (महल ११) र पैसा (महल १२) मा लेख्नु पर्दछ। यदि कुनै कृषकले आफूले चलन गरेको जग्गाको क्षेत्रफल बिघा वा रोपनीमा भन्न नसकी बिजनको एकाइमा भनेमा आवश्यकताअनुसार बिघा वा रोपनीमा रूपान्तर गरी लेख्नु पर्दछ। तरकारी खेती गरेको जम्मा क्षेत्रफलको परिभाषा खण्ड ४.१.७ मा दिइएको छ।

**रूपान्तरका लागि उदाहरण :**

| | | | | |
|---|---|---|---|---|
| जिल्ला | : | सिन्धुपाल्चोक | | |
| बिजनको परिवर्तित दर | : | १ माना धानको बिजन | = | ०.०५४७ रोपनी |

तरकारी खेती गरेको जग्गामा प्रयोग हुन सक्ने धानको बिजन : १ मुरी ३ पाथी ७ माना

**रूपान्तर गर्ने तरिका :**

| | | | |
|---|---|---|---|
| १ मुरी | = २० पाथी | = | १६० माना |
| | १ पाथी | = | ८ माना |

जम्मा धानको बिजनलाई मानामा लाँदा =१९१ माना **{**(१ X २० X ८) + (३ X ८) + ७ **}**

क्षेत्रफल रोपनीमा = १९१ X ०.०५४७ = १०.४४७७ रोपनी

दशमलव पछिको अंकलाई आनामा लाँदा,

०.४४७७ X १६ = ७.१६३२

दशमलव पछाडिको अंकलाई पैसामा लाँदा,

०.१६३२ X ४ = ०.६५२८ पैसा

≅ १ पैसा

यस प्रकार,

रोपनीमा परिवर्तित क्षेत्रफल = १० रोपनी ७ आना १ पैसा

***जिल्लाअनुसार बिजनको रोपनीमा हुने परिवर्तन दर अनुसूची १ मा दिइएको छ ।***

**प्राप्त उत्तरहरूको जाँच**

यस प्रकार फाराम १ को महल १२ भरी त्यो घर छोड्नुअघि घरपरिवार र कृषक परिवारसम्बन्धी आवश्यक विवरणहरू (महल १ देखि १२ सम्म) ठीक-ठीक तरिकाले भरिएका छन् वा छैनन् हेरी एकीन गर्नु पर्दछ ।

(क) महल २ मा दिइएको घरपरिवार क्रमसंख्या महल १ मा दिइएको घर क्रमसंख्याभन्दा कम हुनु हुँदैन अर्थात् बराबर वा बढी हुनु पर्दछ ।
(ख) यदि महल ५ मा कोड १ लेखिएको छ भने महल ६ देखि १२ पनि भरिएको हुनु पर्दछ । यदि महल ५ मा कोड २ लेखिएका छ भने महल ६ देखि महल १२ भरिएको हुनु हुँदैन ।
(ग) उत्तरदाताबाट कुनै किसिमको द्विविधापूर्ण उत्तर आएमा उक्त घर छोड्नुअगावै सो कुराको निर्णय गरी मात्र छोड्नु पर्दछ ।

**दोस्रो चरणमा भरिने विवरण (महल १३ देखि १६ सम्म)**

गणना क्षेत्रको सबै घरको लगत संकलन कार्य समाप्त गरेपछि महल १३ देखि १६ सम्म भर्नु पर्दछ । यी महलहरू भर्नुअगाडि एक पटक फेरि माथि उल्लेख भएअनुसार भरिएका आँकडा ठीक र सम्बन्धित महलमा छन्, छैनन् राम्ररी हेरी एकीन गर्नुपर्छ र यदि कुनै त्रुटि देखिएमा त्यसलाई अन्य महलमा भरिएका आँकडाअनुसार सच्याउनु आवश्यक हुन्छ । यदि अरु महलको आधारमा सो त्रुटि सच्याउन कठीन भएमा सम्बन्धित घरमा गई त्रुटि सच्याउनुपर्छ । लगत फाराममा भरिएका आँकडाहरू सबै ठीक पाइएमा महल १३ देखि १६ भर्न अर्थात् क्रमसंख्या दिन शुरू गर्नु पर्दछ ।

महल १०, ११ र १२ मा उल्लिखित तरकारी खेती गरेको जम्मा क्षेत्रफलको आधारमा कृषक परिवारलाई ४ समूहमा वर्गीकरण गरिएको छ जुन निम्नअनुसार रहेको छ ।

(क) २ आना /४ धुर वा सोभन्दा बढी र ८ आना /१० धुरभन्दा कम जग्गामा तरकारी खेती गर्ने कृषक परिवार

(ख) ८ आना /१० धुर वा सोभन्दा बढी र १ रोपनी/१ कट्ठाभन्दा कम जग्गामा तरकारी खेती गर्ने कृषक परिवार

(ग) १ रोपनी/१ कट्ठा वा सोभन्दा बढी र ५ रोपनी/५ कट्ठाभन्दा कम जग्गामा तरकारी खेती गर्ने कृषक परिवार

(घ) ५ रोपनी /५ कट्ठा वा सोभन्दा बढी जग्गामा तरकारी खेती गर्ने कृषक परिवार

**२ आना/४ धुर वा सोभन्दा बढी र ८ आना/१० धुरभन्दा कम जग्गामा तरकारी खेती गर्ने कृषक परिवार (महल १३)**

महल १०, ११ र १२ मा लेखिएको क्षेत्रफको आधारमा यस समूहमा पर्ने तरकारी खेती गर्ने कृषक परिवार पहिलोलाई १ दोस्रो लाई २ गरी एवम् रितले समूहभित्रका सम्पूर्ण कृषक परिवारलाई सिलसिलेवार तरिकाले क्रमसंख्या लेख्दै जानुपर्छ । यस समूहमा पर्ने सम्पूर्ण कृषक परिवारलाई क्रमसंख्या दिएपश्चात् मात्र दोस्रो समूहमा क्रमसंख्या दिनु पर्दछ ।

**८ आना/१० धुर वा सोभन्दा बढी र १ रोपनी/१ कठ्ठाभन्दा कम जग्गामा तरकारी खेती गर्ने कृषक परिवार (महल १४)**

महल १०, ११ र १२ मा लेखिएको क्षेत्रफलकै आधारमा दोस्रो समूहमा पर्ने तरकारी खेती गर्ने कृषक परिवारलाई पहिलो समूहको अन्तिम क्रमसंख्या नटुटाई महल १४ मा सिलसिलेवार तरिकाले क्रमसंख्या लेख्दै जानुपर्छ । यस समूहमा पर्ने सम्पूर्ण कृषक परिवारलाई क्रमसंख्या दिएपश्चात् मात्र तेस्रो समूहमा क्रमसंख्या दिनु पर्दछ ।

**१ रोपनी/१ कठ्ठा वा सोभन्दा बढी र ५ रोपनी/५ कठ्ठाभन्दा कम जग्गामा तरकारी खेती गर्ने कृषक परिवार (महल १५)**

यस महलमा पनि महल १०, ११ र १२ मा लेखिएको क्षेत्रफलकै आधारमा तेस्रो समूहमा पर्ने तरकारी खेती गर्ने कृषक परिवारलाई दोस्रो समूहको अन्तिम क्रमसंख्या नटुटाई महल १५ मा

सिलसिलेवार तरिकाले क्रमसंख्या लेख्दै जानुपर्छ । यस समूहमा पर्ने सम्पूर्ण कृषक परिवारलाई क्रमसंख्या दिएपश्चात् मात्र अन्तिम समूहमा क्रमसंख्या दिनु पर्दछ ।

५ रोपनी/५ **कठ्ठा** वा सोभन्दा बढी जग्गामा तरकारी खेती गर्ने कृषक परिवार (**महल १६**)

यस महलमा पनि महल ९, १० र ११ मा लेखिएको क्षेत्रफलकै आधारमा चौथो समूहमा पर्ने तरकारी खेती गर्ने कृषक परिवारलाई तेस्रो समूहको अन्तिम क्रमसंख्या नटुटाई महल १६ मा सिलसिलेवार तरिकाले क्रमसंख्या लेख्दै जानुपर्छ । यसरी यस समूहमा पर्ने अन्तिम कृषक परिवारलाई दिइएको क्रमसंख्या महल ६ मा दिइएको कृषक परिवारको अन्तिम क्रमसंख्यासँग बराबर हुनुपर्दछ ।

उदाहरण :

यदि कुनै गणना क्षेत्रभित्रको पहिलो समूह (महल १३) मा पर्ने कृषक परिवार संख्या $N_1$, दोस्रो समूह (महल १४) मा पर्ने कृषक परिवार संख्या $N_2$, तेस्रो समूह (महल १५) मा पर्ने कृषक परिवार संख्या $N_3$ र चौथो समूह (महल १६) मा पर्ने कृषक परिवार संख्या $N_4$ भए वर्गीकृत समूहअनुसार क्रमसंख्या यस प्रकार हुनेछ :

| **वर्गीकृत समूह** | **कृषक परिवार संख्या** | **कृषक परिवार क्रमसंख्या** |
|---|---|---|
| महल १३ | $N_1$ | 1 देखि $N_1$ सम्म |
| महल १४ | $N_2$ | $N_1 + 1$ देखि $N_1 + N_2$ सम्म |
| महल १५ | $N_3$ | $N_1 + N_2 + 1$ देखि $N_1 + N_2 + N_3$ सम्म |
| महल १६ | $N_4$ | $N_1 + N_2 + N_3 + 1$ देखि $N_1 + N_2 + N_3 + N_4$ सम्म |

यदि कुनै गणना क्षेत्र ठूलो भएको कारणले १ भन्दा बढी गणकद्वारा गणना क्षेत्रलाई विभाजन गरी लगत संकलन कार्य गरिएको भए कृषक परिवार क्रमसंख्या दिनुअगावै प्रत्येक गणकले संकलन गरेको लगत फारामलाई एक मुष्ट गरी मात्र क्रमसंख्या दिने कार्य शुरु गर्नु पर्दछ ।

## परिच्छेद ५

# सर्वेक्षणका लागि कृषक परिवार छनोट गर्ने तरिका

तरकारी बाली सर्वेक्षणमा तरकारी खेतीसम्बन्धी विस्तृत विवरण प्राप्त गर्न नमूना छनोट विधि अपनाई केही कृषक परिवारको छनोट गरी सर्वेक्षण गर्ने कार्यक्रम रहेको छ। छानिएका कृषक परिवारहरूले देशमा भएका अन्य हजारौं कृषक परिवारहरूको प्रतिनिधित्व गर्ने हुँदा नमूना छनोट ठीक तरिकाले गर्नु अति आवश्यक हुन्छ। यस सर्वेक्षणको लागि छानिएका प्रत्येक गणना क्षेत्रबाट छानिने कृषक परिवारहरूको संख्या १५ तोकिएको छ। यस परिच्छेदमा र अन्यत्र कतै छानिने कृषक परिवारहरूको संख्या १५ भनी व्याख्या गरिएको भए तापनि मध्यपश्चिम तराइ सर्वेक्षण क्षेत्र (दाङ, बर्दिया), सुदूरपश्चिम पहाड सर्वेक्षण क्षेत्र (डोटी, डँडेलधुरा) र सुदूरपश्चिम तराइ सर्वेक्षण क्षेत्र (कैलाली, कञ्चनपुर) का गणना क्षेत्रको हकमा छानिने कृषक परिवारहरूको संख्या २० तोकिएको छ।

लगत संकलन कार्य समाप्त गरी कृषक परिवारको छनोट कार्यको लागि सुपरिवेक्षक आफैले गणना क्षेत्रमै छनोट कार्य गर्न सक्षम हुनु पर्दछ र गणना क्षेत्र छोड्नुअगावै सबै विवरणहरू ठीक-ठीक भरिए नभरिएको एकीन गर्नु पर्दछ।

## ५.१ नमूना छनोट :

गणना क्षेत्र भित्रका सम्पूर्ण घर दैलोमा पुगी “तरकारी खेती गर्ने कृषक परिवार” पत्ता लगाएर कृषक परिवार लगत (फाराम १) को महल १ देखि महल १२ सम्म भर्नुपर्ने विवरणहरू भरिसकेपछि सो लगतका बाँकी महलहरू (महल १३ देखि महल १६ सम्म) भरी गणनाका लागि “कृषक परिवारहरू” छनोट गर्नु पर्दछ।

नमूना छनोटका लागि सर्वप्रथम फाराम १ को महल १०, ११ र १२ मा भरिएको जग्गाको क्षेत्रफललाई मुख्य आधार मानी “कृषक परिवारहरू” लाई चार वर्गमा विभाजन गर्नु पर्दछ। यसरी तह विभाजन गर्दा हिमाल तथा पहाड र तराइका जिल्लाहरूमा निम्नानुसार क्षेत्रफलको हद कायम गरी वर्गीकरण गर्नुपर्दछ।

| हिमाल तथा पहाडका जिल्ला | तराइका जिल्ला |
|---|---|
| क. २ आना वा सोभन्दा बढी र ८ आनाभन्दा कम जग्गामा तरकारी खेती गर्ने कृषक परिवारहरू | क. ४ धुर वा सोभन्दा बढी र १० धुरभन्दा कम जग्गामा तरकारी खेती गर्ने कृषक परिवारहरू |
| ख. ८ आना वा सोभन्दा बढी र १ रोपनीभन्दा कम जग्गामा तरकारी खेती गर्ने कृषक परिवारहरू | ख. १० धुर वा सोभन्दा बढी र १ कट्ठाभन्दा कम जग्गामा तरकारी खेती गर्ने कृषक परिवारहरू |
| ग. १ रोपनी वा सोभन्दा बढी र ५ रोपनीभन्दा कम जग्गामा तरकारी खेती गर्ने कृषक परिवारहरू | ग. १ कट्ठा वा सोभन्दा बढी र ५ कट्ठाभन्दा कम जग्गामा तरकारी खेती गर्ने कृषक परिवारहरू |
| घ. ५ रोपनी वा सोभन्दा बढी जग्गामा तरकारी खेती गर्ने कृषक परिवारहरू | घ. ५ कट्ठा वा सोभन्दा बढी जग्गामा तरकारी खेती गर्ने कृषक परिवारहरू |

महल १०, ११ र १२ मा अंकित क्षेत्रफलको आधारमा पहिलो वर्गमा पर्ने सबै कृषक परिवारहरूका लागि महल १३ मा क्रमसंख्या १ बाट शुरु गरी सिलसिलेवार नम्बर लेख्दै जानुपर्छ।
पहिलो वर्गमा पर्ने सबै कृषक परिवारहरूलाई क्रमसंख्या दिइसकेपछि दोस्रो वर्गमा पर्ने सबै कृषक परिवारहरूका लागि महल १४ मा सिलसिलेवार नम्बर लेख्दै जानु पर्छ। यसरी नम्बर लेख्दा याद गर्नुपर्ने कुरा के छ भने महल १४ मा सिलसिलेवार नम्बर पाउने पहिलो कृषक परिवारको क्रमसंख्या महल १३ मा लेखिएको क्रमसंख्याभन्दा लगत्तै पछिको (माथिल्लो) संख्या हुनु पर्दछ।

माथि भनिएबमोजिम नै क्रम नछुटाई महल १५ र महल १६ मा क्रमशः तेस्रो र चौथो वर्गमा पर्ने कृषक परिवारहरूका लागि पनि सिलसिलेवार नम्बर लेख्नु पर्दछ।

चौथो समूहमा पर्ने अन्तिम कृषक परिवारलाई दिइएको क्रमसंख्या महल ६ मा दिइएको कृषक परिवारको अन्तिम क्रमसंख्यासँग बराबर हुनुपर्दछ।

यसरी महल १३, १४, १५ र १६ मा चारै समूहका कृषक परिवारहरूलाई लिसिलेवार क्रमसंख्या दिएपश्चात् कृषक परिवार लगत फाराम १ को खण्ड १.२ कृषक छनोट विवरणअन्तर्गत निम्न विवरणहरू लेख्नु पर्छ।

महल १३ को जम्मा कृषक परिवारको संख्या **($N_1$)** = महल १३ को अन्तिम कृषक परिवार क्रमसंख्या
महल १४ को जम्मा कृषक परिवारको संख्या **($N_2$)** = महल १४ को अन्तिम कृषक परिवार क्रमसंख्या - महल १३ को अन्तिम कृषक परिवार क्रमसंख्या
महल १५ को जम्मा कृषक परिवारको संख्या **($N_3$)** = महल १५ को अन्तिम कृषक परिवार क्रमसंख्या - महल १४ को अन्तिम कृषक परिवार क्रमसंख्या
महल १६ को जम्मा कृषक परिवारको संख्या **($N_4$)** = महल १६ को अन्तिम कृषक परिवार क्रमसंख्या - महल १५ को अन्तिम कृषक परिवार क्रमसंख्या

जम्मा कृषक परिवार संख्या **(N) = ($N_1+N_2+N_3+N_4$)** =

छानिने कृषक परिवारको संख्या **(n) = 15**

छनोट अन्तर **(I)** = जम्मा कृषक परिवार संख्या **(N) ÷ 15 = ................**

शुरु छनोट **(A)** = é é é é é é

यदी शुरु छनोट **(A)** र छनोट अन्तर **(I)** भए छानिने कृषक परिवार संख्याको अनुक्रम –

A, A+I, A+2I, A+3I, ........................................................, A+14I हुन्छ।

५.१.१ जम्मा कृषक परिवार संख्या **(N)** :

गणना क्षेत्रको जम्मा कृषक परिवार संख्या **(N)** त्यस गणना क्षेत्रभित्रका कृषक परिवारहरूलाई दिइने अन्तिम क्रमसंख्या हो। यो संख्या फाराम १ को महल १३, १४, १५ र १६ का कृषक परिवार संख्याहरूको जोडको बराबर हुनु पर्दछ अर्थात् यो संख्या फाराम १ को महल ५ मा छ भन्ने उत्तर प्राप्त भै त्यस महलमा दिइने अन्तिम क्रमसंख्यासँग पनि बराबर हुनु पर्दछ। यदि महल १३, १४, १५ र १६ का कृषक परिवार संख्याहरूको जोड महल ६ को अन्तिम क्रमसंख्यासँग बराबर भएन

भने ती महलहरूमा क्रमसंख्या दिने क्रममा वा जोड्ने क्रममा कतै गल्ती भएको हुनुपर्छ, जसलाई पत्ता लगाई सच्याउनु पर्दछ ।

### ५.१.२ **छानिने कृषक परिवार संख्या (n) :**

यस सर्वेक्षणको लागि छानिएका प्रत्येक गणना क्षेत्रबाट छानिने कृषक परिवारहरूको संख्या **(n)** १५ तोकिएको छ । तर मध्यपश्चिम तराइ सर्वेक्षण क्षेत्र (दाङ, बर्दिया), सुदूरपश्चिम पहाड सर्वेक्षण क्षेत्र (डोटी, डँडेलधुरा) र सुदूरपश्चिम तराइ सर्वेक्षण क्षेत्र (कैलाली, कञ्चनपुर) का गणना क्षेत्रको हकमा छानिने कृषक परिवारहरूको संख्या **(n)** २० तोकिएको छ ।

### ५.१.३ **छनोट अन्तर (I) :**

छनोट अन्तर **(I)** ले लगतमा समावेश भएका जम्मा कृषक परिवार संख्या **(N)** मध्ये छानिने कृषक परिवारहरूको संख्या **(n)** कतिकति अन्तरमा छनोट गर्ने भन्ने जनाउँदछ जुन जम्मा कृषक परिवार संख्या **(N)** लाई छानिने कृषक परिवार संख्या **(n)** ले भाग गर्दा प्राप्त हुन्छ । कृषक परिवार छनोट गर्नका लागि छनोट अन्तर संख्या लिँदा दशमलवको एक स्थानसम्म मात्र लिने निश्चित गरिएको छ ।

यदि छनोट अन्तर **(I)** = ७.४६७८ आयो भने छनोट अन्तर **(I)** = ७.४ लिनुपर्दछ ।

$$I = \frac{N}{n}$$

### ५.१.४ शुरु छनोट (A)

शुरु छनोट **(A)** ले लगतमा उल्लेख भएका कृषक परिवारमध्ये कुन कृषक परिवारलाई सर्वप्रथम छान्ने भन्ने जनाउँदछ । यो शुरु छनोट अंक **(A)** छनोट अन्तर **(I)** बराबर वा सोभन्दा कम मात्र हुन सक्दछ ।

अर्थात् **A <= I**

यदि छनोट अन्तर **(I)** दशमलवमा (जस्तै :– ७.४३ वा ७.८२९) आयो भने शुरु छनोट **(A)** को चयन गर्दा दशमलवभन्दा पछाडिका अंकलाई नलिने । तसर्थ यस उदाहरणमा शुरु छनोट (A) एकदेखि सातसम्मको पूर्ण संख्या (Whole Number) हुनु पर्दछ । यो १ देखि ७ सम्मका अंकमध्ये कुन अंकलाई शुरु छनोट (A) मान्ने हो भनी दैवी संख्या तालिका (Random Number Table) को प्रयोगबाट निर्धारण गर्नु पर्दछ । दैवी संख्या तालिका अनुसूची - २ मा दिइएको छ ।

शुरु छनोट (A) = दैवी संख्या (R)

तरकारी बाली सर्वेक्षण २०६६ को सिलसिलामा “कृषक परिवार” छनोट गर्दा शुरु छनोट अंक (A) मात्र दैवी संख्या तालिकाको प्रयोगबाट पत्ता लगाए पुग्दछ । अन्य छनोट संख्याहरू शुरु छनोट अंकमा क्रमशः I, 2I, 3I, 4I,é é é é ..जोड्दै गएमा प्राप्त हुनेछ । यसअनुसार छानिने कृषक परिवार क्रमसंख्याको मान निम्नअनुसार पत्ता लगाउन सकिन्छ ।

पहिलो छानिने कृषक परिवार क्रमसंख्या $(H_1) = R = A_1$
दोस्रो छानिने कृषक परिवार क्रमसंख्या $(H_2) = A_1 + I = A_2$
तेस्रो छानिने कृषक परिवार क्रमसंख्या $(H_3) = A_2 + I = A_3$
चौथौं छानिने कृषक परिवार क्रमसंख्या $(H_4) = A_3 + I = A_4$
पाँचौं छानिने कृषक परिवार क्रमसंख्या $(H_5) = A_4 + I = A_5$
छैठौं छानिने कृषक परिवार क्रमसंख्या $(H_6) = A_5 + I = A_6$
सातौं छानिने कृषक परिवार क्रमसंख्या $(H_7) = A_6 + I = A_7$
आठौं छानिने कृषक परिवार क्रमसंख्या $(H_8) = A_7 + I = A_8$
नवौं छानिने कृषक परिवार क्रमसंख्या $(H_9) = A_8 + I = A_9$
दशौं छानिने कृषक परिवार क्रमसंख्या $(H_{10}) = A_9 + I = A_{10}$
एघारौं छानिने कृषक परिवार क्रमसंख्या $(H_{11}) = A_{10} + I = A_{11}$
वाह्रौं छानिने कृषक परिवार क्रमसंख्या $(H_{12}) = A_{11} + I = A_{12}$
तेह्रौं छानिने कृषक परिवार क्रमसंख्या $(H_{13}) = A_{12} + I = A_{13}$
चौधौं छानिने कृषक परिवार क्रमसंख्या $(H_{14}) = A_{13} + I = A_{14}$
पन्ध्रौं छानिने कृषक परिवार क्रमसंख्या $(H_{15}) = A_{14} + I = A_{15}$

## ५.२ दैवी संख्या तालिका प्रयोग विधि :

दैवी संख्या तालिका भनेको नमूना छनोट गर्न उपयोग गरिने त्यस्तो तालिका हो जसबाट क्रमबद्ध रूपमा सांख्यिकीय गुणअनुरूप छनोट सम्भव हुन्छ । तरकारी बाली सर्वेक्षण २०६६ मा छनोटमा परेका गणना क्षेत्रहरूबाट आवश्यक १५ वटा “कृषक परिवार” छान्ने कार्य गणनास्थलमै सुपरिवेक्षक तहबाट गर्नुपर्ने भएकाले दैवी संख्या तालिकाको प्रयोग जान्नु आवश्यक छ । यहाँ दैवी संख्या तालिकाको त्यो पक्षलाई मात्र व्याख्या गरिएको छ जसअनुरूप पहिलो “कृषक परिवार” को छनोट गरिनेछ ।

छनोट विधिअन्तर्गत प्रथमतः हामीले कति अंक (Digit) को दैवी संख्या तालिका प्रयोग गर्ने हो, सो निर्धारण गर्नु पर्छ । त्यस स्थितिमा कति संख्या (छनोट अन्तर) मध्येबाट छान्ने हो त्यहीअनुसार कति अंके दैवी संख्या प्रयोग गर्ने भन्ने थाहा हुन्छ । तरकारी बाली सर्वेक्षण २०६६ को सन्दर्भमा कति अंके तालिका प्रयोग गर्ने हो सो छनोट अन्तर (I) कति अंके हुन्छ त्यसैमा आधारित हुन्छ । उदारणको लागि यदि कुनै गणना क्षेत्रमा छनोट अन्तर २० भएमा यो संख्या दुई अंके भएको हुनाले दुई अंके तालिका प्रयोग गर्नु पर्छ । त्यसपछि दैवी संख्या तालिकाको कुन हरफबाट छनोट कार्य गर्ने हो त्यो पनि निर्धारण गर्नु पर्छ ।

शुरु छनोट (A) उपलब्ध गराइएको दैवी संख्या तालिका (Random Number Table) को पानाबाट छान्नु पर्नेछ । तालिकाको प्रथम महलमा क्रमसंख्या राखिएको छ र अन्य महलमा दैवी संख्या (R) रहेको छ । दैवी संख्या तालिकाको कुन महलबाट छनोट कार्य गर्ने हो त्यो पनि निर्धारण गर्नुपर्दछ । दैवी संख्याको छनोट जुनसुकै महलबाट शुरु गरे पनि हुन्छ तर सम्झन सजिलो र एकरूपताको लागि गाविस वा नगरपालिकाको अंग्रेजीमा लेखिने नामको शुरुको अक्षरअनुसार महल निर्धारण गर्नु उपयुक्त हुन्छ । यदि गाविस वा नगरपालिकाको नाम चैनपुर (Chainpur) हो भने अंग्रेजीमा त्यसको नाम लेख्दा शुरुको अक्षर (C) महलबाट दैवी संख्या छनोट गर्नुपर्दछ । छनोट अन्तर एक अंकको भएको अवस्थामा त्यो महलको दैवी संख्या शून्य भए

त्यसपछिको हरफको संख्या रोज्नुपर्दछ । छनोट अन्तर दुई अंकको भएको हकमा सम्बन्धित महलको दायाँतर्फको संख्यासमेत राखी छनोट अन्तर वा सोभन्दा कम संख्या पर्ने गरी दैवी संख्या छनोट गर्नुपर्दछ । यदि त्यो हरफमा उपुक्त संख्या नभेटिए त्यसपछिको हरफमा खोजी गरी दैवी संख्याको चयन गर्नुपर्दछ ।

दैवी संख्या (R) नै पहिलो छानिएको परिवार क्रमसंख्या अर्थात् शुरु छनोट (A) हो । जस्तै छनोट अन्तर ७.४ वा ७.८ छ भने अब दैवी संख्या (R) छनोट गर्दा छनोट अन्तर (I) पूर्णसंख्या ७ लिनु पर्दछ । दैवी संख्या तालिकामा सो लहरको पहिलो दैवी संख्या (R) यदि ४ रहेछ भने सोही दैवी संख्या (R) लिनु पर्दछ र उक्त संख्या (R) नै पहिलो छनोट परिवार क्रमसंख्या हो । दैवी नम्बर तालिकामा प्रयोग भई सकेको दैवी नम्बरलाई प्रयोग भइसकेको जनाउन गोलो चिन्ह लगाउनु पर्दछ र सो नम्बर पुनः प्रयोग गर्नु हुँदैन । अर्को गणना क्षेत्रमा दैवी संख्या (R) लिँदा उक्त हरफको पहिलो दैवी संख्या ४ अघिलो गणना क्षेत्रमा प्रयोग भई गोलो चिन्ह लगाई सकिएको हुँदा त्यही महलको तल्लो हरफको संख्या लिनु पर्दछ र प्रयोग भइसकेपछि यसलाई पनि गोलो चिन्ह लगाउनुपर्दछ । यदि त्यही महलको तल्लो हरफमा दैवी संख्या ५ रहेछ भने यो नै उक्त गणना क्षेत्रको पहिलो छनोट परिवार क्रमसंख्या (५) हुनेछ ।

उदाहरण :

तराइ जिल्लाको कुनै एक गणना क्षेत्रमा जम्मा ११० तरकारी खेती गर्ने कृषक परिवारहरू छन् । यीमध्ये ५० कृषक परिवारको तरकारी खेती गरेको जग्गाको क्षेत्रफल ४ धुर वा सोभन्दा बढी र १० धुरभन्दा कम छ, २५ कृषक परिवारको तरकारी खेती गरेको जग्गाको क्षेत्रफल १० धुर वा सोभन्दा बढी र १ कट्ठाभन्दा कम छ, २४ कृषक परिवारको तरकारी खेती गरेको जग्गाको क्षेत्रफल १ कट्ठा वा सोभन्दा बढी र ५ कट्ठाभन्दा कम छ र ५ कट्ठा वा सोभन्दा बढी जग्गामा तरकारी खेती गर्ने कृषक परिवारहरू ११ मात्र छन् भने यी ११० कृषक परिवारमध्ये १५ कृषक परिवारको छनोट प्रकृया यस प्रकार हुन्छ ।

महल १३ को जम्मा कृषक परिवारको संख्या ($N_1$) = 50

महल १४ को जम्मा कृषक परिवारको संख्या ($N_2$) = 25

महल १५ को जम्मा कृषक परिवारको संख्या ($N_3$) = 24

महल १६ को जम्मा कृषक परिवारको संख्या ($N_4$) = 11

जम्मा कृषक परिवार संख्या $(N) = (N_1+N_2+N_3+N_4) = 50+25+24+11 = 110$

छानिने कृषक परिवारको जम्म्मा संख्या $(n) = 15$

छनोट अन्तर $(I) = N \div 15 = 110/15 = 7.33 \approx 7.3$

शुरु छनोट $(A) = 3$

यस प्रकार शुरु छनोट **3** र छनोट अन्तर **7.3** भए छानिने 15 कृषक परिवारको क्रमसंख्याको अनुक्रम निम्नअनुसार हुन्छ ।

| छानिने **15** कृषक परिवारको महल १३, १४, १५ र १६ को क्रमसंख्याको अनुक्रम | | | | |
|---|---|---|---|---|
| पहिलो छानिने कृषक परिवार | $H_1 = A$ | 3 | 3 | 3 |
| दोस्रो छानिने कृषक परिवार | $H_2 = H_1 + I$ | 3 + 7.3 = | 10.3 | 10 |
| तेस्रो छानिने कृषक परिवार | $H_3 = H_2 + I$ | 10.3 + 7.3 = | 17.6 | 18 |
| चौथो छानिने कृषक परिवार | $H_4 = H_3 + I$ | 17.6 + 7.3 = | 24.9 | 25 |
| पाँचौं छानिने कृषक परिवार | $H_5 = H_4 + I$ | 24.9 + 7.3 = | 32.2 | 32 |
| छैठौं छानिने कृषक परिवार | $H_6 = H_5 + I$ | 32.2+ 7.3 = | 39.5 | 40 |
| सातौं छानिने कृषक परिवार | $H_7 = H_6 + I$ | 39.5+ 7.3 = | 46.8 | 47 |
| आठौं छानिने कृषक परिवार | $H_8 = H_7 + I$ | 46.8 + 7.3 = | 54.1 | 54 |
| नवौं छानिने कृषक परिवार | $H_9 = H_8 + I$ | 54.1 + 7.3 = | 61.4 | 61 |
| दशौं छानिने कृषक परिवार | $H_{10} = H_9 + I$ | 61.4 + 7.3 = | 68.7 | 69 |
| एघारौंछानिने कृषक परिवार | $H_{11} = H_{10} + I$ | 68.7 + 7.3 = | 76.0 | 76 |
| बाह्रौं छानिने कृषक परिवार | $H_{12} = H_{11} + I$ | 76.0 +7.3 = | 83.3 | 83 |
| तेह्रौं छानिने कृषक परिवार | $H_{13} = H_{12} + I$ | 83.3 + 7.3 = | 90.6 | 91 |
| चौधौं छानिने कृषक परिवार | $H_{14} = H_{13} + I$ | 96.6 + 7.3 = | 97.9 | 98 |
| पन्ध्रौं छानिने कृषक परिवार | $H_{15} = H_{14} + I$ | 97.9 + 7.3 = | 105.2 | 105 |

यसरी माथिको उदाहरणमा गणना क्षेत्रभित्रका सम्पूर्ण तरकारी खेती गर्ने कृषक परिवार (N=110) बाट सर्वेक्षणका लागि आवश्यक 15 कृषक परिवार छनोट गर्दा महल १३, १४, १५ र १६ मा छानिएका कृषकहरूको क्रमसंख्या यस्तो हुन्छ -

3, 10, 18, 25, 32, 40, 47, 54, 61, 69, 76, 83, 91, 98, 105

स्मरण रहोस्, यी क्रमसंख्याहरू महल १३, १४, १५ र १६ मा दिइएका क्रमसंख्या हुन् महल ६ को क्रमसंख्या होइनन् । माथि उल्लिखित सूत्रअनुसार छानिएका कृषकहरूको क्रमसंख्यालाई १३, १४, १५ र १६ महलमा रातो लेख्ने कलम वा डट्पेनको प्रयोग गरी गोलो घेरा लगाउनु पर्दछ ।

जस्तै, ◯ ◯ ◯ आदि ।

त्यसपछि यिनै चलनहरूको महल ६ मा भएको सिलसिलेवार नम्बरलाई रातो गोलो रेखाले घेरी दिनु पर्दछ । अब यिनै महल ६ मा रातो गोलो रेखाले घेरीएका १५ कृषक परिवारहरूलाइ छानिएका कृषक परिवार सूची, फाराम १(क) मा उतार गर्नु पर्दछ ।

## परिच्छेद ६

# छानिएका कृषक परिवार उतार फाराम

फाराम १ (क) छानिएका कृषक परिवारहरूको सूची तयार पार्नका लागि प्रयोग हुन्छ। सुपरिवेक्षकले लगत संकलन कार्य सकिएपश्चात् कृषक परिवार छनोट कार्य गरी छानिएका १५ कृषक परिवारहरूलाई यस फाराम १ (क) मा उतार गरी गणकलाई उपलब्ध गराउनुपर्दछ जसलाई गणना क्षेत्रमा भरिएका लगत फाराम १ को कभर पानाको रूपमा प्रयोग गर्नु पर्दछ। यही फाराम १ (क) नै तरकारी बाली सर्वेक्षण २०६६ को घरपरिवार सर्वेक्षण प्रश्नावली भर्नका लागि छानिएका कृषक परिवारको पहिचानको आधार हुनेछ। यस फाराम १ (क) मा तीन खण्ड रहेका छन्।

१.१ गणना क्षेत्रको परिचयात्मक विवरण
१.२ कृषक परिवार छनोट विवरण
१.३ छानिएका कृषक परिवार सूची

**६.१ छानिएका कृषक परिवार उतार फाराम (फाराम १ क) भर्ने तरिका :**

### १.१ गणना क्षेत्रको परिचयात्मक विवरण

फाराम १(क) मा भर्नुपर्ने गणना क्षेत्रको परिचयात्मक विवरण कृषक परिवारहरूको लगत संकलन कार्य गर्दा नै फाराम १ मा भरिसकिएको हुन्छ। अतः लगत फाराम १ को गणना क्षेत्रको परिचयात्मक विवरण खण्डमा भरिएका विवरणहरू नै फारामको यस खण्डमा भर्नु पर्दछ।

### १.२ कृषक परिवार छनोट विवरण

यस फाराममा भर्नुपर्ने छनोट विवरण पनि लगत फाराम १ को खण्ड १.२ कृषक परिवार छनोट विवरणबाट भर्नु पर्दछ र छनोट कार्य गर्ने सुपरिवेक्षकले आफ्नो नाम र छनोट मिति लेखी यस खण्डमा सही समेत गर्नु पर्ने हुन्छ।

### १.३ छानिएका कृषक परिवार सूची

**क्रमसंख्या (महल १):**

यस महलमा दिइएको संख्या सिलसिलेवार क्रमसंख्या हो जसले प्रश्नावली भर्न र डाटा इन्ट्री गर्नमा मद्दत गर्दछ। एक गणना क्षेत्रमा १५ कृषक परिवार छानिने हुँदा यस महलमा १ देखि १५ सम्म क्रमसंख्या लेखिएका छन्।

**छानिएका कृषक परिवार क्रमसंख्या (महल २):**

यस महलमा छानिएका कृषक परिवार क्रमसंख्या लेख्नु पर्दछ जुन लगत फाराम १ को महल नं. ६ बाट प्राप्त हुन्छ अर्थात् छनोटमा परी महल नं. ६ मा रातो गोलो घेरा लगाइएका कृषक परिवार क्रमसंख्या यस महलमा लेख्नु पर्दछ ।

**मुख्य कृषकको नाम (महल ३):**

यस महलमा छानिएका मुख्य कृषकको नाम लगत फाराम १ को महल नं. ७ बाट लेख्नु पर्दछ ।

**ठेगाना (महल ४):**

यस महलमा छानिएका मुख्य कृषकको ठेगाना लगत फाराम १ को महल नं ४ बाट लेख्नु पर्दछ ।

**कैफियत (महल ५):**

आवश्यक कुनै किसिमको जानकारी तथा कारण उल्लेख गर्नु परेमा यस महलको प्रयोग गर्न सकिन्छ ।

# परिच्छेद ७

# घरपरिवार सर्वेक्षण प्रश्नावली (फाराम २)

तरकारी बाली सर्वेक्षण २०६६ का लागि तयार पारिएको घरपरिवार सर्वेक्षण प्रश्नावली 'फाराम २' कात्तिक/मंसिर महिनामा गरिने तरकारी बाली सर्वेक्षणमा प्रयोग गरिने फाराम हो जसको पहिलो खण्डमा तरकारी खेती गर्ने कृषक परिवारहरूको परिचयात्मक विवरण, दोस्रो खण्डमा कित्ताअनुसार जग्गाको क्षेत्रफल एवं उपयोग, तेस्रो खण्डमा रोजगार तथा चालु/पूँजीगत खर्च विवरण र चौथो खण्डमा उत्पादन तथा आम्दानीसम्बन्धी विवरण सङ्कलन गरिन्छ ।

यो प्रश्नावली सर्वेक्षणका लागि छानिएका गणना क्षेत्रहरूको लगत संकलन गरिएका गणना क्षेत्रभित्रका सम्पूर्ण तरकारी खेती गर्ने कृषक परिवारको पहिचान गरी तीमध्ये एउटा गणना क्षेत्रका लागि वैज्ञानिक विधिद्वारा छानिएका १५ कृषक परिवारको विवरण लिनका लागि यो प्रश्नावली ( फाराम २) तल दिइएको निर्देशनअनुसार भरिएको हुनु पर्दछ । प्रश्नावलीमा प्रयोग भएका शब्दावली, परिभाषा तथा अवधारणा परिच्छेद ४ मा दिइएको छ ।

## ७.१ तरकारी बाली सर्वेक्षण (फाराम २) मा भएका मुख्य खण्डहरू

तरकारी बाली सर्वेक्षण प्रश्नावली (फाराम २) मा निम्न खण्डहरू रहेका छन् ।

पहिलो खण्ड - मुख्य कृषक परिवारको परिचयात्मक विवरण
दोस्रो खण्ड - कित्ताअनुसार जग्गाको क्षेत्रफल एवं उपयोग
तेस्रो खण्ड - रोजगार तथा चालु/पूँजीगत खर्च विवरण
चौथो खण्ड - उत्पादन तथा आम्दानीसम्बन्धी विवरण
पाँचौं खण्ड - वित्तीय विवरण
छैटौं खण्ड - विविध

यस सर्वेक्षणमा प्रयोग हुने प्रश्नावलीहरूमा कित्ता, क्षेत्रफलको नापको एकाइ, तरकारी बाली र महिनालाई विभिन्न कोडहरू निर्धारित गरिएको छ जसले तथ्याङ्क संकलन तथा प्रशोधन कार्यलाई मद्दत पुऱ्याउँछ । कित्ता, तरकारी बाली तथा महिनाको नाम शब्दमा लेखी गणना कार्य सकेपछि कोड राख्न सकिन्छ ।

## ७.२ तरकारी बाली सर्वेक्षण (फाराम २) भर्ने तरिका

### फाराम क्रमसंख्या

तरकारी बाली सर्वेक्षण २०६६ को घरपरिवार सर्वेक्षण प्रश्नावली फाराम-२ को सबभन्दा माथि दाहिनेतर्फ फाराम क्रमसंख्या लेखी ४ अङ्क अटाउने कोठा दिइएको छ । जसमा केन्द्रमा प्रश्नावली कोडिङका बखत भरिएका सम्पूर्ण प्रश्नावलीहरूलाई सर्वेक्षण क्षेत्रअनुसार ०००१ देखि शुरू गरी क्रमशः फाराम क्रमसंख्या लेखिनेछ ।

**टोली नं.**

छानिएको गणना क्षेत्रमा गणना गर्न खटिएको टोलीलाई प्रदान गरिएको नम्बर गणनाको समयमा यस टोली नं. लेखिएको कोठामा लेख्नुपर्दछ ।

### ७.२.१ **पहिलो खण्ड – परिचयात्मक विवरण**

यस खण्डमा १६ महत्वपूर्ण विवरणहरू संकलन गरिनेछ। यसमध्ये केही विभागबाट उपलब्ध गराइएका हुनेछन् जुन तरकारी खेती गर्ने कृषक परिवार लगत (फाराम १) र छानिएका कृषक परिवार उतार फाराम (फाराम १ क) बाट उतार गरी लेख्नुपर्ने हुन्छ भने केही विवरण मुख्य कृषक वा उत्तरदातालाई सोधी लेख्नु पर्ने हुन्छ। जुन यस प्रकार छन् :

१. **सर्वेक्षण क्षेत्र**

देशका तीन भौगोलिक क्षेत्र तराइ, पहाड र हिमाल तथा पाँच विकास क्षेत्र पूर्वाञ्चल, मध्यमाञ्चल, पश्चिमाञ्चल, मध्यपश्चिमाञ्चल र सुदूरपश्चिमाञ्चल क्षेत्र गरी जम्मा ११ वटा सर्वेक्षण क्षेत्र (Domain) बनाइएका छन् । यसमा केन्द्रीय तथ्याङ्क विभागबाट दिइएको संख्या सर्वेक्षण क्षेत्रसँगैको कोठामा भर्नुपर्दछ ।

२. **जिल्ला**

एउटा सर्वेक्षण क्षेत्र (Domain) भित्र विभिन्न जिल्लाहरू पर्दछन् । अतः गणना क्षेत्र कुन जिल्लामा पर्दछ सो जिल्लाको नाम लेखी त्यस जिल्लाको कोड कोठामा लेख्नुपर्दछ ।

३. **न.पा./गा. वि. स.**

गणना क्षेत्र जिल्लाको कुन गा.वि.स./नगरपालिकामा पर्दछ सोको नाम लेखी त्यसको कोड कोठामा लेख्नुपर्दछ । गणना क्षेत्र नगरपालिका क्षेत्रभित्र पर्ने भए न.पा. र गाउँ विकास समिति क्षेत्रभित्र पर्ने भए गा.वि.स. मा गोलो चिन्ह लगाउनु पर्दछ ।

४. **वडा नं.**

गणना क्षेत्र गा.वि.स./न.पा.को कति वडा नं. मा पर्दछ सो वडा नं. दिइएको कोठामा लेख्नु पर्दछ ।

५. **गाउँ/टोल/बस्ती**

गणना क्षेत्रभित्र छानिएको कृषक परिवार बसोवास गर्ने गाउँ/टोल/बस्तीको नाम यस लहरमा लेख्नुपर्दछ ।

**६. गणना क्षेत्र क्रमसंख्या**

प्रत्येक गणना क्षेत्रको लागि अलग-अलग गणना क्षेत्र क्रमसंख्या दिइएको हुन्छ । आफूले प्रश्नावली भर्ने गणना क्षेत्रको क्रमसंख्या सम्बन्धित कोठामा लेख्नुपर्दछ ।

**७. कृषक परिवार क्रमसंख्या (लगत फारामबाट)**

प्रत्येक गणना क्षेत्रको लगत फाराम १ को महल ६ को क्रमसंख्या नै कृषक परिवार क्रमसंख्या हो । अतः प्रश्नावली भरिने कृषक परिवारको लगत फाराम १ को महल ६ को क्रमसंख्या सम्बन्धित कोठामा लेख्नुपर्दछ ।

**८. छानिएको कृषक परिवार क्रमसंख्या (उतार फारामबाट)**

प्रत्येक गणना क्षेत्रको लागि लगत फारामबाट छानिएका तरकारी खेती गर्ने कृषक परिवारको सूची फाराम १ (क) तयार गरिएको हुन्छ । फाराम १ (क) को महल 1 मा दिइएको क्रमसंख्या १ देखि १५ नै छानिएको कृषक परिवार क्रमसंख्या हो । उक्त संख्या सम्बन्धित कोठामा लेख्नुपर्दछ ।

**९. मुख्य कृषकको नाम**

तरकारी खेती गर्ने मुख्य कृषकको नाम यहाँ लेख्नुपर्दछ ।

**१०. उत्तरदाताको नाम**

सम्भव भएसम्म मुख्य कृषकसँग नै भेटी प्रश्नावली भर्नु पर्दछ । कहिलेकहीँ मुख्य कृषकलाई भेट्न असम्भव भएमा मात्र परिवारको तरकारी खेती सम्बन्धी पूर्ण जानकारी भएको सदस्यबाट उत्तर लिनु पर्दछ । त्यस्तो अवस्थामा उत्तरदाताको नाम लेख्नुपर्छ ।

**११. मुख्य कृषकको जात/जाति**

मुख्य कृषकको जात/जातिको कोड दिइएको कोठामा लेख्नु पर्दछ । जात/जातिको कोड यस प्रश्नावलीको अन्तिम पृष्ठमा दिइएको छ ।

**१२. मुख्य कृषकको लिङ्ग**

मुख्य कृषक पुरुष भए 1 मा र स्त्री भए 2 मा गोलो घेरा लगाउनुपर्दछ ।

**१३. मुख्य कृषकसहित जम्मा परिवार सदस्य संख्या**

परिवार सदस्य संख्या लेख्दा परिवारमा अक्सर बसोवास गर्ने जम्मा सदस्य संख्याका साथै पुरुष र स्त्री छुट्ट्याई लेख्नुपर्दछ । परिवारको परिभाषा परिच्छेद ४ को ४.१.१ मा दिइएको छ ।

**१४. मुख्य कृषकको शैक्षिक स्थिति**

मुख्य कृषकको शैक्षिक स्थिति लेख्दा निजले उत्तीर्ण गरेको तह लेख्नुपर्दछ। शिक्षासम्बन्धी कोड यस प्रश्नावलीको अन्तिम पृष्ठमा दिइएको छ।

**१५. कृषक परिवारको आम्दानीको मुख्य स्रोत के हो** ?

कृषक परिवारलाई उल्लिखित आम्दानीका स्रोतमध्ये मुख्य आम्दानीको स्रोत के हो सोधी एकीन गरी सम्बन्धित स्रोतको कोडमा गोलो घेरा लगाउनुपर्दछ।

कृषक परिवारको आम्दानीको मुख्य स्रोत तरकारी खेती भए 1 मा, अन्य खेतीपाती भए 2 मा, पशुपक्षीपालन (जस्तै : गाई, भैँसी, भेडा, बाख्रा, आदि पालन वा अर्थोपार्जनका दृष्टिले गरिने कुखुरा, हाँसजस्ता चराचुरुङ्गी पालन) भएमा 3, आफैले नाफा-घाटा बेहोर्ने गरी चलाएको उद्योग, व्यापार, सेवा लगायतका कामहरू भए व्यापार/व्यवसाय जनाउन 4 मा, बस, ट्रक, जीप लगायतका यातायात सेवा आफैले सञ्चालन गरेको भए यातायात सेवा जनाउन 5 मा, अर्काको व्यवस्थापनमा तलब/ज्याला लिई काम गर्ने सरकारी, गैरसरकारी र निजी क्षेत्रमा गरिने कामहरू तलब/ज्यालाअन्तर्गत 6 मा र यी बाहेकका अन्य पेशा वा विप्रेषण (Remittance) वा निवृत्तिभरण (Pension), आदि मुख्य स्रोत भए अन्य जनाउन 7 मा गोलो घेरा लगाउनुपर्दछ।

**१६. तरकारी खेतीको मुख्य प्रयोजन के हो** ?

तरकारी खेती गर्ने कृषकसँग तरकारी खेती गर्नुको मुख्य प्रयोजन सोधी, तरकारी खेती मूलरूपमा आफ्नै घरयासी उपयोगको लागि भए कोड 1 मा र व्यवसायिक वा बिक्री नै मूल उद्देश्य भए 2 मा गोलो घेरा लगाउनुपर्दछ।

कृषक परिवारले तरकारी खेतीको मुख्य प्रयोजन बताउन नसकेमा कृषक परिवारले आफूले उत्पादन गरेको तरकारी ७५ प्रतिशत वा सोभन्दा बढी आफैले उपयोग गर्दछ भने त्यसलाई घरायसी उपयोगको लागि उत्पादित मान्नु पर्दछ।

**गणकको नाम** : प्रश्नावली फारामहरू भर्न जाने गणकले आफ्नो नाम दिइएको ठाउँमा लेख्नु पर्दछ।

**गणना मिति** : प्रश्नावली भरिएको दिनको मिति सम्बन्धित ठाउँमा लेख्नु पर्दछ।

**सुपरिवेक्षकको नाम** : सुपरिवेक्षण गर्ने सुपरिवेक्षकको नाम सम्बन्धित ठाउँमा लेख्नु पर्दछ। सुपरिवेक्षकले प्रश्नावलीको अनिवार्यरुपले पुनरावलोकन गरी सही गर्नु पर्दछ।

**सुपरिवेक्षण मिति** : सुपरिवेक्षकले सुपरिवेक्षण कार्य गरेको दिनको मिति सम्बन्धित ठाउँमा लेख्नु पर्दछ।

यी विवरणहरू प्रत्येक प्रश्नावलीमा लेख्नु आवश्यक हुन्छ।

### ७.२.२ **दोस्रो खण्ड – कित्ताअनुसार जग्गाको क्षेत्रफल एवं उपयोग**

तरकारी खेती गरेको प्रत्येक कित्ताको लागि यस खण्डमा १० वटा महलहरू राखिएका छन् । कित्ताको परिभाषा परिच्छेद ४ को ४.१.६ मा दिइएको छ । यो खण्ड भर्दा कित्ताको परिभाषासित राम्ररी परिचित हुनु अति आवश्यक छ ।

**क्रमसंख्या (महल १)**

यस महल १ मा तरकारी खेती गर्ने कृषकले खेती गरेको विभिन्न कित्ताको लागि छुट्टाछुट्टै दिइने सिलसिलेवार क्रमसंख्या हो जुन यस महलमा पहिले नै लेखिएको छ ।

**कित्ताको नाम (महल २)**

यस महल २ मा उत्तरदातासँग सबैभन्दा पहिला सन्दर्भ अवधिमा उसले खेती गरेका सम्म्पूर्ण कित्ताहरूको नाम एक–एक गरी सोधी क्रमैसँग लेख्नु पर्दछ। कित्ताको नाम लेख्दा सर्वप्रथम घरबास रहेको कित्ताको नाम लेख्नु उपयुक्त हुन्छ । यसरी कित्ताको नाम सोधी लेखेपछि अगाडिका महलहरूको विवरण सोध्नुअगाडि कुनै कित्ता छुट्न गएको छ कि जान्न उत्तरदातालाई पुनः सोधी एकीन गर्नु पर्दछ र अगाडिका महलहरूका विवरण प्रत्येक कित्ताका लागि सोध्नु पर्दछ ।

तर यसअन्तर्गत सन्दर्भ अवधिमा बाँझो, निजी वनबनेलो, खरबारी, माछापोखरीजस्ता बाली नलागेका जग्गाका कित्ताहरू समावेश गर्नुहुँदैन ।

**कित्ताको कोड (महल ३)**

यस महल ३ मा छापिएको संख्या नै महल २ मा पूर्व उल्लिखित कित्ताको कोड हो । प्रश्नावलीको अन्य खण्डमा पनि सम्बन्धित कित्ताको लागि यिनै कोडहरू प्रयोग हुनेछ ।

**क्षेत्रफलको एकाइ (जग्गा नापको एकाइ)**

हाम्रो देशमा मुख्यतः दुई प्रकारका जग्गाको क्षेत्रफलको नापको एकाइ प्रयोग भएको पाइन्छ । तराइका जिल्लाहरूमा बिघा र पहाडी तथा हिमाली जिल्लामा रोपनीमा जग्गाको क्षेत्रफलको एकाइ लेख्ने गरिन्छ । सामन्यतः प्रश्नावली भर्दा जग्गाको क्षेत्रफलको एकाइ तराइमा भए बिघाको कोड 1 र पहाड तथा हिमालमा भए रोपनीको कोड 2 मा गोलो घेरा लगाउनुपर्दछ जुन यस खण्डको माथिल्लो भागमा दिइएको छ । यहाँ एउटा कृषक परिवारको लागि अर्थात् एउटा प्रश्नवलीमा एउटै मात्र क्षेत्रफलको एकाइ (बिघा वा रोपनी) मा उल्लेख गर्नु पर्दछ। क्षेत्रफलको एकाइ बिघा/रोपनीबाहेक अन्य एकाइमा आएमा बिघा वा रोपनीमा रुपान्तर गरी उल्लेख गर्नु पर्दछ ।

**कित्ताको क्षेत्रफल (महल** ४, ५ **र** ६)

यी महलमा क्रमैसँग क्षेत्रफलको एकाइ बिघा भए बिघा (महल ४), कट्ठा (महल ५) र धुर (महल ६), तथा रोपनी भए रोपनी (महल ४), आना (महल ५) र पैसा (महल ६) मा लेख्नु पर्दछ। एउटा कृषक परिवारको लागि एउटै एकाइ उल्लेख गर्नु पर्दछ।

यदि कुनै कृषकले आफूले चलन गरेको जग्गाको क्षेत्रफल बिजनको एकाइमा भनेमा पनि बिजन एकाइलाई रोपनी वा बिघामा रूपान्तर गरी लेख्नु पर्दछ। बिजन एकाइलाई रोपनी वा बिघामा रूपान्तर गर्ने तरिका यस निर्देशिकाको परिच्छेद ४ मा उदाहरणको रूपमा दिइएको छ।

**जग्गाको उपयोग (महल** ७) :

यस महलमा कित्ताअनुसार जग्गाको उपयोगबारे सोधी उपयुक्त कोड लेख्नु पर्दछ। जुन तल लेखिएबमोजिम कुनै एक हुन सक्दछ।

सन्दर्भ अवधिमा कम्तिमा एकपटक तरकारी बाली लागेको जग्गा - 1
अन्य बाली लागेको जग्गा – 2

**सन्दर्भ अवधिमा कम्तिमा एकपटक तरकारी बाली लागेको जग्गा**

सन्दर्भ अवधि भन्नाले तरकारी बाली सर्वेक्षणको अन्तर्वार्ता गर्ने दिनको ठीक एक वर्ष अघिदेखि गणनाको अघिल्लो दिनसम्मको अवधि सम्झनुपर्दछ। सन्दर्भ अवधि (गत एक वर्ष) भित्र कम्तिमा एक पटक कित्ताको सम्पूर्ण वा आँशिक क्षेत्रफलमा तरकारी बाली लगाइएको भए त्यस कित्तालाई तरकारी बाली लगाइएको कित्ता मानी कोड 1 दिनु पर्दछ। यसरी महल ७ मा 1 कोड पाएका कित्ताहरूको लागि मात्र अगाडिका महल ८, ९ र १० सोध्नु पर्दछ।

**अन्य बाली लागेको जग्गा**

सन्दर्भ अवधि (गत एक वर्ष) भित्र तरकारी बाली नलागेको जग्गा यसअन्तर्गत पर्दछ र यस्ता कित्तालाई कोड 2 दिनुपर्दछ। यसरी महल ७ मा 2 कोड दिइएका कित्ताहरूका लागि महल ८, ९ र १० सोध्नु आवश्यक हुँदैन।

**सिँचाइ सुविधा (महल** ८) :

यस महलमा कित्ताअनुसार तरकारी बाली लागेको जग्गा अर्थात् महल ७ मा कोड 1 दिइएका कित्ताहरूमा सिँचाइ सुविधा भए नभएको बारेमा सोध्नुपर्दछ र सम्बन्धित कित्तामा सिँचाइको सुविधा छ कि छैन सोधी सिञ्चित भए छ जनाउन कोड 1 र आकाशे पानीमा भर पर्ने भए छैन जनाउन कोड 2 लेख्नुपर्दछ। सिँचाइ सुविधा छैन भने महल ९ को सिँचाइको स्रोतसम्बन्धी प्रश्न नसोधी महल १० मा फड्को मार्नुपर्दछ।

**सिञ्चित**

सिञ्चित जमिन भन्नाले उत्पादन बढाउने उद्देश्यले अतिरिक्त श्रम वा साधन लगाई मानिसका प्रयासबाट आवश्यकताअनुसार जमिनमा कुलो, नहर, आदिबाट पानी पटाउन सकिने स्थितिलाई जनाउँछ । पानीको स्रोत जे भए पनि सिँचाइ सुविधा छ या छैन प्रमुख कुरा हो ।

**आकाशे पानीमा भर पर्ने**

आकाशबाट परेको पानी वा हिउँ पग्लेर आएको पानी वा मानवीय प्रयास नै नभईकन जमिनमा पानी लाग्न सक्ने स्थितिलाई आकाशे पानीमा भर पर्ने मानिएको छ । आकाशे पानीमा मात्र भर पर्नुपर्ने जग्गालाई सिँचाइ सुविधा नभएको मानिन्छ ।

**सिँचाइको स्रोत** (**महल** 9) :

तरकारी बाली लागेको कित्तामा सिँचाइ सुविधा भए कुन स्रोतबाट सिँचाइ गरिएको हो सोधी स्रोतको कोड लेख्नुपर्दछ । यदि सिँचाइको लागि दिइएकोभन्दा भिन्न स्रोतहरू भए अन्य भनेर खुलाउनुपर्दछ । विभिन्न मौसममा सिँचाइको भिन्दाभिन्दै स्रोत भए वा एकै मौसममा पनि विभिन्न स्रोतहरू प्रयोग हुन्छन् भने त्यस्तोलाई तरकारी बाली लागेको बेला भएको स्रोत मुख्य मानिन्छ ।

हिउँद वा वर्षा याम जुनसुकै बेला कूलो वा नहरबाट पानी पटाउन सकिने भए बाह्रमासे कुलो/नहर जनाउन कोड 1 लेख्नुपर्दछ । वर्षा याममा मात्र चल्ने वर्षे कुलो सिँचाइको स्रोत भए कोड 2 लेख्नुपर्दछ । पोखरी/इनार/कुवा बाट भएको सिँचाइ जनाउन कोड 3 लेख्नुपर्दछ । टयुबवेल वा बोरिङबाट पानी तानेर गरेको सिँचाइलाई जनाउन कोड 4 लेख्नुपर्दछ । टयाङ्क वा मुहानबाट पाइप जोडी बिरुवाको फेदफेदमा सानो प्वाल पारी बिस्तारै पानी झर्ने प्रणाली विकास गरेको सिँचाइ भए थोपा सिँचाइ जनाउन कोड 5 लेख्नुपर्दछ । माथि उल्लेख भए बाहेकका सिँचाइ सुविधा जस्तै स्प्रिङ्कलर, आदि तरकारी बालीमा प्रयोग भए अन्य स्रोत जनाउन कोड 6 लेख्नुपर्दछ ।

**जग्गाको स्वामित्व** (**महल** १०) :

सन्दर्भ अवधिमा तरकारी बाली लागेको जग्गाको स्वामित्व कित्ताअनुसार कसमा छ सोधी आफ्नो वा आफ्नो परिवारको हकको आफैले तरकारी खेती गरेको भए कोड 1 र अरूको स्वामित्वको हाल जुनसुकै शर्तमा आफुले तरकारी खेती गरेको भए 2 र अन्य जस्तै सुकुम्बासी, गुठी, सार्वजनिक पर्ती, आदि भए सो जनाउन 3 लेख्नुपर्दछ ।

### ७.२.३ तेस्रो खण्ड– रोजगार तथा चालु /पूँजीगत खर्च विवरण

प्रश्नावलीको यस खण्डमा सन्दर्भ अवधिमा कृषक परिवारको तरकारी खेतीका लागि गरेको रोजगार तथा चालु र पूँजीगत खर्चको विवरणका बारेमा सोधी विवरण संकलन गरिन्छ । यी विवरण संकलनका लागि यस खण्डलाई तीन भागमा विभाजन गरिएको छ

३.१ तरकारी खेतीमा संलग्न पारिवारिक एवम् स्थायी/अस्थायी कामदारहरूको विवरण
३.२ तरकारी खेतीमा भएको पूँजीगत खर्च विवरण
३.३ तरकारी खेतीमा भएको चालु खर्च विवरण

### ३.१ तरकारी खेतीमा संलग्न पारिवारिक एवम् स्थायी/अस्थायी कामदारहरूको विवरण

तरकारी खेती कार्यमा संलग्न परिवारका सदस्य र अन्य व्यक्ति जसले नगद वा जिन्सी वा दुबैमा वा अन्य कुनै शर्तमा पारिश्रमिक लिएर काम गर्ने गर्दछन् भने त्यस्ता व्यक्तिलाई तरकारी खेतीमा संलग्न कामदार भनिन्छ। यी कामदार तरकारी खेती गर्नको लागि खेतको तयारी कार्यदेखि बीउबिरुवा लगाउने, गोडमेल गर्ने, मलखाद राख्ने, तरकारी टिप्नेजस्ता कार्यदेखि बिक्री–व्यवस्थापन गर्ने कार्यसम्म संलग्न भएका हुन्छन् । यी कामदारहरूको प्रकार, संख्या तथा तिनीहरूलाई दिएको पारिश्रमिक रकम यस खण्डअन्तर्गतका सम्बन्धित महलहरूमा उल्लेख गर्नु पर्दछ । यी विवरणहरू लिनका लागि प्रश्नावलीमा ९ महल र ३ हरफहरू राखिएका छन्। यस खण्डमा कामदारहरूको विवरण लिँदा सम्पूर्ण तरकारी बालीहरूको एकमुष्ट रूपमा लिनु आवश्यक हुन्छ। कामदारको परिभाषा र प्रत्येक महलअनुसार विवरण भर्ने तरिका निम्नअनुसार छ।

#### पारिवारिक कामदार

पारिश्रमिक नलिईकन तरकारी खेती कार्यमा सक्रिय रूपले संलग्न रहने मुख्य कृषकसहित परिवारका अन्य सदस्यहरूलाई पारिवारिक कामदार भनिन्छ।

#### स्थायी कामदार

सन्दर्भ अवधिभित्र पारिश्रमिक लिएर वर्षभरि तरकारी खेती कार्यमा नियमित तथा अविच्छिन्न रुपले काम गर्ने व्यक्तिलाई स्थायी कामदार भनिन्छ। सन्दर्भ अवधिभित्र जम्मा काम गरेको दिनको (साधारणतया ६ महिना वा बढी) आधारमा स्थायी र अस्थायी कामदार छुट्याउने गरिन्छ तापनि मूल रुपमा काम लगाउने व्यक्तिले उसलाई जुन रूपको कामदार भन्छ सोही मान्नु पर्दछ। यदि कुनै स्थायी कामदार मुख्य कृषकको भान्सामा नै खाने गरेको रहेछ भने उसको मासिक खानामा हुने खर्च मूल्याङ्कन गरी सो बराबरको मूल्य उसले पाउने मासिक तलबमा जोडी तलब-ज्याला कायम गरी लेख्नु पर्दछ।

#### अस्थायी कामदार

अस्थायी कामदार भन्नाले पारिश्रमिक लिएर सन्दर्भ समयभित्र तरकारी खेतीका कार्यहरू जस्तै जग्गाको तयारी, बिउ छर्ने तथा बेर्ना लगाउने, गोडमेल गर्ने, तरकारी टिप्ने, बिक्रीका लागि

बजारमा लैजाने, आदि कार्यका लागि पटकपटक वा एक पटक मात्र काम लगाइएका कामदारहरूलाई नै बुझ्नु पर्दछ ।

अस्थायी कामदार संख्या उल्लेख गर्दा जम्मा कार्य दिन (Mandays) अनुसार कामदारहरूको संख्या गणना गर्नु पर्दछ । साधरणतया तरकारी खेतीमा संलग्न एक कामदारले दिनको करिब आठ घण्टा कार्य गरेको रहेछ भने त्यस कार्य दिनलाई एक कार्य दिन हो भनी बुझ्नु पर्दछ । यदि कुनै कामदारले एक दिनमा चार घण्टा मात्र काम गरेको रहेछ र अर्को दिनमा चार घण्टा काम गरेको रहेछ भने त्यसलाई दुई कार्य दिन गणना नगरी माथि उल्लेख भएबमोजिम आठ घण्टा पुऱ्याई एक कार्य दिन गणना गर्नु पर्दछ । यदि कृषकले एक मुष्ठ जम्मा कार्य दिन भन्न नसकेको अवस्थामा तरकारी बालीअनुसार छुट्टाछुट्टै प्रश्नावलीको तेस्रो खण्डको ३.३ को तरकारी खेतीमा भएको चालु खर्च विवरणअन्तर्गत महल ८ र ९ को जम्मा उतार गरी लेख्नुपर्दछ ।

अस्थायी कामदारहरूको ज्यालादर उल्लेख गर्नु पर्दा दैनिक औसत पाउने ज्याला रकम सम्बन्धित महलमा लिङ्गअनुसार छुट्टचाई भर्नु पर्दछ । यी अस्थायी कामदारहरूको लागि खाजा, चिया, आदि खुवाउने गरिएको भएमा सोको मूल्यसमेत जोडी दैनिक ज्यालादर कायम गरी लेख्नु पर्दछ ।

**क्रमसंख्या (महल** १)

यस महलमा दिइएको संख्या सिलसिलेवार क्रमसंख्या मात्र हो जसले प्रश्नावली भर्ने र डाटा इन्ट्री गर्ने कार्यमा मद्दत गर्नेछ ।

**कामदारको प्रकार (महल** २)

यस महलमा तरकारी खेतीमा संलग्न हुने कामदारहरूको प्रकार दिइएका छन् । क्रमसंख्या १ मा सन्दर्भ समयमा तरकारी खेतीमा संलग्न पारिवारिक कामदार, क्रमसंख्या २ मा स्थायी कामदार र क्रमसंख्या ३ मा अस्थायी कामदार राखिएको छ ।

**कामदारको संख्या (महल ३, ४ र ५)**

यी महलहरूमा तरकारी खेतीमा संलग्न कामदारहरूको संख्या उत्तरदातालाई सोधी लेख्नु पर्दछ । कामदार संख्या लेख्दा पारिश्रमिक नलिईकन तरकारी खेती कार्यमा सक्रियरूपले संलग्न रहने मुख्य कृषक सहितका पारिवारिक कामदारहरूको जम्मा संख्या, तिनको लिङ्गअनुसार स्त्री तथा पुरुष संख्या पहिलो हरफको क्रमशः महल ३, ४ र ५ मा उल्लेख गर्नुपर्दछ । यसै प्रकार स्थायी र अस्थायी कामदारको जम्मा संख्या, तिनको लिङ्गअनुसार स्त्री तथा पुरुष संख्या दोस्रो र तेस्रो हरफको क्रमशः महल ३, ४ र ५ मा उल्लेख गर्नुपर्दछ । यसरी अस्थायी कामदार संख्या उल्लेख गर्दा जम्मा कार्य दिन (Mandays) का आधारमा कामदारहरूको संख्या एकीन गर्नु पर्दछ ।

**स्त्री ज्यालादर (महल ६ र ७)**

यी महलहरूमा तरकारी खेतीमा संग्लन कामदारहरूको प्रकारअनुसार महिला कामदारहरूको स्थायी भए मासिक र अस्थायी भए दैनिक ज्यालादरको विवरण लिनु पर्दछ । पारिवारिक कामदारका लागि ज्यालादर लेख्नु आवश्यक हुँदैन । यसरी महिला स्थायी कामदार भए प्रति कामदार मासिक

ज्यालादर महल ६ मा र महिला अस्थायी कामदार भए प्रति कामदार दैनिक ज्यालादर महल ७ मा उल्लेख गर्नुपर्दछ ।

ज्यालादर हिसाब गर्दा कामदारलाई जिन्सीका रूपमा दिइने वस्तुहरूको पनि स्थानीय बजार भाउअनुसार रुपियाँमा रूपान्तरण गरी तलब/ज्यालामा गाभ्नु आवश्यक हुन्छ ।

**पुरुष ज्यालादर (महल ८ र ९)**

यी महलहरूमा तरकारी खेतीमा संलग्न कामदारहरूको प्रकारअनुसार पुरुष कामदारहरूको मासिक र दैनिक ज्यालादरको विवरण लिनु पर्दछ । पारिवारिक कामदारका लागि ज्यालादर लेख्नु आवश्यक हुँदैन । यसरी पुरुष स्थायी कामदार भए प्रति कामदार मासिक ज्यालादर महल ८ मा र पुरुष अस्थायी कामदार भए प्रति कामदार दैनिक ज्यालादर महल ९ मा उल्लेख गर्नुपर्दछ ।

### ३.२ तरकारी खेतीमा भएको पूँजीगत खर्च विवरण

प्रश्नावलीको यस खण्डमा तरकारी खेतीका लागि नभई नहुने जग्गा, टहरा निर्माण तथा आवश्यक मूल्यवान् तथा एक वर्षभन्दा बढी समयसम्म टिकाउ हुने खालका यन्त्र तथा औजार, आदि खरिद गर्दा लाग्ने खर्चको विवरण संकलन गरिन्छ जुन पूँजीगत खर्चअन्तर्गत पर्दछन् ।

पूँजीगत खर्च विवरणअन्तर्गत सन्दर्भ समयभित्र गरिएको जग्गा खरिद तथा सुधार खर्च, यन्त्र तथा औजार खरिद तथा पूँजीगत मर्मत र अन्य त्यस्तै पूँजी निर्माण अन्तर्गतका सामग्रीमा गरिएको खर्चको रकम लिनु पर्दछ तर सन्दर्भ समयभन्दाअघि खरिद तथा मर्मत गरिएको टहरा, जग्गा, यन्त्र तथा औजारहरूको खर्चको विवरण यहाँ लिनु हुँदैन । तरकारी खेतीमा भएको पूँजीगत खर्चसम्वन्धी विवरण लिनको लागि यस भागमा ३ महल र ४ हरफहरू राखिएका छन् ।

**क्रमसंख्या (महल १)**

यस महलमा दिइएको संख्या सिलसिलेवार क्रम संख्या मात्र हो जसले प्रश्नावली भर्ने र डाटा इन्ट्री गर्ने कार्यमा मद्दत गर्नेछ ।

**पूँजीगत खर्चको विवरण (महल २)**

यस महलमा तरकारी खेतीका लागि पूँजी निर्माणका रूपमा गरिने खर्चहरू क्रमैसँग दिइएको छ र तिनको खर्च विवरण सम्बन्धित महलहरूमा सोधी लेख्नु पर्ने हुन्छ ।

तरकारी खेतीका लागि सन्दर्भ समयभित्र जग्गा खरिद, बोरिङ/पम्पिङसेट/स्प्रिङ्कलर/थोपा सिंचाइ/ढिकी पम्प, कृषि औजार (स्प्रेयर, ट्रेक्टर, भण्डारण सामग्री, आदि) खरिद तथा अन्य (टहरा निर्माण, सवारी साधन मर्मत, जग्गा सुधार, आदि) बापतको खर्च रुपियाँमा शीर्षकअनुसार सम्बन्धित महलमा उल्लेख गर्नु पर्दछ । जम्मा लेखिएको महलमा पूँजीगत सम्पूर्ण खर्च अर्थात् क्रमसंख्या १ देखि ४ सम्मका विवरणमा भएका सम्पूर्ण खर्चहरूको जोड लेख्नु पर्दछ ।

**खर्च (महल ३)**

यस महलमा महल २ मा दिइएका खर्चहरूका शीर्षकअनुसार भएका खर्चहरू उत्तरदातालाई सोधी एकीन गर्नुपर्दछ र खर्चको स्रोत शीर्षकअनुसारको रकम सम्बन्धित कोठामा लेख्नुपर्दछ ।

**३.३ तरकारी खेतीमा भएको चालु खर्च विवरण**

तरकारी खेती गर्नको निम्ति कुनै पनि सेवा वा वस्तु खरिद गरेबापत हुने खर्चलाई तरकारी खेतीमा भएको चालु खर्च भनिन्छ, जुन चाहिँ एक वर्षभन्दा कम अवधिसम्म टिकाउ हुने वस्तु हुनु पर्दछ । यस्तो चालु खर्च अन्तर्गत उपभोग गरिएको सेवा वा वस्तुको सम्पूर्ण रकमलाई तरकारी बाली अनुसार छुट्टाछुट्टै सम्बन्धित शीर्षकको महलमा उल्लेख गर्नुपर्दछ ।

**क्रमसंख्या (महल १)**

यस महलमा दिइएको संख्या सिलसिलेवार क्रमसंख्या मात्र हो जसले प्रश्नावली भर्ने र डाटा इन्ट्री गर्ने कार्यमा मद्दत गर्नेछ ।

**तरकारीको नाम र कोड (महल २ र ३)**

महल २ मा सन्दर्भ अवधिमा कृषकले लगाएका तरकारी बालीको नाम कित्ताअनुसार अलगअलग लेख्नु पर्दछ । कतिपय तरकारी बाली सन्दर्भ अवधिमा एकै कित्तामा एक पटकभन्दा बढी पनि लगाइएको हुन सक्दछ (जस्तैः काउली, बन्दा, मूला, विभिन्न सागपात, आदि) । अतः कुनै तरकारी बाली एक पटकभन्दा बढी लगाइएको भएमा यस महलमा तरकारी बालीको नाम लेख्दा पटकैपिच्छे दोहोऱ्याएर लेखी अन्य विवरणहरू भर्नु पर्दछ ।

महल ३ मा महल २ मा लेखिएका प्रत्येक तरकारी बालीको कोड लेख्नु पर्दछ । तरकारी बालीको नाम र कोड प्रश्नावलीको चौथो खण्ड उत्पादन तथा आम्दानीसम्बन्धी विवरण पानाको दाहिनेपट्टि दिइएको छ ।

उदाहरण :

| क्रम संख्या | तरकारी बालीको | |
|---|---|---|
| | नाम | कोड |
| 1 | गेलभेँडा/टमाटर | 211 |
| 2 | गाजर | 513 |

**जग्गा भाडा/ठेक्का रकम (महल ४ र ५)**

कृषकले अरूको स्वामित्वमा रहेको जग्गा तरकारी उत्पादनको लागि भाडमा वा ठेक्कामा लिएको हुन सक्दछ । यसरी भाडामा वा ठेक्कामा लिँदा केही लामो अवधि वा एक वर्षभन्दा बढी अवधिको लागि निश्चित रकम तिर्ने गरी लिएको हुनसक्छ र यहाँ विवरण लिँदा भाडा वा ठेक्काको सम्पूर्ण अवधिका लागि तिर्ने रकममध्ये वार्षिकरूपमा (सन्दर्भ अवधिमा) तिर्नुपर्ने रकम कति हुन आउँछ

सोही रकम मात्र कुन महिनामा तिरेको हो महिना कोड महल ४ मा र तिरेको रकम महल ५ मा उल्लेख गर्नु पर्दछ, सम्पूर्ण ठेक्का अवधिको रकम यहाँ लिनु हुँदैन। महिनाको कोड यस प्रकार रहेको छ।

| महिनाको नाम | वैशाख | जेठ | असार | साउन | भदौ | असोज | कात्तिक | मंसिर | पुस | माघ | फागुन | चैत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कोड | 1 | 2 | 3 | 4 | 5 | 6 | 7 | 8 | 9 | 10 | 11 | 12 |

**जोताइ/तयारी/बारबन्धन (महल ६ र ७)**

तरकारी बालीअनुसार जग्गाको जोताइ/तयारी तथा सो जग्गामा लगाइएको अस्थायी बारबन्धनमा भएको खर्च कुन महिनामा भएको हो सो महिनाको कोड महल ६ मा र खर्च रकम रुपियाँमा महल ७ मा उल्लेख गर्नु पर्दछ। यहाँ जोताइ खर्च भन्नाले ट्र्याक्टर, गोरु, आदि लगाई गरिएको जोताइ खर्च बुझ्नु पर्दछ र सो खर्च यहाँ लेख्नु पर्दछ। मानवीय श्रमद्वारा खनी जग्गा तयार गरिएको खर्च कामदार खर्च अन्तर्गत पर्न जान्छ र सो खर्च यहाँ लेख्नु हुँदैन।

**अस्थायी कामदार संख्या ( महल ८ र ९)**

यी महलहरूमा पारिश्रमिक लिएर सन्दर्भ समयभित्र तरकारी खेतीमा आवश्यक कार्यहरू जस्तै जग्गाको तयारी, बीउ छर्ने तथा बेर्ना लगाउने, गोडमेल गर्ने, तरकारी टिप्ने, बिक्रीका लागि लैजाने, आदि कार्यका लागि दैनिक ज्यालादरमा पटकपटक वा एक पटक मात्र काम लगाइएका अस्थायी कामदारहरूको संख्या लिङ्ग र तरकारी बालीअनुसार स्त्री अस्थायी कामदारको संख्या महल ८ मा र पुरुष अस्थायी कामदारको संख्या महल ९ मा लेख्नु पर्दछ।

**बीउबिजन/बेर्ना खरिद/उत्पादन (महल १० र ११)**

यी महलमा कृषकले आफूलाई आवश्यक विभिन्न तरकारी बालीको बीउबिजन/बेर्ना खरिद वा आफैले बेर्ना उत्पादन गर्नका लागि बीउबिजन खरिद गरेको महिनाको कोड महल १० मा खर्च महल ११ मा लेख्नु पर्दछ। यदि कुनै कृषक आफैले बीउबिजन/बेर्ना उत्पादन गरी प्रयोग गरेको भए सो बीउबिजन/बेर्ना लाई स्थानीय मूल्यमा मूल्याङ्कन गरी खर्च लेख्नु पर्दछ।

**टनेल/ओत निर्माण/थाँक्रो (महल १२ र १३ )**

तरकारीका बिरुवा तथा बोटलाई अत्यधिक जाडो, शित वा अत्यधिक पानीबाट बचाउनको लागि (बेमौसमी तरकारी खेतीका लागि) टनेल, ओत, आदिको निर्माण गरिएको हुन्छ र साथै बोटलाई राम्रोसँग हुर्किन दिन तथा बढी उत्पादन लिनको लागि सधारणतया बाँस, काठ तथा डोरी, आदि प्रयोग गरी थाँक्रो लगाइएको हुन्छ। सन्दर्भ समयभित्र निर्माण गरिएको टनेल/ओत/थाँक्रो आदिमा बालीअनुसार गरिएको खर्चको महिनाको कोड महल १२ मा र खर्च रकम महल १३ उल्लेख गर्नु पर्दछ।

**सिँचाइ (इन्धन/बिजुली/पानी) (महल १४ र १५ )**

तरकारी बालीबाट राम्रो उत्पादन लिनको लागि बेला-बखतमा सिँचाइको आवश्यकता पर्दछ र सो सिँचाइबापत लागेको खर्च (इन्धन/बिजुली) सहितको विवरण यसअन्तर्गत लिनुपर्ने हुन्छ। यहाँ इन्धन/बिजुली भन्नाले पानी तान्ने पम्प तथा पम्पिङ सेटमा लाग्ने इन्धन/बिजुलीलाई बुझ्नु पर्दछ। तरकारी बालीको लागि कुलो वा नहरको पानी प्रयोग गरेबापत तिरेको पानीपोतलाई पनि यसैअन्तर्गत लिनु पर्दछ। यदि कुनै एउटा तरकारी बालीमा दुई वा सोभन्दा बढी पटक सिँचाइ गरिएको भए सोबापत लागेको खर्च कुन महिनामा बढी भएको थियो सो महिनामा एकमुष्ट तरकारी बालीअनुसार खर्च भएको महिनाको कोड महल १४ मा र खर्च रकम महल १५ मा उल्लेख गर्नु पर्दछ।

**प्राङ्गारिक/स्थानीय मल (महल १६ र १७)**

कृषकले तरकारी खेतीमा पशुपक्षीको मल वा कम्पोष्ट मल तथा हरियो घाँसपात, आदि पनि मलको रूपमा प्रयोग गरेको हुन सक्दछ। प्रयोग गरिएको यस्तो मलको खर्च कुन महिनामा कुन तरकारी बालीमा भएको हो सोहीअनुसारको खर्च भएको महिनाको कोड महल १६ मा र खर्च रकम महल १७ मा उल्लेख गर्नु पर्दछ। यदि यस्तै मल आफ्नै उत्पादन भएमा स्थानीय दर भाउअनुसार रुपियाँमा परिणत गरी लेख्नु पर्दछ।

**रसायनिक मल (महल १८ र १९)**

तरकारी खेतीबाट बढी उत्पादन लिनको लागि कृषकले स्थानीय मलबाहेक रसायनिक मल पनि प्रयोग गरेको हुनसक्छ। सामान्यतया तरकारी खेतीमा डी.ए.पी., युरिया, कम्प्लेक्स, पोटास, फस्फेट र सल्फेटजस्ता रसायनिक मलहरूको प्रयोग भएको पाइन्छ। यी रसायनिक मलहरूको प्रयोग गरेको भए तरकारी बालीअनुसार छुट्टाछुट्टै प्रयोग गरेको महिनाको कोड महल १८ मा र रसायनिक मलको लागि भएको खर्च रकम महल १९ मा उल्लेख गर्नु पर्दछ।

**कीट/रोगनाशक विषादि तथा भिटामीन (महल २० र २१)**

तरकारी बालीमा विभिन्न किसिमका कीरा तथा रोगहरूको प्रकोप हुन सक्दछ र ती कीरा तथा रोगहरूलाई नियन्त्रण गर्नका लागि विभिन्न किसिमका विषादि पनि प्रयोग गर्नु पर्ने हुन्छ र साथै आजकाल उत्पादन बढी लिनको लागि बोट/बिरुवाहरूमा भिटामीनहरूको प्रयोग भएको पाइन्छ। कीट/रोगनाशक विषादि तथा भिटामीन एउटै तरकारी बालीमा उत्पादन लिने समयसम्म पटक–पटक प्रयोग गरिएको भए अधिकतम् प्रयोग भएको महिनालाई प्रयोग भएको महिना मानी त्यस महिनाको कोड महल २० मा र एक मुष्ट खर्च रकम महल २१ मा तरकारी बालीअनुसार छुट्टाछुट्टै उल्लेख गर्नु पर्दछ।

**साधारण औजार खरिद (महल २२ र २३)**

तरकारी खेतीको सिलसिलामा एक वर्षभन्दा कम अवधिसम्म टिकाउ हुने साधारण औजारहरू सन्दर्भ समयभित्र खरिद गरेको भए कुन तरकारी बालीको समयमा खरिद गरेको हो सोही तरकारी बाली भएको हरफमा महिनाको कोड महल २२ मा र खर्च रकम महल २३ मा उल्लेख गर्नुपर्दछ।

तर साधारण औजारहरू जस्तै काठे हलो, कुटो, कोदालो, हँसिया, खुर्पी, आदि एक वर्षभन्दा बढी अवधिसम्म टिक्ने भए तापनि यी औजारहरूमा भएको खर्च यसै शीर्षकअन्तर्गत राख्नुपर्दछ।

**औजारहरूको साधारण मर्मत सम्भार (महल २४ र २५)**

सन्दर्भ समयभित्र कृषकले तरकारी खेतीमा प्रयोग गरेका औजारहरूको साधारण मर्मत गरेको भए सोबापतको खर्च कुन तरकारी बालीको समयमा भएको थियो सोही तरकारी बाली भएको हरफमा महिनाको कोड महल २४ मा र खर्च रकम महल २५ मा उल्लेख गर्नुपर्दछ।

**प्याकिङ (महल २६ र २७)**

यस महलमा कृषकले तरकारी उत्पादन प्रयोजनको लागि प्याकिङको व्यवस्था गर्दा लागेको खर्च तरकारी बालीअनुसार महिनाको कोड महल २६ मा र खर्च रकम महल २७ उल्लेख गर्नुपर्दछ। तर तरकारी बिक्रीको प्याकिङ खर्च यसमा समावेश गर्नुहुँदैन।

**ढुवानी (महल २८ र २९)**

तरकारी खेतीको सिलसिलामा कुनै आवश्यक वस्तुहरू खरिद गरेको स्थानबाट घर जग्गासम्म वा स्टोर गर्ने स्थानसम्म ढुवानी गर्दा लागेको खर्च कृषकलाई सोधी लेख्नुपर्दछ। यदि ढुवानी कार्यमा कामदार संलग्न भएको भए उसको ज्याला यहाँ उल्लेख नगरी कामदार संख्यामा जोड्नु पर्दछ। यसरी ढुवानीबापतको खर्च पनि तरकारी बालीअनुसार खर्च भएको महिनाको कोड महल २८ मा र खर्च रकम महल २९ मा उल्लेख गर्नुपर्दछ। तरकारी बिक्री गर्ने उद्देश्यले गरेको ढुवानी यसमा संलग्न गर्नुहुँदैन।

**अन्य खर्च (महल ३० र ३१)**

माथि उल्लेख भएका खर्चहरूबाहेक तरकारी खेतीमा भएका अरू खर्चहरू जस्तैः औजारहरू भाडामा लिएबापत, कीट/रोगनाशक विषादिमा प्रयोग भएका मटीतेल, आदि खर्चहरू तरकारी बालीअनुसार खर्च भएको महिनाको कोड महल ३० मा र खर्च रकम महल ३१ मा उल्लेख गर्नुपर्दछ। तरकारी खेतीसम्बन्धी व्यवसायिक परामर्श सेवा तथा तालिमका खर्चहरू यसअन्तर्गत पर्दछन्।

**जम्मा खर्च (अन्तिम हरफ)**

यस हरफमा प्रत्येक खर्च लेखिएका महलहरू (५, ७, ११, १३, १५, १७, १९, २१, २३, २५, २७, २९ र ३१) को जोड लेख्नु पर्दछ।

**कूल जम्मा**

यस कोठामा तरकारी खेतीमा भएको चालु खर्च विवरणको विभिन्न महल (५, ७, ११, १३, १५, १७, १९, २१, २३, २५, २७, २९ र ३१) अनुसारको जम्मा खर्चको जोडलाई एकमुष्ट जोडी लेख्नु पर्दछ।

### ७.२.४ **चौथो खण्ड– उत्पादन तथा आम्दानीसम्बन्धी विवरण**

प्रश्नावलीको यस खण्डमा सन्दर्भ अवधिमा कृषक परिवारले लगाएका विभिन्न तरकारी बालीहरूको क्षेत्रफल, बाली लगाएको महिना, बाली टिपेको महिना, उत्पादन परिमाण आदि सोधी तरकारीको उत्पादन विवरण र त्यसको वितरण तथा कृषकले बिक्री गर्ने मूल्य र तरकारी खेतीको उपउत्पादन (Byproduct) बाट हुने आम्दानी तथा पूँजीगत आम्दानीसम्बन्धी विवरण संकलन गरिन्छ । यसरी उत्पादन तथा आम्दानीसम्बन्धी विवरण संकलनका लागि यस खण्डलाई तीन भागमा विभाजन गरिएको छ ।

४.१ तरकारी उत्पादन विवरण
४.२ तरकारी खेतीबाट हुने अन्य आम्दानी
४.३ पूँजीगत आम्दानी

### ४.१ **तरकारी उत्पादन विवरण**

प्रश्नावलीको यस भागमा सन्दर्भ अवधिमा कृषक परिवारले कित्ताअनुसार लगाएका विभिन्न तरकारी बालीहरूको क्षेत्रफल, उत्पादन परिमाण तथा बिक्री मूल्यसम्बन्धी विवरण लिनको लागि १८ वटा महल र ३० वटा हरफहरू राखिएका छन् र यी १८ महलहरूलाई ९ वटा मुख्य महलहरूमा विभाजन गरिएको छ । यहाँ विवरण लिँदा प्रत्येक कित्तामा सन्दर्भ अवधिभित्र लगाइएका छुट्टाछुट्टै तरकारी बालीका लागि छुट्टाछुट्टै हरफ प्रयोग गर्नुका साथै एक कित्तामा लगाइएका सम्पूर्ण तरकारी बालीहरूको विवरण लिएर मात्र अर्को कित्ताको विवरण लिनु पर्दछ । यही क्रमले सन्दर्भ अवधिमा कृषक परिवारले तरकारी बाली लगाएका सम्पूर्ण कित्ताहरूको क्रमैसँग विवरण लिँदै जानु पर्दछ । यसरी विवरण लिँदा कृषक परिवारले तरकारी बाली लगाएका कित्ता संख्या र तरकारी बाली धेरै भएमा प्रश्नावलीका ३० हरफहरू नपुग पनि हुन सक्दछ । यस्तो अवस्थामा अर्को प्रश्नावली थप गरी थप प्रश्नावलीको भौगोलिक परिचयात्मक विवरण खण्ड भरी सम्बन्धित भागको विवरण भर्नुपर्दछ ।

प्रत्येक महलअनुसार विवरण भर्ने तरिका निम्नअनुसार छ ।

**क्र.सं.** (**महल** १)

यस महलमा दिइएको नम्बर सिलसिलेवार क्रमसंख्या मात्र हो जसले प्रश्नावली भर्न र डाटा इन्ट्री गर्नमा मद्दत गर्दछ । माथि भनिएजस्तै प्रश्नावलीमा दिइएको हरफ नपुग भै अर्को प्रश्नावली प्रयोग गरिएमा थप गरिएको प्रश्नावलीको क्रमसंख्या लाई क्रमशः ३१, ३२, ……………गर्दै जानु पर्दछ ।

**कित्ताको नाम** (**महल** २)

यस महलमा तरकारी खेती गरिएको कित्ताहरूको नाम क्रमैसँग लेख्नु पर्दछ । कित्ताको नाम भन्नाले स्थानीय बोलीचालीको भाषामा कृषक परिवारले तरकारी खेती गरेका अलगअलग स्थानमा रहेका जग्गालाई दिइएका नामहरू हुन् । जस्तैः घरबारी, खोलावारि, ढिकमुनि, आदि ।

यहाँ विचार गर्नुपर्ने कुरा के छ भने यस महलमा तरकारी खेती गरिएको कित्ताको नाम लेख्दा प्रश्नावलीको दोस्रो खण्ड (कित्ताअनुसार जग्गाको क्षेत्रफल एवं उपयोग) को महल २ मा लेखिएका कित्ताको नाम जसले सोही खण्डको महल ७ मा जग्गाको उपयोगको कोड - १ पाएका छन् तिनको नामको क्रमसँग मिल्नु पर्दछ ।

**कित्ताको कोड (महल ३)**

यस महलमा महल २ मा लेखिएको कित्ताको नामको कोड लेख्नु पर्दछ जुन प्रश्नावलीको दोस्रो खण्डको महल ३ मा लेखिएको कोडसित मिलेको हुनुपर्दछ। कोड राख्ने काम गणना कार्य सकिएपछि पनि गर्न सकिन्छ जसले गर्दा अन्तरवार्ता कम समयमा सम्पन्न गर्न सकिन्छ ।

**तरकारी बालीको नाम (महल ४)**

यस महलमा प्रत्येक कित्तामा सन्दर्भ समयभित्र लगाएको तरकारी बालीहरूको नाम उत्तरदातालाई सोधी स्पष्टसँग लेख्नुपर्दछ। खराब मौसम, कीरा, रोग तथा अन्य कुनै कारणले तरकारी बालीलाई क्षति पुग्न गई सन्दर्भ समयभित्र न्यून उत्पादन भए तापनि सो बाली पनि उल्लेख गर्नुपर्दछ ।

प्रश्नावलीको यसै पानाको दायाँतर्फ दिइएको तरकारी बालीहरूको सूचीअनुसार उत्तरदातालाई तरकारी बाली लगाएको छ कि छैन सोधी यकिन गर्नु पर्दछ जसले गर्दा तरकारी बालीहरू छुट्ने सम्भावना कम हुनेछ ।

**तरकारी बालीको कोड (महल ५)**

यस महलमा तरकारी बालीको कोड लेख्नुपर्दछ। प्रश्नावलीको यसै पानाको दायाँतर्फ तरकारी बालीको प्रकारअनुसार विभिन्न तरकारी बालीहरूको नाम र कोड ३ अंकमा दिइएको छ। तसर्थ महल ४ मा उल्लेख गरिएको तरकारी बालीको कोड एकीन गरी यस महलमा लेख्नुपर्दछ।

उदाहणको लागि यदि कुनै कृषकले काउली लगाएको रहेछ भने यस महल ५ मा बालीहरूको सूचीमा दिइएको काउलीको कोड १११ लेख्नुपर्दछ। यदि महल ४ मा उल्लिखित तरकारी बालीको कोड दिइएको छैन भने सो तरकारी कुन तरकारी बाली समूहअन्तर्गत पर्दछ सोहीअन्तर्गतको अन्य तरकारी बालीको कोड लेख्नु पर्दछ। यी कोड तथ्याङ्क प्रशोधनको लागि प्रयोग गरिनेछन् ।

**तरकारी बाली लगाएको क्षेत्रफल (महल ६, ७ र ८)**

यी महलहरूमा महल ४ मा उल्लिखित प्रत्येक तरकारी बाली लगाएको क्षेत्रफल, क्षेत्रफलको नापको एकाइ बिघा भए महल ६, महल ७ र महल ८ मा क्रमशः बिघा, कठ्ठा, धुर लेख्नुपर्दछ। त्यस्तै गरी क्षेत्रफलको नापको एकाइ रोपनी भए महल ६, महल ७ र महल ८ मा क्रमशः रोपनी, आना र पैसा लेख्नु पर्दछ। एउटा कृषक परिवारको सम्पूर्ण कित्ताका लागि क्षेत्रफलको नापको एकाइ एउटै हुनुपर्दछ ।

यदि कुनै उत्तरदाताले तरकारी बाली लगाएको क्षेत्रफल बिघा वा रोपनीमा नभनी बिजनदर वा अन्य कुनै स्थानीय एकाइ (हल, एकड, आदि) मा भनेमा त्यसलाई बिघा वा रोपनीमा परिवर्तन गरी

लेख्नु पर्दछ । कहिलकहीँ गणक स्वयम्ले पनि कृषकको सहयोगमा Eye Estimation विधिको आधारमा पनि क्षेत्रफल अनुमान गरी लेख्नुपर्ने हुन सक्दछ ।

कृषकहरूले दुई वा दुईभन्दा बढी तरकारी बालीहरू एकै समयमा एउटै कित्तामा मिश्रित तरकारी बालीको रूपमा पनि लगाएका हुन सक्दछन् । यसरी मिश्रितरूपमा लगाइएको तरकारी बालीका लागि प्रत्येक बालीको लागि कृषक/उत्तरदाताको सहयोगमा बीउ लगाएको आधारमा छुट्टाछुट्टै क्षेत्रफल एकीन गरी लेख्नु पर्दछ ।

यदि ती मिश्रित तरकारी बालीहरूले उत्पादनमा एकले अर्कालाई असर पुऱ्याउँदैनन् भने त्यस्तो मिश्रित तरकारी बाली लगाएको क्षेत्रफल दुवै तरकारी बालीका लागि पूरा–पूरा (उतिउति नै) दिनु पर्दछ । यदि एक बालीले अर्को बालीको उत्पादनलाई असर पुऱ्याउँछ भने उक्त मिश्रित तरकारी बाली लागेको क्षेत्रफललाई तरकारी बालीअनुसार बीउ लागेको वा उत्पादनको आधारमा अनुमान गरी बाँडी लेख्नु पर्दछ । यदि कुनै कित्ताको डिलहरूमा पनि तरकारी बाली लगाई उत्पादन गरिएको भएमा त्यसको पनि सम्भव भए बोट संख्याको आधारमा क्षेत्रफल अनुमान गरी लेख्नु पर्दछ । यदि क्षेत्रफल अनुमान गर्न सम्भव नभएमा ती बोट संख्या कित्ताअनुसार छरिएको बोट संख्या महल १५ मा लेख्नु पर्दछ ।

- कुनै तरकारी बाली जसको फल र मुन्टा दुवै तरकारीको रूपमा प्रयोग गरिन्छ (जस्तैः फर्सी, इस्कुस, आदि) त्यस्ता तरकारी बालीहरूको क्षेत्रफल तथा उत्पादन दोहोरिन नपाओस् भनी मुख्य उत्पादनअन्तर्गत लेख्नु पर्दछ अर्थात् यदि फर्सी वा इस्कुसको मुन्टा तरकारीको रूपमा प्रयोग गरिएमा तिनको क्षेत्रफल सागपात तरकारी बालीअन्तर्गत क्रमशः कोड ४१९ र ४२० मा र यदि तिनको मुख्यरूपमा फल उत्पादन गरिएमा क्षेत्रफल फल तरकारी बालीअन्तर्गत क्रमशः कोड २१९ र २२५ मा लेख्नु पर्दछ ।
- यदि लसुन र प्याज हरियो सागको रूपमा प्रयोग गरिएमा त्यसको क्षेत्रफल सागपात तरकारीअन्तर्गत क्रमशः कोड ४१७ र ४१८ मा लेख्नु पर्दछ । यदि लसुन र प्याजको गाना उत्पादन गरिएमा तिनको क्षेत्रफल जरे/गानो तरकारीअन्तर्गत क्रमशः कोड ५१४ र ५१५ मा लेख्नु पर्दछ ।
- कोसे तरकारी बालीअन्तर्गत पर्ने मटरकोसा, बकुलो, भटमासकोसाजस्ता बालीहरू तरकारीको रूपमा हरियो कोसा उत्पादन गरिएको क्षेत्रफल मात्र लिनु पर्दछ ।

**बाली लगाएको महिना र कोड** (महल ९ र १०)

महल ४ मा उल्लिखित तरकारी बाली लगाएको महिनाको नाम महल ९ मा र सो महिनाको कोड महल १० मा लेख्नुपर्दछ । उदाहरणको लागि यदि कुनै तरकारी बाली मंसिरमा लगाएको भए महल ९ र १० मा क्रमशः मंसिर र 8 लेख्नु पर्दछ ।

जस्तैः

| महिना | कोड |
|---|---|
| मंसिर | 8 |

यदि कुनै तरकारी बाली २ महिना समय लगाएर लगाएको भए बढी मात्रामा बाली लगाएको महिनाको नाम र कोड लेख्नुपर्दछ ।

**बाली भित्र्याएको महिना र कोड (महल ११ र १२)**

महल ११ र १२ मा, महल ९ र १० मा जस्तै महल ४ मा उल्लिखित तरकारी बाली भित्र्याएको (उत्पादन लिएको) महिनाको नाम र सो महिनाको कोड क्रमैसँग लेख्नुपर्दछ । यदि कुनै तरकारी बाली साउनमा भित्र्याएको भए महल ११ मा साउन र महल १२ मा ४ लेख्नु पर्दछ ।

जस्तैः

| महिना | कोड |
|---|---|
| साउन | 4 |

यदि कुनै तरकारी बाली २ वा सोभन्दा बढी महिना लगाएर भित्र्याएको (उत्पादन लिएको) भए बाली मुख्य गरी कुन महिनामा भित्र्याएको (उत्पादन लिएको) हो सो महिनाको नाम र कोड लेख्नुपर्दछ ।

**उत्पादन तथा वितरण परिमाण (महल १३ र १४)**

सन्दर्भ समयभित्र महल ४ मा उल्लिखित तरकारी बाली भित्र्याएको (उत्पादन लिएको) भए प्रत्येक तरकारी बालीको उत्पादन तथा वितरण परिमाण उत्तरदातासँग सोधी जम्मा उत्पादित परिमाणमध्ये घरयासी उपयोग गरेको परिमाण र बिक्री गरेको परिमाण छुट्टाछुट्टै एकीन गरि महल १३ मा घरयासी उपभोग गरेको परिमाण र महल १४ मा बिक्री गरेको परिमाण के.जी. मा लेख्नुपर्दछ ।

कुनै ठाउँ विशेषका कृषक परिवारहरूले आफूले उत्पादन गरेको विभिन्न तरकारीको उत्पादन परिमाण किलोग्राममा बताउन नसक्ने र स्थानीय चलनचल्तीको एकाइ जस्तैः मुरी, पाथी, मुठा, डालो, डोको, आदिमा पनि बताउने गर्दछन् । यसरी कृषकले आफूले उत्पादन गरेको तरकारीको परिमाण जुनसुकै स्थानीय एकाइमा भनेमा पनि त्यसलाई कुनै न कुनै तरिकाले के.जी. मा रूपान्तर गरी लेख्नु अनिवार्य हुन्छ ।

**छरिएर रहेका तरकारी बालीका बोट संख्या र उत्पादन (महल १५ र १६)**

कृषकहरूले कतिपय लहरे तथा कन्दमूल तरकारी बाली आफूले तरकारी बाली लगाएको कित्ता र अन्य बाली लगाएको कित्ताहरूको आली, ढिक तथा कान्लाहरूमा तथा घर गोठका छेउछाउमा पनि दुई/चार बोट लगाएका हुन सक्छन् । यसरी लगाइएका बोटहरू संख्यामा कम हुने हुनाले यिनको क्षेत्रफल निर्धारण गर्न कठिन हुने भए तापनि उत्पादनका हिसाबले निकै महत्वपूर्ण हुन सक्ने हुँदा यसरी लगाइएका तरकारीहरूको बोट संख्या कित्ता र बालीअनुसार नै कृषकलाई सोधी छरिएर रहेको तरकारी बालीको बोट संख्याअन्तर्गत महल १५ मा लेख्नु पर्दछ र ती बोटहरूबाट प्राप्त उत्पादन परिमाण के.जी.मा महल १६ मा लेख्नु पर्दछ ।

**जम्मा उत्पादन** (**महल** १७)

यस महलमा कृषकले सन्दर्भ समयभित्र महल ४ मा उल्लिखित तरकारी बालीको जम्माजम्मी उत्पादन परिमाण किलोग्राममा लेख्नु पर्दछ जुन महल १३ को घरायसी उपयोग परिमाण, महल १४ को बिक्री परिमाण र महल १६ को छरिएर रहेको तरकारीका बोटबाट भएको उत्पादन परिमाणलाई जोड्दा प्राप्त हुन्छ। अतः महल १३, १४ र १६ को जोड यस महलमा लेख्नु पर्दछ।

**स्थलगत मूल्य** (**कृषकले प्राप्त गर्ने मूल्य**) (**महल** १८)

यस महलमा कृषक परिवारले आफूले उत्पादन गरेको तरकारी आफ्नै खेतबारी वा घरबाट बिक्री गर्दा प्राप्त गरेको प्रति के.जी. मूल्य प्रत्येक तरकारी बालीअनुसार अलगअलग लेख्नु पर्दछ जुन मूल्य कृषक परिवारले नै आफ्नो उत्पादन बिक्री गर्दा प्राप्त हुने मूल्य हो।

यदि कृषक परिवारले उत्पादित तरकारी बिक्री नगरी घरायसी उपभोग मात्र गरेको भएमा पनि सो तरकारीलाई सो बखत बिक्री गरेको भए के कति मूल्य प्राप्त हुन्थ्यो, सोधी लेख्नु पर्दछ। यदि कृषकले आफूले उत्पादन गरेको तरकारी पटकपटक गरी बिक्री गरेको भएमा औसत मूल्य लिनु पर्दछ।

**जम्मा उत्पादन मूल्य** (**महल** १९)

यस महलमा प्रत्येक तरकारी बालीअनुसार जम्मा उत्पादन मूल्य रुपियाँमा लेख्नु पर्दछ जुन महल १७ को उत्पादन परिमाणलाई महल १८ को प्रति के.जी. मूल्यले गुणन गरी प्राप्त हुन्छ।

## ४.२ **तरकारी खेतीबाट हुने अन्य आम्दानी**

प्रश्नावलीको यस भागमा सन्दर्भ अवधिमा कृषक परिवारले विभिन्न तरकारी उत्पादनका क्रममा प्राप्त हुने सहायक उत्पादनहरू (तरकारीको बीउ/बेर्ना र घाँसपातको रूपमा प्रयोग हुने तरकारी बालीबाट निस्केका डाँठ-पात, आदि) को बिक्रीबाट हुने आम्दानीसम्बन्धी विवरण लिनको लागि ३ महल र ३ हरफहरू राखिएका छन्। यस्ता आम्दानीहरूको विवरण लिँदा सम्पूर्ण तरकारी बालीहरूको एकमुष्ट रुपमा लिनु आवश्यक हुन्छ। प्रत्येक महलअनुसार विवरण भर्ने तरिका निम्नअनुसार छ।

**क्रमसंख्या** (**महल** १)

यस महलमा दिइएका संख्या सिलसिलेवार क्रमसंख्या मात्र हुन् जसले प्रश्नावली भर्ने तथा डाटा इन्ट्री गर्ने कार्यमा मद्दत गर्दछ।

**आम्दानी विवरण** (**महल** २)

यस महलमा तरकारी खेतीबाट हुने अन्य आम्दानीका स्रोतहरू दिइएका छन्। क्रमसंख्या १ मा तरकारीको बीउ/बेर्ना बिक्रीबाट भएको आम्दानी, क्रमसंख्या २ मा तरकारीको बोटबाट निस्कने घाँसपात (जस्तैः काउलीको पात तथा डाँठ, आदि) बिक्रीबाट भएको आम्दानी र क्रमसंख्या ३ मा

माथि उल्लेख गरिएकोबाहेक अन्य कुनै आम्दानीको स्रोत भएमा त्यसलाई अन्य आम्दानीअन्तर्गत लेख्नुपर्दछ। यी आम्दानीका स्रोतअनुसार महल ३ मा आम्दानी रकम लेख्नुपर्दछ।

**आम्दानी (महल ३)**

यस महलमा महल २ मा दिइएको तरकारी खेतीबाट हुने अन्य आम्दानीका स्रोतअनुसार भएका आम्दानी रकम  सम्बन्धित कोठामा लेख्नुपर्दछ।

**४.३ पूँजीगत आम्दानी :**

प्रश्नावलीको यस भागमा सन्दर्भ अवधिमा कृषक परिवारले तरकारी खेतीका लागि खरिद गरिएका पूँजीगत वस्तु तथा सामग्री  बिक्रीबाट हुने आम्दानीसम्बन्धी विवरण लिनको लागि ३ वटा महल र ३ वटा हरफहरू राखिएका छन्। यहाँ यस्ता आम्दानीहरूको विवरण लिँदा सम्पूर्ण तरकारी बालीहरूको एक मुष्टरूपमा लिनु आवश्यक हुन्छ । प्रत्येक महलअनुसार विवरण भर्ने तरिका निम्नअनुसार छ ।

**क्रमसंख्या (महल १)**

यस महलमा दिइएका संख्या सिलसिलेवार क्रमसंख्या मात्र हुन् जसले प्रश्नावली भर्ने तथा डाटा इन्ट्री गर्ने कार्यमा मद्दत  गर्दछ।

**आम्दानी विवरण (महल २)**

यस महलमा पूँजीगत आम्दानीका स्रोतहरू दिइएका छन् । क्रमसंख्या १ मा सन्दर्भ समयमा तरकारी खेती गरेको जग्गाजमिन बिक्री भएको भए सो बिक्रीबाट भएको आम्दानी, क्रमसंख्या २ मा तरकारी खेतीका लागि खरिद गरिएका गोरु/राँगा, आदिको बिक्री भएको भए सोबाट भएको आम्दानी र क्रमसंख्या ३ मा माथि उल्लेख गरिएकोबाहेक तरकारी खेतीका लागि प्रयोग भएका अन्य कुनै पूँजीगत सामग्रीहरूको बिक्रीबाट भएको आम्दानीको स्रोत भएमा त्यसलाई अन्य आम्दानी अन्तर्गत लेख्नुपर्दछ।

**आम्दानी (महल ३)**

यस महलमा महल २ मा दिइएको आम्दानीका स्रोतअनुसार भएका आम्दानीहरू उत्तरदातालाई सोधी यकिन गर्नुपर्दछ र आम्दानीको स्रोतअनुसारको रकम सम्बन्धित कोठामा लेख्नुपर्दछ।

### ७.२.५ पाँचौं खण्ड – वित्तीय विवरण

यस खण्डमा तरकारी खेती गर्ने कृषकले तरकारी खेतीमा आवश्यक लगानी कसरी जुटाएका छन् भनी हेर्न खोजिएको छ । यसका लागि कृषकलाई तरकारी खेतीका लागि ऋण लिएको छ , छैन र ऋण लिएको भए कहाँबाट लिएको भनी सोधिएको छ। कृषकले आ-आफ्नो आवश्यकताअनुसार विभिन्न प्रयोजनका लागि ऋण लिएका हुन सक्छन् । अतः कृषकलाई सन्दर्भ अवधिमा ऋण लिएको भए कुन प्रयोजनका लागि लिएको हो सोधी एकीन गरी तरकारी खेतीका लागि लिएको ऋणको मात्र यहाँ विवरण लिनु पर्दछ ।

**प्रश्न ५.१ तरकारी खेतीको लागि ऋण लिनुभएको छ ?**

यस प्रश्नमा कृषकले सन्दर्भ समयमा तरकारी खेतीका लागि ऋण लिएको छ वा छैन सोध्नु पर्दछ । यदि ऋण लिएको छ भने कोड १ र ऋण लिएको छैन भने कोड २ मा गोलो घेरा लगाई छैटौं खण्डको प्रश्न ६.१ मा जानु पर्दछ ।

**प्रश्न ५.२ ऋण मुख्यतया कहाँबाट लिनुभएको हो ?**

यहाँ तरकारी खेती गर्ने कृषकले तरकारी खेतीको लागि सन्दर्भ समयमा ऋण कहाँबाट लिएको हो कृषकलाई सोधी एकीन गर्नुपर्दछ । ऋणको स्रोत एकीन भइसकेपछि सम्बन्धित कोडमा गोलो घेरा लगाउनु पर्दछ। जस्तैः कृषि विकास बैंकबाट ऋण लिएको भए कोड १ मा, सहकारी वा साझा संस्थाबाट लिएको भए कोड २ मा, अन्य वित्तीय संस्थाबाट लिएको भए कोड ३ मा, कृषक समूहबाट लिएको भए कोड ४ मा, महिला समूहबाट लिएको भए कोड ५ मा, आफन्त/इष्टमित्रबाट लिएको भए कोड ६ मा र अन्यबाट लिएको भए कोड ७ मा गोलो घेरा लगाउनु पर्दछ । अन्य वित्तीय संस्थाअन्तर्गत नेपाल बैंक लिमिटेड, राष्ट्रिय वाणिज्य बैंक, ग्रामीण विकास बैंक र अन्य बैंकहरू पर्दछन् ।

### ७.२.६ छैटौं खण्ड – विविध

यस खण्डमा तरकारी खेती गर्ने कृषक परिवारलाई उसको कृषि अभ्यासका बारेमा केही प्रश्नहरू गरिएको छ जसबाट तरकारी खेतीका लागि उन्नत बीउ-बिजनको उपलब्धता, कृषकको तरकारी खेतीसम्बन्धी प्राविधिक ज्ञान, विषादिको प्रयोग र त्यसको प्रकार, प्राविधिक सेवा र सहयोग, आर्थिक कारोवामा महिलाको पहुँच, आदिका बारेमा सामान्य जानकारी लिन खोजिएको छ ।

**प्रश्न ६.१: तपाईँको क्षेत्रमा आवश्यकताअनुसार तरकारीको उन्नत बीउ/बीजन उपलब्ध छ ?**

तरकारी खेती गर्ने कृषकले सन्दर्भ समयमा स्थानीय स्तरमा अर्थात् नजिकको बजारमा आफ्नो आवश्यकताअनुसार समयमै तरकारीको उन्नत बीउ/बीजन खरिद गर्न पाएको छ भने कोड १ मा र छैन भने कोड २ मा गोलो घेरा लगाउनु पर्दछ ।

**प्रश्न ६.२ तपाईँले तरकारी खेतीमा रोग/कीराको लागि विषादि प्रयोग गर्नुभयो ?**

तरकारी खेती गर्ने कृषकले सन्दर्भ समयमा तरकारी खेतीमा लाग्ने रोग/कीराको लागि कीटनाशक विषादि प्रयोग गरे नगरेको सोधी यदि प्रयोग गरेको भए कोड १ मा गोलो घेरा लगाउने र प्रयोग नगरेको भए कोड २ मा गोलो घेरा लगाई प्रश्न ६.४ मा फड्को मारी जानुपर्दछ ।

**प्रश्न ६.३ तरकारी खेतीमा रोग/कीराको लागि कस्तो विषादि प्रयोग गर्नुभयो ?**

तरकारी खेती गर्ने कृषकले सन्दर्भ समयमा तरकारी खेतीमा लाग्न सक्ने रोग/कीराको नियन्त्रणका लागि प्राङ्गारिक/घरायसी वा रसायनिक कस्तो प्रकारको कीटनाशक विषादि प्रयोग गरेको छ सोधी एकीन गर्नुपर्दछ ।

यदि तरकारी खेतीमा रोग/कीराको लागि प्राङ्गारिक/घरायसी विषादि प्रयोग गरेको भए कोड १ मा र रसायनिक विषादि प्रयोग गरेको भए कोड २ मा गोलो घेरा लगाउनु पर्दछ ।

**प्रश्न ६.४ तपाईँले तरकारी खेतीको लागि प्राविधिक सहयोग कहाँबाट लिने गर्नुभएको छ ?**

यहाँ तरकारी खेती गर्ने कृषकले सन्दर्भ समयमा तरकारी खेतीको लागि प्राविधिक सहयोग लिएको छ कि छैन सोधी एकीन गर्नुपर्दछ । यदि सरकारी प्राविधिज्ञ (JT/JTA) सँग सहयोग लिएको भए कोड १ मा, गैरसरकारी कृषि प्राविधिज्ञबाट सहयोग लिएको भए कोड २ मा, अन्य प्राविधिज्ञबाट सहयोग वा सरसल्लाह लिएको भए कोड ३ मा र प्राविधिज्ञबाट सहयोग वा सरसल्लाह नै नलिएको भए कोड ४ मा गोलो घेरा लगाउनु पर्दछ । यदि कोड ३ वा ४ मा गोलो घेरा लागेमा फड्को मारी प्रश्न ६.६ मा जानुपर्दछ ।

**प्रश्न ६.५ तरकारी खेतीसम्बन्धी कृषि प्राविधिज्ञबाट कस्तो सहयोग पाउनु भएको छ ?**

यहाँ तरकारी खेती गर्ने कृषकले सन्दर्भ समयमा तरकारी खेतीको लागि कृषि प्राविधिज्ञबाट पाएको सरसल्लाह वा सहयोगसम्बन्धी कृषकको धारणा कस्तो रहेछ भनी जान्न खोजिएको छ । यदि कृषकले कृषि प्राविधिज्ञबाट पाएको सरसल्लाह वा सहयोग धेरै राम्रो छ भनी उत्तर दिएमा कोड १

मा, राम्रो छ भनी उत्तर दिएमा कोड २ मा, ठीकै छ भनी उत्तर दिएमा कोड ३ मा र सहयोग नपाएको भनी उत्तर दिएमा कोड ४ मा गोलो घेरा लगाउनु पर्दछ ।

*प्रश्न ६.६, ६.७, ६.८, ६.९ र ६.१० प्रश्नावलीको पहिलो खण्ड-परिचयात्मक विवरणको प्रश्न १६ मा तरकारी खेतीको मुख्य प्रयोजन व्यवसायिक/बिक्री बताउने तरकारी खेती गर्ने कृषकपरिवारलाई मात्र सोध्ने ।*

**प्रश्न ६.६ तपाईँले उत्पादन गरेको तरकारी बिक्रीका लागि बजार सुविधा कस्तो छ ?**

व्यवसायिक/बिक्री प्रयोजनले तरकारी खेती गर्ने कृषकलाई आफ्नो उत्पादन बिक्रीका लागि बजार सुविधाको आवश्यकता पर्दछ । तसर्थ यसरी व्यवसायिक रुपमा तरकारी खेती गर्ने कृषकलाई आफूले उत्पादन गरेको तरकारी बिक्रीको लागि बजारको सुविधा कस्तो छ भनी कृषकको धारणा यस प्रश्नबाट बुझ्न खोजिएको छ । यदि कृषकको धारणा राम्रो छ भन्ने आएमा कोड १ मा, ठीकै छ भन्ने आएमा कोड २ मा र बजारको अभाव छ भन्ने उत्तर आएमा कोड ३ मा गोलो घेरा लगाउनु पर्दछ ।

**प्रश्न ६.७ तपाईँले उत्पादन गर्नुभएको तरकारी कहाँ बिक्री गर्नुहुन्छ ?**

व्यवसायिकरूपमा तरकारी खेती गर्ने कृषकले आफूले उत्पादन गरेको तरकारी आफ्नै घरबारी, स्थानीय बजार, स्थानीय संकलन केन्द्र र थोक बजार जहाँकहीँ पनि बिक्री गर्न सक्दछन् । अतः कृषकलाई आफ्नो उत्पादन कहाँ-कहाँ बिक्री गर्दछन् सोधी एकीन गनुपर्दछ र एकीन गरिसकेपछि सम्बन्धित कोडहरूमा गोलो घेरा लगाउनु पर्दछ ।

कृषकले उत्पादित तरकारी आफ्नै घरबाट वा तरकारी लगाइएको खेतबारी (कित्ता) बाट बिक्री गर्दछन् भने आफ्नै घरबारी अर्थात् कोड १ मा गोलो घेरा लागाई फड्को मारी प्रश्न ६.९ मा जानु पर्दछ । कृषक आफैले नजिकको बजारमा लगी घरपरिवारहरूलाई तथा तरकारी पसलहरूलाई बिक्री गरेमा स्थानीय बजारअन्तर्गत कोड २ मा, शहर बजारमा रहेको थोक तरकारी बजारमा ल्याउने उद्देश्यले ठेकेदारहरूले खोलेको स्थानीय संकलन केन्द्रमा बिक्री गरेमा कोड ३ मा र कृषक आफैले थोक बजारमा लगी बिक्री गरेमा कोड ४ मा गोलो घेरा लगाउनु पर्दछ ।

**प्रश्न ६.८ तपाईँले उत्पादन गरेको तरकारी बिक्री गर्ने स्थान घरदेखि कति टाढा छ ?**

कृषकले उत्पादन गरेको तरकारी आफ्नै घरबारीबाट बिक्री नगरी स्थानीय बजार, स्थानीय संकलन केन्द्र वा थोक बजारमा लगी बिक्री गर्ने गरेको भएमा उक्त स्थान कृषक परिवारको घरदेखि कति टाढा छ र मुख्यतया उक्त स्थानमा जान/आउन कृषकले कुन यातायातको साधन प्रयोग गर्दछ भन्ने कुराको निर्क्योल यस प्रश्नले गर्दछ । सर्वप्रथम बिक्री केन्द्रसम्म जान/आउन कृषकले कुन यातायातको साधन प्रयोग गर्दछ सोधी उपयुक्त कोड दिइएको कोठामा लेख्नुपर्दछ (यातायातका किसिमको कोड प्रश्नावलीको सम्बन्धित पृष्ठको बीचतिर दाहिने कुनामा दिइएको छ) । त्यसपछि उक्त साधन प्रयोग गर्दा एकतर्फी लाग्ने समय घण्टा र मिनेटमा दिइएको कोठाहरूमा लेख्नुपर्दछ ।

**प्रश्न ६.९ तपाईँले उत्पादन गरेको तरकारी बिक्रीमा परिवारबाट प्रायः को संलग्न हुन्छ ?**

व्यवसायिक रूपमा तरकारी खेती गर्ने कृषकले आफूले उत्पादन गरेको तरकारी बिक्री गर्नको लागि मुख्य गरी परिवारको पुरुष सदस्य वा स्त्री सदस्य को संलग्न हुन्छ कृषकलाई सोधी एकीन गर्नुपर्दछ । एकीन गरिसकेपछि पुरुष भए कोड १ मा र स्त्री भए कोड २ मा गोलो घेरा लगाउनु पर्दछ ।

**प्रश्न ६.१० तरकारी खेतीको आम्दानीले तपाईँको परिवारको कति महिनाको खर्च टार्न पुग्छ ?**

व्यवसायिक रूपमा तरकारी खेती गर्ने कृषकहरूको आम्दानी प्रायः तरकारी खेतीबाटै हुने गर्दछ । यसरी तरकारी खेतीबाट हुने आम्दानीले परिवारको कति महिनाको खर्च (खान र लाउन, आदि) चल्छ कृषकलाई सोधी एकीन गर्नु पर्दछ र दिइएको कोठामा महिनाको संख्या लेख्नुपर्दछ । उदाहरणको लागि यदि कृषकले वर्षभरि पुग्छ भनेमा दिइएको कोठामा १२ लेख्नुपर्दछ र यदि कृषकले ४ महिना मात्र पुग्छ भनेमा दिइएको कोठामा ४ लेख्नुपर्दछ ।

*प्रश्न ६.११ प्रश्नावलीको पहिलो खण्ड-परिचयात्मक विवरणको प्रश्न १६ मा तरकारी खेतीको मुख्य प्रयोजन घरयासी उपभोग बताउने तरकारी खेती गर्ने कृषक परिवारलाई मात्र सोध्ने ।*

**प्रश्न ६.११ तपाईँले उत्पादन गरेको तरकारी घरको उपभोगका लागि पर्याप्त छ ?**

तरकारी खेतीको अलवा अन्य खाद्यान्न तथा फलफूल बाली लगाउने तथा पशुपालन गर्ने कृषक परिवारहरूले घरयासी उपभोगका लागि पनि केही न केही मात्रामा तरकारी खेती गरेका हुन्छन् । कृषकले तरकारी खेती मुख्य गरी घरयासी उपभोगका लागि गरेको भनेमा उसले गरेको तरकारीको उत्पादनले उसको परिवारलाई वर्षभरिका लागि पर्याप्त हुन्छ कि हुँदैन सोधी एकीन गर्नु पर्दछ । यदि उत्पादित तरकारी वर्षभरि आफू र आफ्ना परिवारलाई पर्याप्त छ भनेमा कोड १ मा र छैन भनेमा कोड २ मा गोलो घेरा लगाउनु पर्दछ ।

## अनुसूची १
## जिल्लाअनुसार बिजनको रोपनीमा हुने परिवर्तन दर

| जिल्ला | | एक माना धानको बिजन बराबर | एक माना मकैको बिजन बराबर |
|---|---|---|---|
| 1 | ताप्लेजुङ | 0.0820 | 0.3430 |
| 2 | पाँचथर | 0.0820 | 0.3430 |
| 3 | इलाम | 0.0890 | 0.3900 |
| 4 | झापा | 0.0890 | 0.3900 |
| 5 | मोरङ | 0.0570 | 0.3900 |
| 6 | सुनसरी | 0.0570 | 0.3900 |
| 7 | तेह्रथुम | 0.0570 | 0.3850 |
| 8 | धनकुटा | 0.0810 | 0.3200 |
| 9 | संखुवासभा | 0.0810 | 0.3200 |
| 10 | भोजपुर | 0.0620 | 0.3900 |
| 11 | सोलुखुम्बु | 0.0625 | 0.5695 |
| 12 | ओखलढुङ्गा | 0.0625 | 0.3280 |
| 13 | खोटाङ | 0.0620 | 0.3900 |
| 14 | उदयपुर | 0.0630 | 0.3850 |
| 15 | सप्तरी | 0.0630 | 0.3850 |
| 16 | सिराहा | 0.0630 | 0.3850 |
| 17 | धनुषा | 0.0610 | 0.3630 |
| 18 | महोत्तरी | 0.0610 | 0.3630 |
| 19 | सर्लाही | 0.0610 | 0.3630 |
| 20 | सिन्धुली | 0.0610 | 0.3630 |
| 21 | रामेछाप | 0.0470 | 0.3440 |
| 22 | दोलखा | 0.0625 | 0.5695 |
| 23 | सिन्धुपाल्चोक | 0.0547 | 0.3281 |
| 24 | काभ्रेपलाञ्चोक | 0.0700 | 0.3600 |
| 25 | ललितपुर | 0.0800 | 0.3300 |
| 26 | भक्तपुर | 0.0700 | 0.3600 |
| 27 | काठमाडौं | 0.0780 | 0.3050 |
| 28 | नुवाकोट | 0.0780 | 0.3050 |
| 29 | रसुवा | 0.0625 | 0.2810 |
| 30 | धादिङ | 0.0625 | 0.2810 |
| 31 | मकवानपुर | 0.0800 | 0.3300 |
| 32 | रौतहट | 0.0800 | 0.3300 |
| 33 | बारा | 0.0800 | 0.3300 |
| 34 | पर्सा | 0.0800 | 0.3300 |
| 35 | चितवन | 0.0800 | 0.3300 |
| 36 | गोरखा | 0.0900 | 0.3450 |
| 37 | लमजुङ | 0.0900 | 0.2770 |
| 38 | तनहुँ | 0.1070 | 0.2320 |

| जिल्ला | | एक माना धानको बिजन बराबर | एक माना मकैको बिजन बराबर |
|---|---|---|---|
| 39 | स्याङजा | 0.0900 | 0.2700 |
| 40 | कास्की | 0.1070 | 0.1880 |
| 41 | मनाङ | 0.0900 | 0.2770 |
| 42 | मुस्ताङ | 0.0750 | 0.2950 |
| 43 | म्याग्दी | 0.0750 | 0.2950 |
| 44 | पर्वत | 0.0900 | 0.2700 |
| 45 | बागलुङ | 0.0750 | 0.2950 |
| 46 | गुल्मी | 0.0780 | 0.3480 |
| 47 | पाल्पा | 0.0770 | 0.3210 |
| 48 | नवलपरासी | 0.0770 | 0.3210 |
| 49 | रुपन्देही | 0.0770 | 0.3210 |
| 50 | कपिलवस्तु | 0.0780 | 0.0780 |
| 51 | अर्घाखाँची | 0.0780 | 0.3480 |
| 52 | प्युठान | 0.0690 | 0.3440 |
| 53 | रोल्पा | 0.0770 | 0.2700 |
| 54 | रुकुम | 0.0770 | 0.2700 |
| 55 | सल्यान | 0.0770 | 0.2700 |
| 56 | दाङ | 0.1070 | 0.2320 |
| 57 | बाँके | 0.1070 | 0.2320 |
| 58 | बर्दिया | 0.1070 | 0.2320 |
| 59 | सुर्खेत | 0.1070 | 0.2320 |
| 60 | दैलेख | 0.1070 | 0.2320 |
| 61 | जाजरकोट | 0.0770 | 0.2700 |
| 62 | डोल्पा | 0.0600 | 0.2500 |
| 63 | जुम्ला | 0.0600 | 0.2500 |
| 64 | कालीकोट | 0.0600 | 0.2500 |
| 65 | मुगु | 0.0600 | 0.2500 |
| 66 | हुम्ला | 0.0600 | 0.2500 |
| 67 | बाजुरा | 0.0600 | 0.2500 |
| 68 | बझाङ | 0.0600 | 0.2500 |
| 69 | अछाम | 0.0600 | 0.2500 |
| 70 | डोटी | 0.0600 | 0.2500 |
| 71 | कैलाली | 0.0600 | 0.2500 |
| 72 | कञ्चनपुर | 0.0810 | 0.2600 |
| 73 | डँडेलधुरा | 0.0810 | 0.2600 |
| 74 | बैतडी | 0.0600 | 0.2300 |
| 75 | दार्चुला | 0.0600 | 0.2300 |

# अनुसूची २
## दैवी संख्या तालिका

| | A | B | C | D | E | F | G | H | I | J | K | L | M | N | O | P | Q | R | S | T | U | V | W | X | Y | Z |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | 8 | 6 | 9 | 4 | 7 | 3 | 5 | 9 | 4 | 5 | 7 | 5 | 2 | 4 | 9 | 5 | 7 | 8 | 6 | 4 | 7 | 2 | 7 | 7 | 1 | 6 |
| 2 | 9 | 1 | 4 | 4 | 6 | 0 | 2 | 6 | 6 | 7 | 7 | 5 | 4 | 4 | 0 | 9 | 5 | 6 | 1 | 6 | 4 | 7 | 7 | 0 | 8 | 2 |
| 3 | 2 | 4 | 5 | 5 | 5 | 1 | 9 | 0 | 9 | 0 | 9 | 8 | 3 | 6 | 6 | 8 | 6 | 4 | 8 | 6 | 3 | 0 | 1 | 5 | 0 | 9 |
| 4 | 8 | 6 | 6 | 3 | 3 | 1 | 9 | 4 | 3 | 5 | 3 | 5 | 4 | 3 | 0 | 9 | 8 | 1 | 8 | 5 | 8 | 7 | 4 | 6 | 4 | 6 |
| 5 | 3 | 6 | 3 | 6 | 2 | 7 | 9 | 4 | 9 | 2 | 2 | 1 | 2 | 1 | 0 | 3 | 6 | 4 | 6 | 5 | 0 | 3 | 7 | 4 | 6 | 3 |
| 6 | 3 | 8 | 0 | 0 | 0 | 0 | 2 | 0 | 0 | 3 | 9 | 6 | 4 | 5 | 0 | 1 | 6 | 8 | 9 | 6 | 7 | 8 | 0 | 9 | 3 | 8 |
| 7 | 7 | 5 | 9 | 8 | 2 | 1 | 5 | 0 | 6 | 2 | 9 | 7 | 8 | 7 | 3 | 5 | 8 | 7 | 7 | 5 | 7 | 8 | 0 | 8 | 4 | 3 |
| 8 | 1 | 0 | 6 | 3 | 5 | 2 | 5 | 2 | 2 | 5 | 3 | 8 | 8 | 3 | 2 | 0 | 0 | 3 | 1 | 9 | 4 | 0 | 3 | 3 | 8 | 0 |
| 9 | 2 | 8 | 4 | 0 | 3 | 8 | 1 | 7 | 9 | 2 | 8 | 3 | 0 | 0 | 1 | 5 | 5 | 4 | 2 | 3 | 1 | 7 | 4 | 2 | 4 | 5 |
| 10 | 8 | 0 | 9 | 0 | 3 | 1 | 1 | 8 | 7 | 5 | 2 | 2 | 8 | 3 | 2 | 2 | 6 | 2 | 7 | 8 | 5 | 5 | 4 | 7 | 3 | 0 |
| 11 | 6 | 0 | 2 | 8 | 7 | 7 | 9 | 0 | 1 | 6 | 3 | 7 | 5 | 9 | 4 | 7 | 6 | 5 | 3 | 9 | 8 | 4 | 5 | 9 | 1 | 6 |
| 12 | 3 | 0 | 8 | 9 | 2 | 1 | 9 | 0 | 5 | 7 | 5 | 3 | 8 | 0 | 3 | 5 | 3 | 2 | 5 | 9 | 4 | 2 | 6 | 2 | 8 | 4 |
| 13 | 6 | 2 | 3 | 6 | 4 | 7 | 1 | 6 | 2 | 2 | 1 | 4 | 9 | 8 | 3 | 5 | 9 | 8 | 9 | 5 | 1 | 2 | 2 | 9 | 9 | 7 |
| 14 | 2 | 2 | 6 | 0 | 1 | 4 | 1 | 2 | 6 | 6 | 1 | 8 | 6 | 5 | 0 | 2 | 3 | 9 | 3 | 4 | 2 | 2 | 3 | 5 | 8 | 3 |
| 15 | 8 | 0 | 1 | 4 | 3 | 2 | 0 | 9 | 1 | 0 | 7 | 0 | 8 | 2 | 2 | 7 | 2 | 9 | 3 | 9 | 0 | 1 | 5 | 7 | 9 | 4 |
| 16 | 9 | 4 | 1 | 5 | 8 | 4 | 8 | 8 | 2 | 8 | 2 | 5 | 5 | 8 | 8 | 8 | 0 | 2 | 3 | 5 | 3 | 0 | 4 | 0 | 7 | 2 |
| 17 | 8 | 4 | 2 | 9 | 4 | 1 | 5 | 9 | 6 | 8 | 1 | 6 | 6 | 1 | 8 | 9 | 7 | 8 | 4 | 2 | 6 | 4 | 0 | 1 | 6 | 1 |
| 18 | 4 | 0 | 6 | 1 | 8 | 4 | 8 | 0 | 0 | 4 | 5 | 4 | 9 | 4 | 0 | 6 | 6 | 5 | 0 | 4 | 4 | 2 | 7 | 9 | 6 | 9 |
| 19 | 6 | 9 | 6 | 2 | 1 | 8 | 3 | 2 | 7 | 7 | 5 | 7 | 6 | 8 | 5 | 5 | 7 | 1 | 7 | 6 | 9 | 1 | 6 | 9 | 5 | 0 |
| 20 | 5 | 0 | 6 | 5 | 2 | 6 | 9 | 5 | 3 | 9 | 4 | 1 | 7 | 0 | 9 | 4 | 1 | 8 | 6 | 6 | 4 | 8 | 3 | 6 | 3 | 0 |
| 21 | 1 | 3 | 9 | 4 | 2 | 1 | 3 | 8 | 9 | 5 | 2 | 6 | 4 | 1 | 5 | 4 | 6 | 8 | 8 | 2 | 3 | 8 | 5 | 6 | 5 | 4 |
| 22 | 7 | 0 | 4 | 4 | 8 | 2 | 9 | 3 | 5 | 2 | 1 | 5 | 0 | 6 | 7 | 0 | 1 | 7 | 4 | 5 | 7 | 0 | 2 | 3 | 0 | 3 |
| 23 | 0 | 1 | 3 | 9 | 9 | 3 | 3 | 9 | 8 | 5 | 0 | 8 | 8 | 8 | 2 | 9 | 2 | 4 | 2 | 1 | 4 | 8 | 3 | 6 | 7 | 1 |
| 24 | 9 | 3 | 8 | 6 | 5 | 2 | 1 | 4 | 5 | 0 | 7 | 0 | 3 | 7 | 9 | 8 | 1 | 2 | 4 | 3 | 3 | 7 | 5 | 0 | 1 | 1 |
| 25 | 3 | 9 | 1 | 9 | 5 | 1 | 3 | 3 | 6 | 4 | 6 | 0 | 1 | 6 | 2 | 1 | 3 | 7 | 5 | 6 | 9 | 8 | 3 | 6 | 8 | 9 |
| 26 | 2 | 6 | 7 | 6 | 5 | 3 | 2 | 3 | 5 | 4 | 9 | 3 | 7 | 0 | 1 | 8 | 5 | 2 | 0 | 1 | 2 | 0 | 4 | 3 | 8 | 5 |
| 27 | 0 | 7 | 2 | 5 | 5 | 0 | 0 | 3 | 5 | 5 | 9 | 2 | 4 | 6 | 7 | 3 | 3 | 6 | 3 | 1 | 6 | 8 | 5 | 8 | 3 | 0 |
| 28 | 1 | 4 | 3 | 0 | 5 | 2 | 4 | 4 | 4 | 6 | 6 | 0 | 0 | 4 | 2 | 4 | 8 | 2 | 0 | 9 | 5 | 8 | 3 | 8 | 7 | 9 |
| 29 | 3 | 0 | 9 | 6 | 6 | 2 | 9 | 4 | 6 | 2 | 9 | 3 | 8 | 8 | 5 | 4 | 3 | 7 | 7 | 8 | 2 | 5 | 4 | 2 | 5 | 3 |
| 30 | 2 | 7 | 8 | 1 | 0 | 5 | 6 | 2 | 6 | 7 | 1 | 4 | 3 | 2 | 1 | 9 | 3 | 6 | 6 | 8 | 4 | 2 | 6 | 0 | 7 | 3 |
| 31 | 8 | 8 | 3 | 3 | 8 | 1 | 4 | 7 | 3 | 8 | 2 | 4 | 2 | 5 | 8 | 5 | 6 | 4 | 1 | 9 | 8 | 6 | 9 | 9 | 4 | 2 |
| 32 | 2 | 5 | 8 | 7 | 0 | 4 | 0 | 0 | 8 | 2 | 2 | 7 | 5 | 2 | 5 | 9 | 3 | 0 | 3 | 4 | 3 | 8 | 3 | 8 | 1 | 8 |
| 33 | 5 | 9 | 4 | 2 | 8 | 9 | 3 | 5 | 5 | 5 | 5 | 4 | 4 | 9 | 9 | 9 | 0 | 3 | 4 | 0 | 1 | 0 | 0 | 0 | 9 | 3 |
| 34 | 4 | 9 | 4 | 2 | 5 | 2 | 4 | 5 | 8 | 2 | 6 | 3 | 7 | 0 | 5 | 0 | 3 | 8 | 5 | 2 | 2 | 3 | 3 | 6 | 2 | 4 |
| 35 | 6 | 2 | 8 | 1 | 8 | 8 | 8 | 3 | 1 | 8 | 7 | 1 | 1 | 2 | 3 | 2 | 1 | 0 | 9 | 1 | 5 | 5 | 4 | 9 | 1 | 5 |
| 36 | 8 | 3 | 7 | 3 | 3 | 4 | 3 | 4 | 2 | 6 | 7 | 0 | 6 | 6 | 5 | 2 | 9 | 1 | 1 | 5 | 4 | 6 | 0 | 6 | 7 | 5 |
| 37 | 6 | 9 | 2 | 5 | 3 | 6 | 2 | 2 | 0 | 0 | 9 | 3 | 5 | 9 | 1 | 5 | 1 | 2 | 7 | 5 | 6 | 9 | 9 | 3 | 5 | 7 |
| 38 | 3 | 5 | 0 | 0 | 4 | 9 | 4 | 3 | 7 | 8 | 9 | 1 | 8 | 2 | 8 | 8 | 2 | 3 | 4 | 1 | 7 | 4 | 2 | 5 | 7 | 4 |
| 39 | 2 | 8 | 8 | 2 | 5 | 7 | 9 | 8 | 6 | 3 | 9 | 0 | 9 | 3 | 8 | 3 | 5 | 0 | 2 | 0 | 4 | 3 | 5 | 7 | 5 | 6 |
| 40 | 8 | 4 | 3 | 2 | 5 | 4 | 0 | 6 | 2 | 8 | 1 | 6 | 9 | 1 | 6 | 9 | 0 | 3 | 9 | 6 | 2 | 2 | 9 | 4 | 0 | 3 |
| 41 | 0 | 0 | 1 | 7 | 6 | 9 | 5 | 8 | 1 | 0 | 4 | 2 | 4 | 0 | 1 | 3 | 0 | 8 | 4 | 6 | 0 | 6 | 5 | 4 | 2 | 2 |
| 42 | 4 | 1 | 0 | 6 | 8 | 6 | 2 | 0 | 1 | 3 | 6 | 0 | 5 | 5 | 7 | 6 | 1 | 5 | 8 | 4 | 5 | 4 | 5 | 1 | 6 | 9 |
| 43 | 6 | 1 | 8 | 1 | 3 | 6 | 3 | 7 | 7 | 7 | 5 | 0 | 3 | 7 | 3 | 2 | 9 | 7 | 1 | 9 | 1 | 6 | 0 | 8 | 5 | 3 |
| 44 | 5 | 7 | 9 | 5 | 1 | 2 | 6 | 5 | 9 | 9 | 1 | 1 | 1 | 1 | 7 | 3 | 2 | 9 | 0 | 5 | 6 | 3 | 7 | 2 | 6 | 3 |
| 45 | 6 | 1 | 4 | 1 | 5 | 1 | 5 | 1 | 9 | 0 | 8 | 7 | 6 | 3 | 6 | 9 | 8 | 4 | 7 | 3 | 0 | 2 | 4 | 9 | 6 | 0 |
| 46 | 8 | 9 | 8 | 8 | 5 | 4 | 2 | 0 | 4 | 7 | 6 | 3 | 7 | 9 | 6 | 5 | 6 | 1 | 7 | 8 | 4 | 3 | 2 | 4 | 2 | 4 |
| 47 | 9 | 3 | 2 | 4 | 5 | 3 | 8 | 8 | 9 | 5 | 2 | 5 | 2 | 7 | 1 | 8 | 4 | 5 | 6 | 0 | 7 | 0 | 4 | 7 | 9 | 1 |
| 48 | 0 | 3 | 8 | 8 | 9 | 0 | 8 | 1 | 8 | 6 | 8 | 3 | 2 | 1 | 1 | 0 | 1 | 4 | 0 | 1 | 9 | 3 | 4 | 8 | 7 | 4 |
| 49 | 6 | 5 | 2 | 5 | 3 | 8 | 4 | 0 | 7 | 0 | 7 | 5 | 8 | 2 | 8 | 6 | 0 | 8 | 8 | 2 | 3 | 1 | 1 | 3 | 0 | 3 |
| 50 | 9 | 5 | 4 | 7 | 6 | 6 | 9 | 4 | 8 | 6 | 6 | 0 | 9 | 0 | 9 | 4 | 6 | 9 | 5 | 6 | 3 | 6 | 7 | 1 | 4 | 1 |